सूचना र मनोरञ्जनको सँगालो
# साप्ताहिक
saptahik.ekantipur.com
कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.
● वर्ष २४ ● अंक २४ ● FRIDAY, 02 NOVEMBAR 2018 ● काठमाडौं शुक्र... रु. १५/-



तस्बिर : एजेन्सी




# घुम्ती जुवाघर करोडौंको खाल

पृष्ठ २८ मा

मध्य पृष्ठमा
**स्वस्तिका**

HONEY & ALMONDS
PÓSHAN-WALA LOTION



JOY
beautiful by nature

आफ्नो सुन्दरतालाई
**समझदारीपूर्वक**
निखार्नुहोस्

पहिलेभन्दा दुईगुणा बढी पोषण भएको जोय हनी एण्ड आल्मण्ड्स एडभान्स नरिसिङ बडि लोसन प्रयोग गर्नुहोस्, यसमा रहेको मह र बदामले त्वचाको भित्रसम्म पुगेर पोषण दिई मोइस्चर प्रदान गर्छ। समझदार बनेर आफ्नो त्वचालाई प्राकृतिक पोषण मात्र हैन स्वस्थपूर्ण निखार पनि दिनुहोस्।




www.joypersonalcare.com | joybeautifulbynature



# मंगलमय शुभकामना

महान् पर्व दीपावली, नेपाल संवत् ११३९ तथा छठका अवसरमा हामी सम्पूर्ण पाठक, वितरक, विज्ञापनदाता तथा शुभेच्छुकहरूप्रति देवी लक्ष्मीको कृपा सदैव कायम रहोस् भन्ने मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**साप्ताहिक**
कान्तिपुर मिडिया ग्रुप


**तिहारको बिदाका कारण साप्ताहिकको अर्को अंक कात्तिक ३० गते प्रकाशित हुनेछ ।**

## फोटो अफ दि विक



■ **बन्धन** : दसैंलगत्तै इन्गेज्मेन्ट गरेपछि निर्देशक दीवाकर भट्टराई तथा अभिनेत्री दीपिका प्रसाईं । उनीहरूले आगामी मंसिरमा विवाह गर्ने जानकारी दिएका छन् ।



■ **छोरासँग अभिनेत्री** : अभिनेत्री निशा अधिकारी अमेरिकामा आफ्ना छोरासँग ट्रेकिङ मुडमा ।



■ **शीतलको जोडी** : गायिका शीतल मोक्तान वैवाहिक जीवनमा बाँधिने भएकी छिन् । यसै साता उनले मञ्जिल विक्रम केसीसंग इन्गेज्मेन्ट गरेकी छिन् ।



■ **पोखरामा दुई गायक** : सांगीतिक कार्यक्रमका क्रममा पोखरा पुगेका गायक स्वप्न सुमन तथा ऱ्यापर समीर घिसिङ भिटेन । पोखरामा पानी परेका कारण उनीहरूले सहभागिता जनाउने भनिएको सांगीतिक कार्यक्रम रद्द गरिएको थियो ।

हामी जस्ता प्राइभेट जागिरेलाई दसैं-तिहार नआएकै जाती ।

**सुमिता थापा**

जो जसले देश लुटे, आफन्त लुटे अनि गरिव र निमुखा लुटे, तिनीहरूलाई कुकुर तिहार पारेर सम्मान गरौं ।

**बिनी चाम्स**

तिहार आउँदैछ केटा हो, आफ्नो निधारको सुरक्षा आफैं गर । फेरि मन परेकी केटीले भाइटीका लगाइदिई भने सक्किगो नि ।

**टिआरए**

हिजो दसैं समापन भन्दै हल्ला गरेथे, आज फेरी तिहार लाग्यो भन्दै स्पिकरमा भैली गीत लगाएर नाचिरा'छन् पल्लो घरमा । निउँ पनि के-के हुने हो जाँड खाने ?

**कपिल शर्मा**

नाघेर रहरका चुलीहरू, हिँडिरहेछ एउटा सुन्दर अतीत, बोकेर आँखामा कान्लाभरि फुलेको तिहार ।

**हेम भण्डारी**

माया पिरिम लगाम भनेको, तिहार आएर टेन्सन भो ।

**सुष्मा थपलिया**

बारीभरि सयपत्री र मखमली फुल्दा तिहार आएको महसुस हुने ।

**सुन्दर खड्का**

के भन्छ, दिदी-बहिनीहरूलाई बहुत तनाव छ यतिबेला । दसैंको पैसा गनेर खर्च गरि नसक्दै तिहार आँगनमा आइसक्यो रे ।

**सुजन नेवा**

दसैं सकियो, फेरी तिहार सुरु भयो, त्यो पनि छिट्टै सकिन्छ । समय यसरी नै बितिरहेको छ अनि जिन्दगी पनि यसैगरी ।

**हिमाल**

बरै, हाम्रो देशका नेताज्युहरूलाई सधैं चियापान कार्यक्रम, तीज, दसैं, तिहार अनि छठ पर्वको शुभकामना कार्यक्रम गर्दैमा भ्याइ-नभ्याइ छ, देशका बारेमा सोच्ने त फुर्सद पनि हुनु पऱ्यो नि ।

**ज्यान काजी**

कसैको याद साँच्चि नै दसैं, तिहार अनि छठसरि भैरहोस्, वर्षमा एकपटक भए पनि ती यादले पुरापुर आनन्द त दिन्छन् ।

**सामना खरेल**

मलाई मात्र होला है तिहार आको मन नपर्ने कि अरु पनि कोही छन् होला यो संसारमा ?

**रानी**

हामी अहिलेसम्म एक चोटि नि लभ नपरेकाहरू मिलेर यो तिहारमा देउसी-भैलो खेल्न जाऊँ न ?

**विजय सिम्खडा**

अस्ति दसैंमा मामा भनेर बोलाइ, तिहार नजिकिएर होला आज दाइ भनि । म त यो सोचिरा'छु कि मंसिरमा के भनेर बोलाउने होली ।

**प्रवेश निरौला**

उनी : तिम्रो बर्थडे कहिले रे । म : कागतिहारमा । उनी : धन्न, एक दिनले ढिला भएनछ ।

**सन्तोष घिमिरे**

हेर्दाहेर्दै दीपावली पनि आयो, तर दिलवाली भने अहिलेसम्म आइन यार ।

**बिनोद**

जुन सन्तुष्टि दीयो बाल्दा र निभ्छ कि भनि तेल थप्दै घरिघरि हेर्न जानुमा मिल्छ, त्यो सन्तुष्टि विद्युतीय झिलिमिलिले दिन नसक्ने रहेछ ।

**महेश पौडेल**

तिहार आयो रमाइलो छायो, सयपत्री र मखमलीले घर-आँगन ढकमक्क ढाकियो, झिलिमिलि घरमा बत्ति स्वर्ग झैं चम्किलो देखियो, दाजुभाइलाई टीका लाइदिने अवसर पाइयो ।

**रोजी खनाल**

यसपालिको देउसी-भैलो : निर्मला हत्यारा- था'छैन, पाइपबाट ग्याँस-आ'छैन, सिन्डिकेट खारेज-भा'छैन, पप्पु ठेकेदार जेल-गा'छैन । तिहार– सिस्नुपानी देउसी-भैला ।

**आत्रेय**

सहरमा पटका पड्किन थालेछ, तिहार आयो कि क्या हो ?

**सुदीप कैनी**

हिजोआजका हरेक बिहानी देउसी रेको सुमधुर धुन र मखमलीको आह्लादित सुगन्ध लिएर आएझैं लाग्छ ।

**सौगात**

हजारपत्री सयपत्री भन्दा ठूलो थुंगा हुने फूल हो, यसको प्रयोग लक्ष्मी पूजामा गरिन्छ ।

**ससिन बराल**

अन्तत: निधार बेचेर पैसो बटुल्ने दिन नि सक्कियो, अब फेरी मुख बेचेर पैसो बटुल्ने दिन तिहार आउन लाग्यो ।

**शर्वाय**

आफूलाई पटाका ठान्ने केटी हो, ख्याल गर, तिहार आउँदैछ ।

**प्रदीप घिमिरे**


उनलाई आई लभ यू भनेको त रिप्लाइमा देउसी रे पो भन्छे– तिहार लागेछ ।

**सन्तोष**


Himalaya™
SINCE 1930
Green Tea®
स्वस्थताको अनुभव,
हरेक चुस्कीमा
रोज्नुहोस्
Himalaya™
SINCE 1930
Green Tea®
Good health in a cup
The Himalaya Drug Company
Makali, Bengaluru 562 162, India
www.himalayawellness.com
E-mail: write.to.us@himalayawellness.com

यात्रा सन्दर्भ

# राजनका उन्मुक्त अनुभव



किशोर नेपाल

नेपाली रंगमञ्चको अवस्था निकै दारुण छ । प्रारम्भिक समयको कुरा गर्ने हो भने बालकृष्ण सम, गोपालप्रसाद रिमाल, विजय मल्ललगायतका सशक्त नाटककारहरूले आफ्नै प्रयत्नमा नाटक प्रदर्शनको चाँजोपाँजो मिलाउँथे । बालकृष्ण सम यस्ता कुरामा निकै अगाडि थिए । सुधारवादी राणाका रूपमा उनको पहिचान बनेको थियो । त्यसैले देशमा सामाजिक परिवर्तनका साथै सांस्कृतिक जागरण ल्याउन नाट्य विधाको प्रयोगमा उनी निकै सचेत थिए । नेपाली समाजमा रंगमञ्चको बीजारोपण राणा शासकहरूले नै गरेका थिए । महाराज-महारानीको मनोरञ्जनका लागि दरबारभित्र नाटक मण्डली र नौटंकी टोली बोलाएर जात्रा चलाउने चलन थियो उतिबेला । नाटकहरूको शोध एवं अनुसन्धानमा भने जगदीशशमशेर राणाको भूमिका निकै प्रभावकारी थियो ।

यही पृष्ठभूमिमा, बहुदलीय र निर्दलीय राजनीतिक व्यवस्थाकाबीच २०३६ को जनमत संग्रहपछि नेपाली रंगमञ्चले फड्को मार्‍यो । त्यतिबेलाका नाट्यकर्मीहरूले आफ्नो क्षमताअनुसार नाटकको विकासमा निकै योगदान गरे । सुनिल पोखरेल त्यही समयका चहेता नाट्यकर्मी थिए, जो नाट्य शास्त्रको विधिवत् अध्ययनका लागि भारतको राजधानीमा रहेको नेसनल स्कुल अफ ड्रामामा भर्ना भए । सुनिल आफ्नो अध्ययन सिध्याएर त्यहाँबाट फर्केर आउँदा देशको राजनीति दुरुह थियो । स्वतन्त्रताको आन्दोलनलाई



तस्बिर : नवराज बाग्ले

सघाउन अशेष मल्लले सडक नाटक प्रस्तुतिमा अग्रसरता देखाए । कलाकारहरू सडक नाटकतर्फ आकर्षित भए । सडक नाटक नेपाली नाटकको इतिहासमा एउटा ट्रेन्डका रूपमा स्थापित भयो । नेपालका सामान्य मानिसले पहिलो पटक नाटकको स्वाद पाए । यही समयमा देखिएका अनुप बराल नाटकमा नयाँ धारका जन्मदाता थिए । अशेष र सुनिल दुवैको भन्दा बेग्लै थियो अनुपको उपस्थिति । सिर्जनात्मक शैलीमा तीनै जना भिन्न थिए ।

संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र पुनर्स्थापनापछिको समयसम्ममा सुनिल पोखरेल नेतृत्वको आरोहण र अशेष मल्ल नेतृत्वको सर्वनाम दुई स्थापित नाट्य समूहका रूपमा देखा परे । सुनिलको आरोहणले गुरुकुलको स्थापना गरेपछि नेपाली नाटक एक प्रकारले नयाँ युगमा प्रवेश गर्‍यो । नाटकका गतिविधिहरू बाक्लिए । अभि सुवेदीजस्ता विद्वान् समालोचककहरूको रुचि बढ्यो नाटकमा । यही समयमा नेपाली रंगमञ्चले एकसाथ दर्जनौं कलाकारलाई प्रोत्साहित गर्‍यो । राजन खतिवडा तीमध्ये एक थिए । राजन भन्छन्, 'गुरुकुलको प्रोडक्टभन्दा गौरव महसुस हुन्छ । नेपाली रंगमञ्चका दुई निर्देशक सुनिल र अनुपको नाटकमा 'कन्टेन्ट' बलियो हुन्छ । त्यसैले त्यस्तो नाटकमा काम गर्न मन लाग्छ । कति नाटकले दर्शकको ब्ल्याकमेलिङ गर्छन्, इमोसनल ब्ल्याकमेलिङ । यो राम्रो प्रवृत्ति होइन ।'

राजनको विचारमा 'अहिलेका धेरैजसो उत्साही कलाकारले एकसरो जीवन मात्र देखेका छन् । उनीहरूले असामान्य अवस्थामा बाँचिरहेका मानिसका दुःख देखेका छैनन् । हामी कर्णालीकै कुरा गरौं । मुगुमा रहेको रारा तालको अवर्णनीय सौन्दर्यमा हामी रमाउँछौं । त्यहीं तलको गमगढीमा बोलिने भाषा हामी बुझ्दैनौं । सामान्य मानिसको जीवन कति कष्टकर छ, त्यसको यथार्थ अवस्थाको मापन गर्न सक्दैनौं । जन-जीवनको यथार्थ तस्बिर प्रस्तुत नगरेसम्म नाटकको सान्दर्भिकता स्थापित हुन सक्दैन भन्ने बुझनुपर्छ नाटकमा लागेका कलाकारहरूले ।'

गुरुकुलले मञ्चन गरेका दुईवटा प्रयोगात्मक नाटक 'कर्णाली दक्षिण बग्दो छ' र 'सुइना कर्णाली' उतिबेला निकै लोकप्रिय भएका थिए । कर्णाली दक्षिण बग्दो छ नाटकमा राज्यको उपेक्षाका कारण कामको खोजीमा दक्षिण लागेका नेपाली जनताको कथाव्यथा थियो भने सुइना कर्णालीले संघीयताका फाइदाहरूको परिकल्पना थियो । तर, तिनको लोकप्रियता प्रभावका हिसाबले यथेष्ट थिएन । राजन भन्छन्, 'पहिले त हामी निकै रमाएका थियौं नाटकको सफलतामा, तर पछि हामीले धेरै कुरा रियलाइज गर्‍यौं । सुनिल सरले पनि 'रियलाइज' गर्नुभयो : नाटकमा काम गर्नेले दूरगामी दृष्टिकोण राख्नैपर्छ । समाजमा नाटकको प्रभावकारिताका लागि स्कुलिङको आवश्यकता छ ।'

नेपाली रंगमञ्चको वर्तमान अवस्थाका बारेमा राजनको दृष्टिकोण अलि कडा खालको छ । उनको विचारमा अहिले जति पनि निर्देशक रंगमञ्चमा सक्रिय छन्, ती कसैको पनि आफ्नै शैली छैन । हामी सिनियर जुनियर जे-जति छौं सबै विरोधाभासपूर्ण प्रयोगमा लागेका छौं । हाम्रो पुस्तासँग समाउने हाँगो छैन । सबै परिचयको संकटमा छन् । नाट्य क्षेत्रको विकास नभएसम्म हामी संकटापन्न नै रहनेछौं । अहिलेको हाम्रो असुरक्षाका निश्चित आयाम छन् । नाटकका दर्शक छैनन् । हामीले दर्शकको निर्माण हुने हिसावले काम गर्न पाएका छैनौं । नाटक निर्माण गरेर 'ल हेर्न आउनुहोस्' भन्दै सम्भावित दर्शकलाई निम्त्याउनु हाम्रो नियति बनेको छ । यसले गर्दा नाटकले हामीमा गहिरो छाप छोडन सकेको छैन ।

राजनका दुःख यति मात्र छैनन् । उनी नाटकका समालोचक नभएकोमा पनि छटपटिएका छन् । झूर काम गरे पनि, राम्रो काम गरे पनि प्रतिक्रिया आउने परिपाटी नभएपछि कामको मूल्यांकन हुन सक्दैन । त्यस्तो शून्यको अवस्थामा नाटक निर्देशनको काम गर्ने कसरी ? अनि, थिएटरहरूका बीच आपसी संवादको उत्तिकै खाँचो छ । थिएटरवालाका बीचमा प्रतिस्पर्धाको ठाउँ नै छैन, तर पनि थिएटरहरू एक-अर्कासँग भयभीत देखिन्छन् । सहयोगी भाव नै छैन ।

'नाटक मानिसको आवश्यकता हो भन्ने विश्वास सरकार र सार्वजनिक उपक्रमका कुनै तहमा पनि देखिएको छैन,' राजनको अनुभव छ, 'थिएटरका लागि लामो समयसम्मको चिन्तनकै अभाव छ हामीमा । राजनको बुझाइमा यो विश्वासहीनताको अवस्थाले बिमल सुवेदी र घिमिरे युवराजजस्ता समर्थ कलाकारलाई पनि हल्लाएको छ ।

कला, साहित्य र संस्कृतिको जगेर्ना गर्ने काममा राज्य जिम्मेवार भएन, राजन भन्छन्, 'विदेशीहरू हाम्रो संस्कृतिको अध्ययन गर्न आउँछन् । हामीसँग सिक्छन् । आफ्नो देश फर्किएर त्यही अध्ययनका आधारमा उत्पादन गर्छन् अनि त्यही उत्पादन हामीलाई नै हाँसी-हाँसी बेच्छन् ।'

अहिले दर्शकलाई रुवाउने, तर्साउने, नचाउने हिसाबले नाटक बनेका छन् । यो पूरै सिनेमाको प्रभावमा भएको कुरा हो । नाटक भनेको प्रक्रियाले हुने सिर्जना हो । नाटक 'अक्षरशः' हुँदैन । समाजका तर्फबाट नाटकको व्याख्या प्रस्तुत गरेर यसलाई स्थापित गराउने प्रयास भएको छैन, राजन भन्छन् ।

हालै सरकारले आरोहण, सर्वनाम, शिल्पी र पोखरा थिएटरलाई २० लाख रुपियाँका दरले सहयोग उपलब्ध गराएको छ । सरकारले थिएटरलाई सहायता गर्नु हाम्रो देशको हकमा राम्रो मानिए पनि यसले अनिष्ट पनि ल्याउन सक्छ । आफूले सहयोग उपलब्ध गराएका थिएटरसँग सरकारले अवाञ्छित सहयोग माग्यो भने के गर्ने ? सरकारको 'कृपा पाउनु' सुन्दर कुरा हो तर त्यस्तो कृपा निःशर्त र निःस्वार्थ हुनुपर्छ ।

अहिलेसम्म १८ वटा नाटकको निर्माण गरिसकेका छन् राजनले । २४ वटा नाटकमा उनको भूमिका छ । राजन भन्छन्, 'चरणदास चोर र माइला डटकममा अभिनय गर्दा मज्जा आएको थियो । त्यस्तो मज्जा हम्मेसी लिन पाइदैन ।'

## प्रतिक्रिया




सामान्य अवस्थामै गर्भवती गराउन सक्ने भए पनि अप्रेसन गर्न प्रोत्साहित गर्ने स्वास्थ्य संस्था तथा चिकित्सकहरूको कार्य उदेकलाग्दो छ । यस्तो कार्यले डेलिभरीजस्तो संवेदनशील कुरालाई थप जोखिमपूर्ण बनाएको छ (जबर्जस्ती अप्रेसन) । प्राकृतिक तरिकाले शिशु जन्मने अवस्था हुँदाहुँदै अथवा आमा र शिशुको ज्यान सुरक्षित हुँदाहुँदै अनेकौं डर-त्रास देखाएर जबर्जस्ती अप्रेसन गराइनु दुखद् कुरा हो । यस्तो कार्य निरुत्साहित गरिनुपर्छ ।

**रक्षा नेपाल**

सुबिन भट्टराईले गाउँको दसैंको धुमिल अनुभूतिलाई फेरि ताजा बनाइदिनुभयो । गाउँको दसैंजस्तो दसैं खोजेर कहाँ पाउनु (गाउँको दसैं) । मलाई आफ्नै अनुभूतिजस्तो गरी लेखकले गाउँको सम्झनाले लपक्कै भिजाइदिनुभयो ।

**मोहन शाह**

एमी दाहालका बारेमा पढ्न पाउँदा खुसी लाग्यो । मैले उनले अभिनय गरेका चलचित्र तथा नाटक त हेर्न पाएको छैन् (असुरक्षित छन् छोरी मान्छेहरू) । यद्यपि उनको सोचजस्तै अभिनय पनि सुन्दर होस र उनका चलचित्र तथा नाटक अब्बल साबित हुन् भन्ने शुभकामना ।

**परदेशी कान्छा**

कुनै समय बिपना थापा मेरी प्रिय हिरोइन् थिइन । उनको अभिनय अब्बल दर्जाको थियो, तर उनको मन पनि त्यस्तै निर्मल र राष्ट्रप्रेमी रहेछ (राष्ट्र र राष्ट्रियता नै ठूलो कुरा रहेछ) । हरेकका लागि आफ्नो जन्मभूमी ठूलो हुन्छ । बिपनाको विचार र मन मातृभूमि प्रेमले ओतप्रोत रहेछ । मलाई निकै खुशी लाग्यो ।

**निरन्जन शाही**

नेपालमा बसेर चाकरी गरी जागिर खानुभन्दा त यही ठीक हो नि (विद्यार्थी भिसामा विदेसिने बढे) ।

**सहिल खरेल**

स्वदेशी क्रिकेटमा नयाँ-नयाँ प्रयोग हुनु सुखद् कुरा हो । यसले हाम्रो घरेलु क्रिकेटको आधार बलियो तुल्याउँछ (नेपाली क्रिकेटमा नयाँ प्रयोगः क्रिकेट फ्यान्टासी) । अर्का तिर हाम्रो क्रिकेटमा नयाँ प्रतिभाको खोजी गर्न पनि सहज हुन्छ । ब्यापार र मनोरन्जनका दृष्टिकोणले पनि यस्ता प्रतियोगिताहरू भैरहनुपर्छ ।

**निशा गुरुङ**

गायक विश्व नेपालीका बारेमा पढ्न पाउदा खुशी लाग्यो (कर्पोरेट जगतका प्रियः विश्व नेपाली) । साप्ताहिकले यस्तै लुकेका प्रतिभालाई मूलधारमा ल्याउने काम गरिरहोस ।

**रुचित विक**

ज्योति मगरलाई धेरैले छाडा भनेर गाली गर्छन्, तर म त्यसरी गाली गर्ने पक्षमा छैन् (कोमल वली-२ पनि हुन सक्छ) । उनी जे बोल्छिन् र जे गर्छिन् स्पष्ट रूपमा गर्छिन् । त्यसैले उनी कपटी छैनन् । ज्योतिको यही स्वभावका कारण म उनको प्रशंसक भएको हुँ । साप्ताहिकको प्रश्न र ज्योतिको जवाफ रमाइलो लाग्यो ।

**विशाल राई**

केकी अधिकारीलाई अग्रिम शुभकामना । निर्देशक बन्ने तयारीमा हुनुहुँदो रहेछ (केकी अब निर्देशक) । अभिनयमा जस्तै निर्देशनमा पनि केकीको जादु चलोस् ।

**हरेराम चौधरी**

दुवै चकलेटी हिरोलाई शुभकामना (चकलेटी भिडन्त) । मलाई यी अभिनेताद्वयको क्युट लुक खुबै मन पर्छ ।

**प्रियशा अधिकारी**

साथीहरूको पनि भर पर्न नसकिने, कस्तो समय आयो (आफ्नै साथी काल बनेपछि) । पैसा र लोभ भन्ने कुराले केही नचिन्दो रहेछ ।

**हिमांक प्रधान**

twitter follow us on twitter.com/saptahik

SMS मार्फत प्रतिक्रिया
SF(space) दिएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस् ।

Like us on Facebook
facebook.com/kantipursaptahik

युवा मन

# तिहार र खुसी



सुविन भट्टराई

बाहिर बत्तीको झिलिमिली छ, तर भित्र म निभेको छु ।'

यो पंक्ति मेरो उपन्यास 'समर लभ' को हो । लक्ष्मीपूजाको दिन प्रेम वियोगको पीडामा छट्पटाइरहेको एउटा पात्रको मनैदेखिको बिलौना हो यो ।

कुनै–कुनै तिहारमा म स्वयम्लाई पनि यो स्तरको नैराश्यताले नघेरेको होइन । बाहिर जतिसुकै उज्यालोको साम्राज्य फैलिएको होस्, भित्र पीडाको अन्धकारमा खुम्चिएर म नबसेको होइन । बाहिर घामले नुहाएर हाँसेको हुन्याो सयपत्रीको थुँगो, भित्र मेरा आँखा ओसिलो अनि मन गह्रुंगो ।

धेरैजसो तिहारले घरको आँगन मात्र होइन, मनै उज्यालो र झलमल्ल बनाएर गयो अनि केही तिहार यस्ता पनि आए जसले ओठमा खेलिरहेको थोरै हाँसो पनि खोसेर लग्यो ।

मन उदास भयो भने न उसलाई दसैंको आभास हुन्छ, न तिहार खास लाग्छ । मनै खिन्न भयो भने जतिसुकै राम्रो चिज पनि बकवास लाग्छ ।

तिहार सयपत्री र मखमलीको थुँगोमा मात्र आएर हुँदैन । तिहार झकिझकाउ बजारमा मात्र आएर हुँदैन । तिहार सेलरोटी र अनरसाका गन्धले मात्र पनि ल्याउने होइन । तिहार देउसी र भैलीको लयमा मात्र खोजेर भेटिन्न । तिहार सप्तरंगी टीकाको लर्कोमा मात्र टाँसिने होइन । तिहार जुवा, तास र मदिराको खालमा त झन् कहाँ भेटिएला र ? तिहारको रौनक सबैभन्दा पहिले मानिसको मनमा आउनुपर्छ । तिहार आएको छनक मानिसको मनका बगैंचामा आशाको फुल फुलेर हुनुपर्छ । जब मानिसभित्र उत्साहको दियो बल्न थाल्छ, त्यही हो तिहार आएको प्रमाण । मानिसभित्रका चाहनाहरू जब मगमगाउन थाल्छन्, त्यही हो तिहारको वास्तविक गन्ध ।

मन खुसी भयो भने हर दिन तिहार, मन दुखी भए त न दसैं, न तिहार, सब बेकार । हाम्रो जीवन त्यति धेरै लामो पनि छैन कि उदासीहरूलाई सर्पलाई दूध ख्वाएर पालेझैं सधैंभरि पालेर बसिरहन सकौं । हामी दुःखी हुने, बिलौना गर्ने, रिसाउने अनेक झिनामसिना बहाना खोज्छौं । चाडवाड नै सही, खुसी हुने बहाना त भेटिएको छ, तैपनि मन खोलेर खुसी हुँदैनौं ।

सबैका आ–आफ्ना दुःख आ–आफ्ना नैराश्यता, आ–आफ्ना बिलौना । कतिपयलाई चाडवाड आएको होइन, चाडबाडले लखेटेझैं लाग्छ, काँधमा बढेको जिम्मेवारीको भारले जो थिचिएको छ । भाइटीका लगाउने भाइ परदेशमा छ, दिदीको दुःख यता आफ्नो देशमा बेग्लै । देउसी खेल्न जाने ठूलो रहर छ तर साथी छैनन्, कसैका यस्ता बिलौना पनि त होलान् ।

कारणहरू अनगिन्ती छन्, दुखी हुनलाई । अनि कहाँबाट आओस् त वास्तविक तिहार ? कसरी हुन सकोस् त मानिसको मन गुलजार ? यसरी त क्यालेन्डरमा पल्टिएको कात्तिक महिनाको पृष्ठमा रातो अंकको मुन्तिर लेखिएको लक्ष्मीपूजा वा गोवर्द्धन पूजा अथवा भाइटीकाभन्दा बढी केही हुँदैन तिहार । जो किन मनाउने ? भन्ने प्रश्नको जवाफमा पनि क्यालेन्डरले मना भनेर सूचना दिएको छ, त्यसैले भन्ने स्तरकोभन्दा माथ्लो कोटीको जवाफ आउँदैन ।

तिहार अरूले पनि मनाउँछन्, त्यसैले म पनि मनाउँछु भन्ने कारणले मनाउने होइन । तिहार मात्र होइन, कुनै पनि चाडबाड, उत्सव, पर्व, अरूको देखासिकीमा आत्मसात् गर्ने होइन । चाडवाड भनेको विशुद्ध आफ्नै लागि मनाउने हो । आफ्नै खुसीका लागि मनाइने हो । आफ्नै खुसीले मनाउने हो । कसैको पनि खुसी नचोरी मनाउने हो । भरसक आफूभित्रको खुसीलाई फैलिएर अरुसम्म पुऱ्याउने गरी मनाउने हो ।

*एक बरस मे एक ही बार*
*जगती होली की ज्वाला*
*एक बार ही लगती बाजी*
*जलती दीप की माला*
*दुनियावालों किन्तु किसि दिन*
*आ मदिरालयमे देखो*
*दिनको होली रात दिवाली*
*रोज मनाती मधुशाला ।*

भारतीय कवि हरवंश राय बच्चनको 'मधुशाला' शीर्षकको कविताले भनैं मधुशालामा हरदिन दिउँसो होली र राती दिपावली मनाउने कुरा गरेको होस्, हामीले समग्र जीवनलाई नै त्यस्तै मधुशाला बनाउन सक्छौं, जहाँ हरदिन होली र हररात दीपावली होस् । चाडबाड होस् वा खुसी खोज्न क्यालेन्डर नै पल्टाइरहनु नपरोस् ।

# विश्वकप क्रिकेट ट्रफीसँग सेल्फी




विश्व यात्रामा रहेको अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) विश्वकप क्रिकेट ट्रफीलाई गत शनिबार पोखरा पुऱ्याइयो । पोखरा प्रिमियर लिग (पीपीएल) सञ्चालन भैरहेको पोखरा रंगशालामा ट्रफी पुऱ्याइएपछि नेपाली क्रिकेट खेलाडी, पीपीएलमा सहभागी विदेशी खेलाडी तथा क्रिकेटप्रेमी दर्शकले त्यसको अवलोकन मात्र गरेनन्, ट्रफीसँगै सेल्फीसमेत लिए । नेपाली राष्ट्रिय क्रिकेट टिमका क्याप्टेन पारस खड्का तथा सन्दीप लामिछानेले ट्रफी उचालेर त्यसलाई सार्वजनिक गरे भने खड्काले आफूहरूको सपना विश्वकप क्रिकेट ट्रफी जित्नु रहेको र त्यसका लागि निकै मेहनत गर्नुपर्ने प्रतिक्रिया दिए ।

संयुक्त अरब इमिरेट्स (युएइ) बाट कात्तिक ९ गते नेपाल ल्याइएको उक्त ट्रफी पोखराको फेवाताल किनार, काठमाडौंको स्वयम्भु, चन्द्रगिरी, दरबार स्क्वायरमा समेत प्रदर्शनीमा राखिएको थियो । उक्त ट्रफीलाई शीतल निवास समेत पुऱ्याइयो, जहाँ राष्ट्रपति विद्यादेवी भण्डारीले त्यसलाई हातले उचालेर खुसी व्यक्त गरिन् । विश्वकप क्रिकेट ट्रफी पहिलो पटक नेपाल ल्याइएको हो । यो ट्रफी टुर ९ महिना चल्नेछ । विश्वकप खेल्ने राष्ट्रमा मात्र पुऱ्याइने यसअघिको परम्परा तोड्दै यसपालि क्रिकेटका उदाउँदा ११ राष्ट्रमा समेत विश्वकप ट्रफी टुर सञ्चालन गरिएको हो ।

राजाराम पौडेल

मंगल होस्

# समसामयिक देउसी



मनोज गजुरेल

ए भन भन भाइ हो, के भन्ने ? शान्ति–सुरक्षा दे भन्ने । भन भन बैनी हो, के भन्ने ? बलत्कारी समाएर ले भन्ने । भन भन बा हो, के भन्ने ? बृद्धभत्ता बढाएर लेउ भन्ने । भन भन आमा हो, के भन्ने ? ज्येष्ठ नागरिकलाई सुरक्षा देऊ भन्ने ।

ए, हामी त्यसै आएनौं, जनताले पठाए, सरकार के–के गर्दैछ, चासो राख्न पठाए । महँगी घटाउँछु भन्या थ्यौ, समृद्धिका दिन गन्या थ्यौ । झन् बढ्यो भाउ तेलको, गफ मात्रै भयो रेलको ।

बेरोजगारी बढ्दैछ, उद्योगधन्दा लड्दैछ । युवालाई विदेश पठाउँदै, विकासको डम्फु ठटाउँदै । रेमिटेन्सले देश धानेर, समृद्धि बढेको ठानेर । गफैले बित्यो ६ महिना, सरकारलाई थाहा छ/छैन ?

ए राम्ररी भन, भन्दैछौं । स्वर मिलाईकन, कन्दैछौं । ऋणको भारी बोकेर, अनुदानको गफ ठोकेर । मन्त्रीको कुरा पत्याउँदै, नेताका भाषणले अत्याउँदै । होला कि होला कि भनेर, हुने दिन सधैं गनेर । ६ महिना बित्यो यत्तिकैं, वर्षदिन बित्ला त्यत्तिकै ।

ए हिलो बाटो । ए लड्दै–पड्दै । ए खाल्टामा पर्दै । हिंड्दैछौं हामी । ए घुम्दैछौ तिमी । ए युरोप र जापान, ए गरेर चियापान । ए हेल्लो मेयर, बिग्रियो कि गियर । न बन्द हुन्छौ, न अघि बढ्छौ ! ए कुच्चिएको भाँडो, ए जनतालाई घाँडो ।

ए पप्पुको पारा, टार्ने झारा । ए ठेक्का र पट्टा, ए ख्याल र ठट्टा । ए झ्याप पार्ने टेन्डर, जनतालाई हन्डर । ए कमिसनको जालो, ए सबको मुख कालो । ए ठेकदार र नेता, सबका मुख राता ।

ए, यो देश कसको ? नेताको । नेता कसको ? ठेकेदारको । ए ठेकेदार कसको ? गुन्डाको । ए गुन्डा कसको ? तस्करको । ए तस्कर कसको ? पुलिसको । ए पुलिस कसको ? राष्ट्रको । राष्ट्र कसको ? जनताको । ए जनताको कसको ? नेताको । ए को हो कसको ? कसको, कसको ! ए राजनीतिको जालो, ए काम गर्छन् कालो । ए देशको झन्डा, बनाए पुछ्ने टालो ।

ए भन भन भाइ हो, भन्दैछु । ए तोडले भन, भन्दैछु । ए, हत्याका घटना गन्दैछु । ए बलात्कारका घटना, सुन्दैछु । ए तस्करीका काण्ड, भन्दैछु । ए सुनका डल्ला, गरेर सल्लाह । ए तस्कर र पुलिस, ए नगरी हल्ला । ए मिलेर खाने, ए, जेलचाहिं नजाने ।

ए, सुन सुन भाइ हो, सुन्दैछु । ए मन्त्रीका आश्वासन, गुन्दैछु । ए सिन्डिकेटको कुरो, ए पहिरोले पुऱ्यो । ए ठेकेदारको कुरो, कुरो न सुरो । गफमात्रै ठूला, गन्हाउने मूला ।

ए बोल–बोल भाइ हो, बोल्दैछु । ए गोप्य–गोप्य कुरा खोल्दैछु । ए पानीका किरो, ए कारबाही जिरो । ए चामलमा ढुंगा, ए कारबाही सुन्ना । ए करको भारी, ए जनतालाई पारी । ए भ्रमण र यात्रा, ए देखाउँदै जात्रा । ए काम छैन सिन्की, ए फुर्ती कत्रो तिनको ?

ए लेखको काने, ए औलको माने । ए यो वर्ष देउसी, ए यति नै जाने ।





तस्बिर : नवराज बाग्ले

# कुन ग्रह भएकाले केमा लगानी गर्दा लाभ प्राप्त गर्छन् ?

विगत २३ वर्षदेखि ज्योतिष विधामा सक्रिय छन् डा. सुनिल सिटौला । २०५८ सालमा ग्लोबल एस्ट्रोलोजी रिसर्च सेन्टरको अध्यक्ष भएका डा. सिटौलाले विश्व ज्योतिष विद्यापीठबाट ज्योतिष विधामा स्नातकोत्तरसम्म अध्ययन गरेका छन् । अल्टरनेटिभ मेडिसिनका स्नातक सिटौलालाई इन्डियन इन्स्टिच्युट अफ ओरियन्टल हेरिटेजले डाक्टरको उपाधि दिएको हो । राशि तथा नक्षत्रसम्बन्धी जानकारी दिने जोखना एपका निर्माता डा. सिटौलाले ०६२ सालदेखि रेडियो तथा टेलिभिजनमा ज्योतिष विधाका कार्यक्रमसमेत सञ्चालन गरिरहेका छन् । उनका ज्योतिष विज्ञान र हस्तरेखा सम्बन्धी ५ वटा पुस्तक प्रकाशित छन् । ज्योतिष विज्ञानसम्बन्धी पत्रिका सम्पादनमा समेत क्रियाशील सिटौलासँग धन- सम्पति, लक्ष्मीपूजा आदि विषयमा साप्ताहिकले गरेको कुराकानी :

**ग्रह र सम्पत्तिबीच के सम्बन्ध हुन्छ ?**

यो सम्पूर्ण चराचर जगत ग्रहको अधीनमा छ । सबै कुरा ग्रहबाटै निर्देशित छन् । प्राचीन समयमा ग्रहको प्रयोग बढी थियो । यसमा राजनैतिक एवं संस्कृतिक क्रान्ति एवं विचलनहरूले गर्दा केही तलमाथि परेको मात्र हो । अहिले ग्रहका बारेमा अझ बढी खोजीनीति गर्न थालिएको छ । गुगलमा सबैभन्दा बढी खोजिने शब्द नै यौन र ग्रह हो । पूर्वीय दर्शनको समष्टिगत अवधारणा वेदमा उल्लेख गरिएको छ । वेदलाई चार भागमा बाँडिएको छ, पहिले त्यो एउटै थियो । वेदले पुरुषार्थको कुरा गरेको छ । वेदमा क्रमशः धर्म, अर्थ, काम तथा मोक्षको वर्णन गरिएको छ । धर्मपछि अर्थ छ, अर्थ नभै काम र मोक्ष हुन सक्दैन । ज्योतिषशास्त्रमा पनि चारवटा पुरुषार्थकै कुरा आउँछ । हाम्रो भाषामा ग्रहसँग सम्बन्धित रहेर गरिने हिसाबलाई सिद्धान्त ज्योतिष भनिन्छ । यो अध्ययन चारवटा भौगोलिक बिन्दुलाई आधार मानेर गरिन्छ । केही दिन लामो तथा रात छोटो हुने, केही दिन छोटो तथा रात लामो हुने हुन्छ । दुई दिनचाहिँ रात-दिन बराबर हुन्छन् । त्यही बिन्दुलाई आधार मानेर ग्रहहरूको गणना गरिन्छ । अर्को रमाइलो कुरा हामीले पढाउने एस्ट्रोनोमी भनेको हेलियो सेन्ट्रिक हो, जसमा सूर्यलाई केन्द्र मानिन्छ, हामीले चाहिँ पृथ्वीलाई केन्द्र मान्ने हो । पृथ्वीको वरपर घुमिरहने ग्रहपथलाई विभाजन गरेर १२ वटा राशिमण्डल नापिन्छ । त्यसभित्र अन्य सूक्ष्म भाग छन् त्यसलाई नक्षत्रमण्डल भनिन्छ । ग्रहहरू राशिमण्डल हुँदै हिँड्छन् । जुन काल्पनिक बाटो हो, जसरी हामी भूमध्य रेखा भन्छौं त्यस्तै हो । त्यही बाटो भएर ग्रहहरू घुम्ने हुन् । मानिस जन्मदा कुन ग्रह कहाँ कसरी बसेको थियो भन्ने गणना गरेर एउटा कोठा बनाइन्छ । त्यो कोठालाई हाम्रो भाषामा जन्म कुण्डली भनिन्छ । जतिबेला मानिसले पृथ्वीमा पहिलो पटक श्वास लियो, त्यसकै आधारमा जन्मकुण्डली बन्छ र त्यही कुण्डलीका आधारमा धनसम्पत्ति, विद्या, बुद्धि, विवाहलगायत हाम्रो जीवन पद्धतिको कुरा गरिन्छ ।

**कस्तो ग्रह लिएर आएको मान्छे बढी धनी हुन्छ ?**

धनसम्बन्धी दुईवटा तथ्य छन् । एउटा ग्रहको कुरा हुन्छ अर्को राशिमण्डलको कुरा आउँछ । ज्योतिष शास्त्रको कुण्डलीमा १२ वटा कोठा छन्, जसमा २, ६, १० र ११ औं कोठा धनसम्बन्धी हुन्छ । ग्रहमा बृहस्पति, चन्द्र तथा शुक्रलाई धनसँग जोडिन्छ । चन्द्रमा र शुक्रलाई लक्ष्मी मानिन्छ भने बृहस्पति ज्ञानसँग सम्बन्धित छ । पैसा त दुवैले कमाउँछन् । एउटा ज्ञान भएकाले, अर्को पुरुषार्थ भएकाले । जसको जन्मकालमा बृहस्पति बलियो छ त्यसले ज्ञानी भएर धन कमाउँछ । जसको चन्द्रमा र शुक्र बलियो छ, उसले पुरुषार्थी भएर धन कमाउँछ । हाम्रो धर्मशास्त्रमा संसारलाई तीन प्रकारका मानिसले मात्र भोग्न सक्छन् भनेर लेखिएको छ । जो ज्ञानी छ, त्यसले भोग्न सक्छ, जो पुरुषार्थी छ त्यसले भोग्न सक्छ र तेस्रो चाकडीबाजले पनि भोग्न सक्छ । चाकडी गर्ने ग्रह भनेका राहु र केतु हुन् । हाम्रो शास्त्रअनुसार चाकडी गर्नेहरूले पनि पैसा कमाउँछन् ।

**जन्मका आधारमा कस्ता मानिससँग सम्पत्ति कमाउने योग हुन्छ ?**

जन्मदा पूर्णिमाको आसपास जन्मियो भने चन्द्रमा बलियो हुन्छ, त्यस्तो मानिसले पैसा कमाउँछ । त्यस्तो मानिस स्वाभाविक रूपमा धनी हुन्छ । औंसीको आसपास जन्मनेहरूको आर्थिक अवस्था कमजोर हुन्छ । जन्मदा वृहस्पति ग्रह उचो भयो, कर्म, धन, लाभ र बुद्धि स्थानमा बस्यो भने मानिस धनी हुन्छ । धन पनि दुई खालको हुन्छ, एउटा पैतृक सम्पत्ति र अर्को आफैंले कमाउने सम्पत्ति । दसौं स्थानको स्वामी शुभ पर्‍यो भने आफैं सम्पत्ति कमाउने योग हुन्छ । द्वितीय स्थानको स्वामी शुभ परे पैतृक सम्पत्ति प्राप्त गर्ने योग रहन्छ । दुवै स्वामी शुभ हुने व्यक्ति मालामाल हुन्छ । अर्को तिथिको पनि नियम छ । जुन व्यक्ति पञ्चमी, दशमी, पूर्णिमा (यी तीन तिथिलाई पूर्ण तिथि भनिन्छ ।) मा जन्मिएका छन्, उनीहरूले पूर्ण रूपमा सम्पत्ति कमाउँछन् । जो चतुर्थी, नवमी, चतुर्दशी वा औंसीमा जन्मन्छन् त्यस्ता व्यक्ति स्वभाविक रूपमा दुःखी हुन्छन् । यी तिथिलाई रित्तो तिथि भनिन्छ । जति गरे पनि केही नहुने हुन्छ । गरेको लगानी पनि नउक्सिने सम्भावना हुन्छ ।

> धनसम्बन्धी दुईवटा तथ्य छन् । एउटा ग्रहको कुरा हुन्छ अर्को राशिमण्डलको कुरा आउँछ । ज्योतिष शास्त्रको कुण्डलीमा १२ वटा कोठा छन्, जसमा २, ६, १० र ११ औं कोठा धनसम्बन्धी हुन्छ । ग्रहमा बृहस्पति, चन्द्र तथा शुक्रलाई धनसँग जोडिन्छ । चन्द्रमा र शुक्रलाई लक्ष्मी मानिन्छ भने बृहस्पति ज्ञानसँग सम्बन्धित छ । पैसा त दुवैले कमाउँछन् । एउटा ज्ञान भएकाले, अर्को पुरुषार्थ भएकाले ।

**कुन ग्रह भएकाले केमा लगानी गर्दा लाभ प्राप्त गर्छन् ?**

संस्कृत सिलोकमा लेखिएको छ- उद्योगधन्दा गर्‍यो भने दरिद्रता नास हुन्छ । उद्योगधन्दा गर्नेहरूको मंगल तथा शनि ग्रह बलियो हुनुपर्छ । यदि लाभ स्थानको स्वामी मंगल वा शनि भए उद्योग गर भन्ने हो । चन्द्रमाको दायाँ-बायाँ यी ग्रह बसेका छन भने त्यसलाई दुरधरा भनिन्छ । यस्ता मानिसले प्रसस्त धन कमाउने सम्भावना हुन्छ ।

**कुन महिनामा जन्मिएका मानिसलाई लक्ष्मीले पत्याउँछिन् ?**

सूर्यका आधारमा पनि जन्मकुण्डली हेर्न सकिन्छ । सूर्य एउटा महिना एउटा राशिमा बस्छ । यदि सूर्यको दायाँ-बायाँ अनुकूल ग्रह बसेका छन भने जातकले सम्पत्ति कमाउने योग रहन्छ । जुन व्यक्ति सूर्य बलियो भएको महिनामा जन्मन्छ उ सामान्यतया धनी नै हुन्छ । वैशाख, असार, भदौ र मंसिर महिनामा सूर्य बलियो हुन्छ । जेठ, माघ र कात्तिकमा सूर्य कमजोर हुन्छ । यी महिनामा जन्मिएकाहरूको सम्पत्ति कमाउने योग राम्रो हुँदैन । अन्य महिना जन्मिएकाहरू सामान्य हुन्छन् । भदौ महिनामा सूर्य आफ्नै घरमा हुन्छ । यो महिनामा जन्मिएकाहरूलाई स्त्री र धनले छोड्दैनन् ।

**समयका हिसाबले कुन समय राम्रो मानिन्छ ?**

ज्योतिषशास्त्रमा राजयोग भन्ने हुन्छ, सामान्य रूपमा हेर्दा राज भनेको राजा । एक किसिमले राजा भनेको धनी, सम्पन्न एवं विद्वान् हुन्छन् भन्ने सोच छ भने अर्को किसिमले लुटेरा भएर पनि सबै सम्पत्ति आफैं मात्र कुम्ल्याउँछन् भन्ने मान्यता पनि छ, तर ज्योतिषशास्त्र अनुसार जसले न्याय गर्न र दण्ड दिन सक्छ त्यसैलाई राजा भनिन्छ । राजयोगमा जन्मिएका व्यक्ति पनि धनी हुन्छन् । ज्योतिषमा मध्यान्ह तथा मध्यरातमा जन्मिएकाहरूलाई राजयोग भएको भनिन्छ । मध्यान्हमा एक घडी (२४ मिनेट) र रात्रीमा एक घडी (२४ मिनेट) लाई राजयोग मानिन्छ । बिहानको शुक्र तारा उदाउने आसपासको समयमा जन्मिएकाहरू पनि निकै धनी हुन्छन् भन्ने मान्यता छ ।

**धन कमाउने मामिलामा बारको पनि कुनै भूमिका हुन्छ ?**

बारको हिसाबमा बिहीबार, शुक्रबार, सोमबार र बुधबार जन्मिएकाहरू धनी, बाठा अनि फुर्तिला हुन्छन् । आइतबार र मंगलबार जन्मिएकाहरू रोगी हुन्छन् । शनिबार जन्मिएकाहरू अलि दुःखी हुन्छन्, श्रमिक हुन्छन् भन्ने छ । त्यस्तै राशिका आधारमा शुक्र, सूर्य, बृहस्पति राशिमा जन्मिएकाहरू स्वभाविक रूपमा धनी हुन्छन् । धनु, मिन, सिंह तथा तुला राशिका मानिसले धन कमाउँछन् । शनिको राशिमा जन्मिएका मकर र कुम्भ राशि भएकाहरूले धन कमाउन सक्दैनन । अन्य राशि सामान्य हुन्छन् ।

**कस्ता मानिसलाई जुवा फाप्छ ?**

यो जुवा-तासको कुरा वैदिकभन्दा पनि तान्त्रिक मतअनुसार हुन्छ । तन्त्रमा जुवा जित्न कालो



बिरालोको साल बोक्नुपर्छ भन्ने मान्यता छ। जुवालाई क्रुर कर्म मानिन्छ। जब मानिसमा पिंगला (दायाँ नाकबाट श्वास चलिरहेका अवस्था) चलेको हुन्छ, त्यतिबेला जुवा खेल्नु राम्रो मानिन्छ। काल राहु, योगिनी भन्ने चलन पनि छ।

**कसै-कसैले जति नै मेहनत गर्दा पनि पैसा कमाउन सक्दैनन्, किन होला ?**

ज्योतिषशास्त्रमा एउटा दरिद्र योग भन्ने अप्ठ्यारो योग छ। नामै दरिद्र योग, केही गर्दा पनि नहुने। यो केन्द्र खाली भयो भने मानिस दरिद्र हुन्छ। चन्द्रमाको दायाँ-बायाँ कुनै ग्रह छैन वा देखेको छैन भने पनि दरिद्र योग हुन्छ। अर्को दिवालीया योग हुन्छ। यो भएको सबै सम्पत्ति सकिने योग हो।

**कसै-कसैसँग एक समय कुस्त पैसा हुन्छ। केही समयमै तिनीहरू गरिबको कोटीमा पुग्छन्, किन होला ?**

हाम्रो ज्योतिषशास्त्रले समय परिवर्तनशील छ भन्छ। जसरी ऋतु परिवर्तन हुन्छ, त्यसरी नै समय पनि परिवर्तन हुन्छ। समय परिवर्तन हुने कुरालाई दशा वर्षअनुसार गणना गरिन्छ। दशा वर्ष राम्रो भएका बेला राम्रो हुन्छ। जुन बेला जसको धन र बुद्धिको स्वामी ग्रह चलिरहेको हुन्छ उसले कमाउँछ। यदि दशा वर्ष नराम्रो चलेको समय छ भने भएको पनि सकिँदै जान्छ। अस्तग्रह, वक्री दशा ग्रह, नीच ग्रह चलेको बेला त्यस्तो हुन्छ। त्यतिबेला स्वभाविक रूपमा धन घट्दै जान्छ। कतिपय अवस्थामा पछि गएर फेरि राम्रो पनि हुन्छ। खराब समयको दशा वर्ष सकिएपछि मानिस पहिलेको भन्दा राम्रो स्थानमा समेत पुग्न सक्छ।

**यस्तो समयलाई कसरी पार गर्न सकिन्छ ?**

एउटा पुरुषार्थले काम गर्छ भने अर्को प्रेरणाले पनि काम गर्छ। ग्रह दशा बिग्रिएका मानिसलाई धातु वा रत्न लगाउने, पूजा-पाठ गर्ने सल्लाह पनि त्यसैले दिइन्छ। यसले मनोवैज्ञानिक प्रेरणा मिल्छ। रत्न लगाउँदा ग्रहहरूले रत्नलाई प्रभाव पार्छन् र त्यो रत्नले मानिसलाई प्रभाव पार्छ। रत्न ग्रहलाई खुसी तुल्याउन लगाउने हो। मन्दिर जान सल्लाह दिनुका दुई कारण छन्। एउटा धार्मिक आस्थाका कारण त्यहाँ पुगेपछि फ्रेस भइन्छ, अर्को त्यहाँको बनौट विशेष वास्तु मिलाएर बनाइएको हुँदा शक्ति प्राप्त हुन्छ। सबैभन्दा ठूलो कुरा त्यहाँ धेरै मान्छे देखिन्छन्, जसले गर्दा म मात्र होइन, म जस्तो समस्यामा परेका धेरै रहेछन् भनेर बाँच्ने प्रेरणा मिल्छ।

**राशिअनुसार लगानीको कुरा पनि गरिन्छ नि ?**

राशिको नियम त सामान्य हो। ज्योतिषमा कर्मस्थानको एउटा नियम छ। कर्मस्थानमा बसेको ग्रहअनुसार उसलाई कर्म वा आजीविका प्राप्त हुन्छ भनिन्छ। कर्मस्थानमा राम्रो ग्रह बस्यो भने एकदम राम्रो खालको काम पाइन्छ, कर्मस्थानमा कमजोर ग्रह बस्यो भने कमसल काम पाइन्छ। मेष र वृश्चिक राशिका मानिसले धातु तथा औजारमा लगानी गर्नु उपयुक्त हुन्छ। वृष, तुला, कर्कट र मकर राशिहरूलाई बन्द व्यापार तथा आयात निर्यातमा लगानी गर्दा फलिफाप हुन्छ। शनिको राशि भनेका मकर र कुम्भ हुन्, शनिको सम्बन्ध फलाम र जमिनसँग हुन्छ। नेपाली पण्डितहरूले फलामलाई मात्र जोड दिन्छन् तर पश्चिमाहरूले खानीमा पनि जोड दिन्छन्। त्योभन्दा सूक्ष्म कुरा जन्मकुण्डलीमा कर्मको स्वामी कहाँ बसेको छ, कसरी बसेको छ त्यसअनुरूप लगानी गर्दा फलिफाप हुन्छ।

**जागिर गर्दा राम्रो कि व्यापार गर्दा राम्रो भन्ने कुरा कसरी छुट्याइन्छ ?**

त्यसको सामान्य नियम के छ भने जो आफूप्रति वफादार हुन्छ उसले व्यापार गर्छ, जो अरूप्रति वफादार हुन्छ उसले जागिर गर्छ। परम्परागत भाषामा मालिक र सेवक भनिन्छ। मालिक हुनलाई लग्न बलियो हुनुपर्‍यो, सेवक हुन कमजोर। लग्न बलियो भएपछि आफूप्रति वफादार हुन्छ, लग्न कमजोर भएपछि अरूप्रति वफादार हुन्छ।

**लक्ष्मीपूजा किन गरिन्छ ?**

हाम्रो मान्यताअनुसार लक्ष्मी भनेकी धनकी देवी हुन्। लक्ष्मीलाई खुसी तुल्याउन कात्तिक महिनाभरि नै आकाशदीप बालिन्छ। कात्तिक महिनामा विष्णु भगवान्‌को ठूलो उत्सव हुन्छ। यो महिना दामोदर नाम गरेका विष्णुको पूजा हुन्छ। औंसीका दिन जुन लक्ष्मीपूजा हुन्छ, त्यतिबेला लक्ष्मी भित्र्याउने भनिन्छ। यसमा दुईवटा नियम छ। एउटा प्रदोषकाल हुन्छ, लक्ष्मीपूजाको दिन प्रदोषकाल भनेको घाम अस्ताएदेखि २४ मिनेटअघि र २४ मिनेटपछिको, जुन ४८ मिनेट समय हुन्छ, त्यो समयलाई राम्रो मानिन्छ। त्यो समयमा लक्ष्मी भित्र्याउन मिल्छ। व्यवसायीहरूले आफ्‍ना व्यवसायिक प्रतिष्ठानहरूमा यही बेला लक्ष्मी भित्र्याउँछन्। त्यसपछि गृहस्थीहरूले लक्ष्मी भित्र्याउन स्थिर लग्न पार्नुपर्छ। व्यापार-व्यवसायको सुरुवात पनि स्थिर लग्नमा गर्नुपर्छ। चरमा सामान पठाउनुपर्छ। यस पटक २१ गते बुधबार लक्ष्मी पूजा छ। काठमाडौंमा गृहस्थीले लक्ष्मी भित्र्याउने स्थिर लग्न वा वृष लग्न ५:४३ देखि ७:३५ सम्म छ। गृहस्थीहरूका लागि यो लग्न अत्यन्तै शुभ मानिन्छ। मध्यराति अर्को लग्न आउँछ सिंह लग्न। भारतीयहरूले मध्यरातिको सिंह लग्न पार्छन्। स्थिर लग्नमा लक्ष्मी भित्र्याउँदा उनी स्थिर भएर बस्छिन् भन्ने मान्यता छ। हाम्रो मन, धन र स्त्री जहिले पनि चञ्चल हुन्छन्, त्यसलाई बाँध्न हामीकहाँ विभिन्न धार्मिक नियम बनाइएका छन्।

**धनलाई कसरी आफैंसँग बाँधेर राख्न सकिन्छ ?**

तन्त्र र पुराणले पनि भन्छ लक्ष्मीको उत्पत्ति समुद्रमा भएको थियो। अहिलेको अर्थराजनीति हेर्दा पनि जुन देश समुद्रसँग जोडिएका छन्, ती देशहरू धनी छन्। समुद्रबाट लक्ष्मीसँगै उत्पत्ति भएका धेरै कुरा छन्, मोती, कौडा, बाबियो, शंख आदि। बाबियोलाई लक्ष्मीको कपाल भनिन्छ, लक्ष्मी पूजाको दिन बाबियो, कौडा, शंख तथा सिपी भित्र्याएर राख्यो भने लक्ष्मी पनि भित्रिन्छिन् भनिन्छ। कार्यस्थलमा ९ वटा सेतो कौडालाई पोको पारेर राख्नुपर्छ, यसो गर्दा लक्ष्मी स्थिर हुन्छिन्। पारद वा स्फटिकको श्रीयन्त्रलाई विधिपूर्वक पूजा गरेर जगाउँदा पनि लक्ष्मी स्थित हुन्छिन्।

**कुन-कुन राशिका मानिसले बढी पैसा जम्मा गर्छन् ?**

ज्योतिषमा चर, स्थिर, द्विस्वभाव भन्ने राशि हुन्छ। चर भनेको मेष, कर्कट, तुला, मकर, यी राशिमा आएको धन पनि जान्छ। स्थिर भनेको वृष, सिंह, वृश्चिक तथा कुम्भ, यी राशिमा आएको धन जोगिन्छ।




# तिहारका रोचक र अनौठा तथ्य



युवराज गौतम

हिन्दूहरूको दोस्रो महान् पर्व हो- तिहार । कात्तिकको घमाइलो मौसममा पर्ने तिहारको विशेष महत्व छ । तिहारको धार्मिक महत्व मात्र छैन अन्य रमाइला र तथ्यपूर्ण प्रसंग पनि छन् । तिहारमा काग, कुकुरदेखि गोरु र गाईसम्मको पूजा गरिन्छ । भ्रातृत्व सम्बन्ध बढाउने ध्येयका साथ भाइटीका लगाइने यो पर्वमा जनावरले पनि विशेष सम्मान पाउँछन् । यसले पशुपन्छीहरूसँग मानवसरह व्यवहार गर्नुपर्छ भन्ने सन्देश दिन्छ । यमपञ्चकका पाँच दिनको भिन्दा- भिन्दै महत्व छ । काग तिहार, कुकुर तिहार, गाई तिहार, लक्ष्मीपूजा, गोवर्द्धन पूजा तथा भाइटीका हिन्दू धार्मिक मान्यतासँग जोडिएका छन् ।

धर्मशास्त्र, प्रचलन र लोकोक्तिले तिहारको प्रष्टसँग व्याख्या गरेको पाइन्छ तर फरक-फरक रूपमा । तिहारका पाँचदिनको फरक-फरक महत्व छ । तिहारकै सेरोफेरोमा पर्ने अन्य पर्व तथा दिवसले यसमा रौनक थप्ने गरेका छन् । तिहार स्थान, भूगोल तथा जातजाति अनुसार फरक-फरक ढंगले मनाउने चलन पनि छ । सामान्यतः नेपालको पहाडी क्षेत्रमा यमपञ्चकका पाँच दिनमा विभिन्न पाँचथरी पूजाको प्रचलन छ । नेपालको तराई क्षेत्र तथा भारतमा भने यमपञ्चक सुरु हुने दिन अर्थात् काग तिहारको दिन धनतेरस पनि मनाइन्छ । भारतमा दिवालीका रूपमा तिहारमा बेग्लै रौनक देखिन्छ । विश्वका अन्य देशमा पनि तिहारमा गरिने दिपावली जस्तै विभिन्न चाडपर्व मनाउने चलन छ ।

तिहारमा खेलिने देउसी-भैलो, धन्वन्तरी र कुबेरको पूजा, भाइटीका तथा दीपावलीको पनि भिन्न- भिन्न महत्व छ । यसलाई फूल तथा श्रृंगारको पर्वका रूपमा पनि लिइन्छ । उज्यालो र रंगीन चाडका रूपमा मनाइने तिहार र यो पर्वसँग गाँसिएका केही रोचक तथ्य :

■ कागलाई यमराजको सन्देश सुनाउने प्रिय दूत मानिन्छ । काग चलाख र सर्वगुणी मात्र नभै यसले सबैलाई समान दृष्टिले हेर्छ भन्ने मान्यता छ । अर्को तथ्य के पनि छ भने काग ग्रहहरूको राजा शनिको वाहन भएकाले शनिको कुदृष्टिबाट आफू, आफ्नो घर तथा दाजुभाइलाई जोगाउन समेत यसको पूजा गरिन्छ ।

■ सुदुर पश्चिमका पहाडी जिल्लामा कागलाई भिन्दै प्रकारले पुजिन्छ । सुदुरपश्चिममा पुसेतिहार र माघे संक्रान्तिमा कागलाई सेलरोटी र अन्य मीठा परिकार ख्वाउने चलन छ । पुस मसान्तमा सेलरोटी पकाउँदा सबैभन्दा पहिले कागलाई नै दिने चलन छ । कागले पुस १५ गते तीर्थमा गै स्नान गरी फर्केर रोटी खाने जनविश्वास छ । नुवाइधुवाइ व्रत बसेर कागलाई मीठा-मीठा परिकार दिने चलन सुदुरपश्चिममा अझै कायमै छ ।

■ कुकुर आज्ञापालक तथा घरको रक्षकका मानिन्छ । कुकुरलाई यमराजको दूतका रूपमा समेत लिइन्छ । कुकुरलाई मीठा-मीठा परिकार खान दिए यमराजको ढोकामा द्वारपालका रूपमा बस्ने श्याम र सबल नामका कुकुरले यमलोक जाँदा बाटो छोडिदिने धार्मिक विश्वास पनि रहिआएको छ । अर्को तथ्य के पनि छ भने कुकुर भगवान् शिवको विध्वंसकारी अवतार भैरवको वाहन हो । भैरवको कोपभाजनबाट जोगिनसमेत कुकुरको पूजा गरिने जनविश्वास छ ।

■ कुकुर पाल्नुको वैज्ञानिक कारण पनि छ । घरमा कुकुर पाल्दा मुटु रोग तथा मधुमेह लाग्दैन भन्नेहरू पनि उत्तिकै छन् ।

■ हिन्दू धर्ममा गाईलाई पवित्र प्राणीका रूपमा पुज्ने चलन छ । धार्मिक कार्यमा गाइको गोबर र गहुँतको भिन्दै महत्व छ । पशुधनका रूपमा लिइने गाईलाई गाई तिहारका दिन विशेष पूजा गरिन्छ । गाईको गहुँत औषधिका रूपमा प्रयोग गर्ने चलनका कारण पनि यसलाई महत्व दिइएको हो ।

■ गाईको गहुँतबाट १ सय ४८ प्रकारका रोग निको हुने वैज्ञानिक मान्यता छ । रूसी वैज्ञानिक शिरोबीचले मानिसमा हुने रेडियोधर्मी किरणको प्रभाव नष्ट गर्ने क्षमता गाईको दूध, दही, घ्यू, गहुँत तथा गोबरमा हुने कुरा आफ्नो अनुसन्धानमार्फत दशकौंअघि प्रमाणित गरिसकेका छन् ।

■ तिहारकै बीचमा पर्ने कात्तिक कृष्ण त्रयोदशीका दिन आयुर्वेदका प्रवर्तक धन्वन्तरीको विशेष पूजा गर्ने चलन छ । मानिसलाई स्वस्थ रहन आयुर्वेदले ठूलो सहयोग पुऱ्याएकाले भगवान् धन्वन्तरीको पूजा गर्ने चलन चलेको हो ।

■ नेवार समुदायमा पनि तिहारको बेग्लै महत्व छ । तिहारको भाइटीकाको अघिल्लो दिन म्हःपूजा वा आफ्नै शरीरको पूजा गर्ने चलन नेवार समुदायमा छ । शरीरमा शान्ति नभएसम्म आत्माशान्ति नहुने भएकाले तान्त्रिक विधिअनुसार म्हःपूजा गर्ने चलन चलेको हो ।

■ म्हपूजाकै दिनदेखि राष्ट्रिय विभूति शंखधर साख्वाःले चलाएको नेपाल संवत्को पनि पात्रो फेरिन्छ । यो संवतको पहिलो दिन विक्रम संवतअनुसार कार्तिक शुक्ल पक्षमा पर्छ ।

■ नेपाली भाषा तथा साहित्यका धरोहर महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्म पनि तिहारकै बेला भएकाले साहित्यिक रौनक पनि यसैबेला थपिन्छ । लक्ष्मीपूजाका दिन काठमाडौंको धोबीधारामा उनको जन्म भएकाले तिहारको रमझमकैबीच देवकोटालाई स्मरण गर्ने चलन समेत छ ।

■ तिहारमा बनाइने रंगोलीको बेग्लै महत्व छ । प्राचीन लोककलाका रूपमा तयार पारिने कलात्मक चित्र तथा आकृति घरमा बनाए धन एवं ऐश्वर्यले परिपूर्ण भइन्छ भन्ने विश्वास छ ।

■ थारु समुदायमा तिहारको बेग्लै महत्व छ । थारुहरू लक्ष्मीपूजाको रातलाई सुखरात्रि वा सुखरात भन्छन् । सुखरात सुनसरी, मोरङका थारुहरूमा बढी प्रचलित छ । सुखरातका अवसरमा थारुहरूले घरमा मौलिक पाराले फूलबुट्टा भरी साँझ लक्ष्मी भित्र्याउँछन् ।

■ जाजरकोटको लैखा गाउँमा तिहारमा भैलो खेल्न पाइदैन् । त्यहाँ कात्तिक १५ देखि एक महिना तिहार उच्चारण गरिएका गीत प्रयोग गर्न पाईदैन । त्यहाँ महादेव, वर्म देवताको विशेष पूजा गरेर उनकै गुनगान गाएर भैलो खेल्ने चलन छ । प्रत्येक ३ वर्षमा भैलो उठाउने र अन्त्येष्टि गर्ने चलन छ ।

■ तिहारमा देउसी खेल्दा भट्याइने- 'हामी त्यसै आएका होइनौं, बलि राजाले पठाएका..' भन्ने वाक्यांशमा परेका राजा मगर वंशका थिए भन्ने विश्वासका कारण तिहारलाई मगरहरूले आफ्नो प्रिय चाड बताउँदै आएका छन् । त्यसैले मगरहरू तिहार आएसँग सोरठी गाएर नाच्छन् ।

■ किराँती लिम्बू समुदायमा तिहारमा 'बलिहाङ तङ्नाम' का रूपमा देउसी खेल्ने चलन छ । त्यस क्रममा बलिहाङको प्रसिद्धि भट्याउँदै च्याम्ब्रुङलगायतका मौलिक बाजाहरूका साथ नृत्य गरिन्छ ।

# विदेशमा तिहारको रमझम




परदेशमा व्यस्त नेपालीहरू चाडपर्वका बेला भने फुर्सद निकालेर जमघट तथा रमाइलो गर्छन् । दसैंको रमझममा सामेल हुन नसकेकाहरू तिहारमा एकजुट हुने गरेका छन् । यसपालीको तिहारमा पनि स्थानीय संघ-संस्थाले रमाइलो गर्ने-गराउने मेसो मिलाइरहेका छन् । सामूहिक दिपावली, देउसी-भैलो, म्हःपूजा, भाइटीका आदि कार्यक्रमहरूको तयारी विभिन्न देशका विभिन्न सहरमा भैरहेको छ ।

कतिपय देशमा नेपालबाट कलाकार झिकाएर वा स्थानीय कलाकारहरूको उपस्थितिमा सांगीतिक कार्यक्रमको तयारी भैरहेको छ । दिनहुँ कामको व्यस्ततामा रहेका प्रवासीहरूलाई यस्ता कार्यक्रम खुसी साट्ने गतिलो माध्यम बन्ने गरेका छन् । बेलायतमा रहेका कुश बस्नेत भन्छन्, 'यहाँ कार्यक्रमहरू त भैरहन्छन् तर चाडपर्वमा जस्तो एकता र भाइचारा अरू बेला फेला पार्न मुस्किल पर्छ, त्यसैले चाडपर्वमा आयोजना हुने कार्यक्रमले हामी सबैलाई भावनात्मक रूपमा एक गराउन सहयोग पुऱ्याउने काम गरिरहेका छन् ।'

पासा पुचः गुठी साउथ इस्ट लन्डनले यो वर्ष सामूहिक म्हःपूजा तथा सांस्कृतिक कार्यक्रमको तयारी गरिरहेको छ । नेपाल संवत् ११३९ को अवसर पारेर कात्तिक २२ गते बिहीबार साँझ एसियन कम्युनिटी सेन्टर हवाइट हर्ट रोड लन्डनमा कार्यक्रम आयोजना गरिएको छ । उक्त अवसरमा लाखे नाच, हलाँ प्याखँ (नाच), धिमे बाजा, कुमारी जात्रा झाँकी, मञ्जुश्री नाच समेत प्रस्तुत गरिंदैछ ।

यता, नेपाली समुदायको अधिक बसोबास रहेको अष्ट्रेलियाको सिड्नीमा कलाकार हरिबंश आचार्यको उपस्थितिमा विशेष कार्यक्रमको तयारी भैरहेको छ । त्यसका लागि बाबा एजुकेसन कन्सल्टेन्सीले गाला डिनर र रमाइलो प्रस्तुतिको योजना बनाएको छ । गायक सञ्जीव पराजुली तथा समीर आचार्यसमेत सहभागी हुने उक्त कार्यक्रम भोलि शनिबार कात्तिक १७ गते हुँदैछ ।

अमेरिकाका विभिन्न राज्यमा दीपावलीका विभिन्न कार्यक्रमको तयारी भैरहेको छ । मेरिल्यान्डमा सामूहिक देउसी भैलो हुँदैछ । उक्त देउसी-भैलो नेपाल सांस्कृतिक तथा शैक्षिक केन्द्र (एनईसीसी) नेपाली पशुपति बुद्ध मन्दिरको अगुवाइमा सम्पन्न हुनेछ । देउसी-भैलो कार्यक्रम भोलि शनिबार कात्तिक १७ गतेदेखि मंसिर १ गतेसम्म चल्ने बताइएको छ ।

नेपाः पासा पुचः अमेरिकाले नेपाल सम्वत ११३९ का अवसरमा विशेष कार्यक्रम गर्दैछ । उक्त अवसरमा सपनाश्री, न्हुछे डंगोल, उत्तम श्रेष्ठ, प्रजित श्रेष्ठ आदिले प्रस्तुति दिनेछन् ।

अमेरिकाकै नर्थ क्यारोलिनाको हाइपोष्टमा 'तिहार सांगीतिक धमका'मा रविन शर्माले बृहत प्रस्तुति दिने छन् । सरगम समूहको अगुवाइमा भोलि शनिबार कात्तिक १७ गते हुने उक्त कार्यक्रममा स्थानीय कलाकारहरू पनि सहभागी हुने आयोजकहरूले जनाएका छन् ।


जापानमा नेवाः अन्तराष्ट्रिय फोरमले म्हः पूजा तथा नेपाल सम्वत्को शुभकामना आदनप्रदान कार्यक्रम गर्ने भएको छ । कोतुको स्थित कितासुना दान्ची हलमा कात्तिक २४ गते म्हःपूजा गर्ने तयारी गरिएको आयोजकहरूले बताएका छन् ।

विदेशमा रहेका नेपालीहरू यमपञ्चकका पाँच दिनमध्ये लक्ष्मीपूजा, म्हःपूजा, नेपाल सम्वत तथा भाइटीकालाई विशेष प्राथमिकता दिएर मनाउने गरेको बताउँछन् । सामूहिक भाइटीका लगाउने वा कसैलाई चेली-माइती मानेर भाइटीका लगाउने चलन पनि उत्तिकै रहेको टेक्सासमा रहेका पवन पौडेलले बताए । पौडेलका अनुसार यहाँ आफन्त वा दिदी बहिनी नहुनेले नजिकका साथीलाई दिदी-बहिनी मानेर टीका लगाउने र रमाइलो गर्ने चलन छ ।

केवल एक प्रश्न

# तपाईंलाई देउसी-भैलोको मन पर्ने दुई लाइन कुन हो ?





भैलिनी आइन् आँगन, गुन्यू चोली मागन हे औंसी बार गाईतिहार भैलो ।

**अर्जुन तिवारी, छायाँकार**

यो घर कत्रो दरबार जत्रो । घर जत्रो भए पनि बच्चामा देउसी-भैलो खेल्दा यो लाइन बारम्बार दोहोरिन्थ्यो । गाउँमा धेरैजसो खरको झुप्रो हुन्थ्यो । खरको झुप्रोलाई दरबार जत्रो भनेर होच्याएको भन्दै गाउँमा एकजना दाईले लखेटेका पनि थिए ।

**प्रकाश सपूत, गायक**

कालो कात्तिक तीनदिने तिहार मनाउनैपर्छ, जनाउनैपर्छ, संस्कृति हाम्रो जोगाउनैपर्छ, बचाउनैपर्छ ।

**आनन्द राई, संगीतकार**

तिहारै आयो लौ झिलिमिली ए सुन हजुर भैलिनी आए आँगन ।

**चाँदनी मल्ल ठकुरी, गायिका**

आ है केराको खम्बा, आ है हामी सबै जम्मा– देउसी रे ।

**विनोद न्यौपाने, अभिनेता**

झिलिमिली झिलिमिली देउसिरे, केको झिलिमिली, फूलको होइन बत्तीको झिलिमिली ।

**निशान भट्टराई, गायक**

हे भन-भन भाइ हो देउसी रे । हे रातो माटा, चिप्लो बाटो देउसी रे ।

**टंक तिमल्सिना, गायक**

छाना भरी घिरौंला के-के दिन्छन् हेरौंला । हरियो गोबरले पोतेको लक्ष्मी पूजा गरेको ।

**मुकेश आचार्य, अभिनेता**

आहै छाना माथि घिरौंला के-के दिन्छन् हेरौंला– यो टुक्काचाहिँ एकदमै रमाइलो छ अनि यसले घरबेटीलाई चुनौति दिएजस्तो लाग्छ ।

**ऋचा शर्मा, अभिनेत्री**

हे औंसी बार, गाईतिहार– भैलो ।

**कोमल वली, गायिका तथा सांसद**

आहै, भन-भन भाइ हो देउसी रे, राम्ररी भन देउसी रे ।

**पृथ्वीराज प्रसाईं, अभिनेता**

हजुरको आँगनीमा नाच्दै र गाउँदै आयौं, वर्षमा दिनको चाँडै सम्झेर ।

**केकी अधिकारी, अभिनेत्री**

हरियो गोबरले लिपेको लक्ष्मी पूजा गरेको हे औंसी बार गाईतिहार भैलो ।

**पूर्णकला बिसी, गायिका**

यो घरमा लक्ष्मीले बास गरुन् । ए अहिले आउँदा, खरको छानो, अर्को साल आउँदा सुनको छानो होस् ।

**निक्स शर्मा, मोडल**

ए छाना माथि घिरौंला देउसी रे.... के-के दिन्छन् हेरौंला देउसी रे ।

**राजाराम गौतम, रंगकर्मी**

रातो माटो देउसी रे, चिप्लो बाटो देउसी रे ।

**पुरुषोत्तम भण्डारी, हास्यकलाकार**

आ है भन-भन भाई हो- देउसी रे । रातो माटो देउसी रे । चिप्लो बाटो देउसी रे ।

**सुर्यमणी आचार्य, लोक गायक**

घोडा बाँध्ने तबेला, हामीलाई भयो अबेला । किनकी भागिहाल्न पाइन्छ एउटै घरमा कति अल्झिनु ?

**दीपकराज गिरी, अभिनेता**

आहै भन मेरा भाई हो देउसी रे, देउसी रे भन ।

**चेतन सापकोटा, संगीतकार**

छाना माथि घिरौंला के-के दिन्छन् हेरौंला । हे औंसी बार गाईतिहार भैलो ।

**वर्षा राउत, अभिनेत्री**

तिहारै आयो लौ झिलिमिली ए सुन हजुर भैलिनी आइन् आँगन ।

**युवराज चौलागाईं, गायक**

देउसी-भैलोमा आजकाल पनि उही पुरानो भाका र भाषा नै लोकप्रिय छ । जति पुरानो भयो त्यति नै मीठो लाग्छ । मलाई भाहिँ तिहारै आयो लौ झिलिमिली गीत एकदमै मन पर्छ ।

**कृष्ण काफ्ले, गायक**

घोडा बाँध्ने तबेला हामीलाई भयो अबेला ।

**राज के गोश्वामी, गायक**

हरियो गोबरले लिपेको लक्ष्मी पूजा गरेको । हे औंसी बार गाई तिहार भैलो ।

**विशाल थापा, मोडल**

हामी त्यसै आएनौं बलि राजाले पठाए ।

**रामचन्द्र काफ्ले, गायक**

ए आखम पाखम, सेलरोटी चाखम् देउसी रे ।

**अशिष्मा नकर्मी, अभिनेत्री**

ए भन-भन भाइ हो देउसी रे, स्वर मिलाइकन देउसी रे, सबैले भन देउसी रे, रातो माटो देउसी रे ।

**नवीन पौडेल, गायक**

देउसी भैलोको अन्तिममा आशिष दिँदा भनिने- आहै यो घर कत्रो देउसी रे । आहै राजदरबार जत्रो देउसिरे ।

**प्रदीप भट्टराई, निर्देशक**



## तिहारको मन पर्ने तथा मन नपर्ने पक्ष

**मन पर्ने पक्ष**

- भाइटीका
- देउसी-भैलो
- तिहारमा हुने बिदा
- फूलको मौसम
- जनावरहरूको पूजा गर्ने परम्परा

**मन नपर्ने पक्ष**

- जुवातास
- जाँड-रक्सी
- अनावश्यक पटका पड्काएको
- बिजुलीको लाइन लो भोल्टेजमा आउनु




कालीप्रसाद बास्कोटा, गायक तथा संगीतकार

**मनपर्ने पक्ष**

- ढकमक्क फूल फुलेको
- देउसी-भैलो
- झिलिमिली बत्ती
- सेलरोटीलगायतका खानेकुरा खान पाइनु
- रंगोली

**मन नपर्ने पक्ष**

- पटका पड्काएको
- जाँडरक्सी खाएर हो-हल्ला गरेको
- सहरबजारमा भिडभाड भएको
- जुवातास बढी खेलिनु



एलिशा राई, मोडल

# मिस एन्ड मिस्टर थारू



विराटनगरकी १८ वर्षीया सिमानी चौधरी तथा विराटनगरकै २० वर्षीय तेजेन्द्र कुमार विश्वासले मिस एन्ड मिस्टर थारु आइकनको उपाधि जितेका छन् । थारु कला केन्द्रले विराटनगरमा आयोजना गरेको उक्त प्रतियोगिताको फस्ट रनर्सअप तथा सेकेण्ड रनरअप क्रमश: सिर्जना चौधरी र सिजन चौधरी एवं अंकिता चौधरी र सुवास चौधरी घोषित भए । थारू सामुदायका किशोर-किशोरीहरूको प्रतिभा उजागर गर्ने उद्देश्यले विराटनगरमा पहिलो पटक यो प्रतियोगिता आयोजित गरिएको हो ।

अनिल श्रेष्ठ

# झिलझिलेमा सांगीतिक महोत्सव

झापाको शिवसताक्षीस्थित झिलझिलेमा मंगलबारदेखि १०औं झिलझिले सांगीतिक महोत्सव प्रारम्भ भएको छ । पन्ध्रदिने यो महोत्सव स्थानीय गणेशमानसिंह अध्ययन प्रतिष्ठानमा सञ्चालन हुँदैछ । शिवसताक्षी युथ क्लबले आयोजना गरेको यो महोत्सव व्यवस्थित क्रिकेट एकेडमी निर्माण गर्न सहयोग जुटाउन उद्देश्यले सञ्चालन गर्न लागिएको क्लबका अध्यक्ष रितिज रिजालले जानकारी दिएका छन् ।

महोत्सवमा विभिन्न परिकार अनि खेलतमासासहित डेढ दर्जनभन्दा बढी व्यवसायिक स्टल राखिएका छन् । महोत्सवमा पहिलो दिन चर्चित ब्यान्ड माउन्ट-८८४८ का कलाकारले प्रस्तुति दिए भने महोत्सवका क्रममा मंकी टेम्पल ब्यान्ड, अभया एन्ड दि इस्टिम इन्जिन, गायकहरू रेवत राई, तृष्णा गुरुङ, राजाराम पौडेल, नवीन के भट्टराई तथा कव वेभ ब्यान्डका कलाकारहरूले समेत प्रस्तुति दिने बताइएको छ ।

विष्णु सुब्बा




**दमक अडिसन :** नेपाल भ्रमण वर्ष २०२० लाई लक्षित गर्दै प्लानेट मल्टिमिडिया ईन्टरनेशनलले आयोजना गरिरहेको अन्तर्राष्ट्रियस्तरको सौन्दर्य प्रतियोगिता 'मिस एण्ड मिस्टर टुरिज्म एण्ड कल्चर यूनिभर्स नेपाल' नेपालको दमकमा सम्पन्न अडिसनबाट छनोट भएका प्रतियोगीहरू । तिहारपछि इटहरी, विराटनगर तथा दमकमै हुने दोस्रो चरणको अडिसनपछि प्रदेश नम्बर १ स्तरीय निर्णायक प्रतियोगिता सञ्चालन गरिने आयोजक संस्थाले जनाएको छ ।

# नेवार सुन्दरीको फोटोसुट

कात्तिक १७ गते विराटनगरमा हुने दोस्रो संस्करणको मिस नेवा कोसीको फाइनलमा पुगेका १३ जना प्रतियोगीको फोटोसुट सम्पन्न भएको छ । पर्यटकीय सहर भेडेटारमा पुगेर उनीहरूले उक्त फोटोसुट गराएका हुन् । फोटोग्राफर सञ्जय श्रेष्ठले जातीय पहिरनमा सजिएका नेवार किशोरीहरूको उक्त फोटोसुट गरेका थिए । फोटो सुटबाट उत्कृष्ट हुने एक जना प्रतियोगिले 'फोटोजेनिक' एवार्ड प्राप्त गर्ने आयोजक संस्थाका निर्देशक जतिन ताम्राकारले जानकारी दिए । प्रतियोगितामा विराटनगरकी मनिषा शाक्य, आस्मा तुलाधार, तमन्ना श्रेष्ठ, रुजा शाक्य, सृजना श्रेष्ठ, सुधा श्रेष्ठ, नियति प्रधान, आर्जु श्रेष्ठ, स्नेहा श्रेष्ठ, स्वेच्छा ताम्राकार, भोजपुरकी रुहीना प्रधान तथा बेलबारीकी चेलिना श्रेष्ठ र एलिना श्रेष्ठले प्रतिस्पर्धा गर्दैछन् ।






# लक्जरी ब्रान्ड मोडल एवार्डमा

कोरियाको इन्चेन सहरमा सञ्चालित लक्जरी ब्रान्ड मोडल एवार्ड, ग्लोबल फेसन विक-२०१८ मा विक्रम आदित्य महासेठ, अदिति अधिकारी, रुबिस्का श्रेष्ठ तथा आदर्श ज्ञवालीले सहभागिता जनाएका छन् । कात्तिक ११ गतेदेखि १५ गतेसम्म सञ्चालन भएको उक्त फेसन कार्यक्रम तथा मोडल एवार्डमा सहभागी हुने नेपाली मोडलहरूको चयन, संयोजन एवं सहभागिताको व्यवस्थापन नेक्स्ट मोडल्स नेपालले गरेको थियो । विक्रम आदित्य मोडल हन्ट नेपाल-२०१७ का पुरुष विजेता हुन् भने अदिति अधिकारी मोडल हन्ट नेपाल-२०१८ की महिला विजेता हुन् । यसैगरी रुबिस्का श्रेष्ठ उक्त प्रतियोगिताकी फस्ट रनर्सअप तथा आदर्श ज्ञवाली थर्ड रनर्सअप हुन् ।

## छैटौं संस्करणको नेपाल गोल्डेन आइडल




गायन तथा नृत्य प्रतिभा खोजी गर्ने नेपाल गोल्डेन आइडलको छैटौं संस्करणको अडिसन कात्तिकको अन्तिम साता काठमाडौंबाट प्रारम्भ गरिँदैछ । यो प्रतियोगिताको अडिसन नेपालका विभिन्न ३२ जिल्लामा हुनेछ भने अन्तिम अडिसन पुस २१ गते पोखरामा सञ्चालन गरिनेछ । यसरी भएको अडिसनमा सहभागीमध्ये हरेक जिल्लाबाट गायनतर्फ पाँच तथा नृत्यतर्फ पाँच गरी कुल ३ सय २० जना छानिनेछन् । अडिसनमार्फत छानिएका प्रतिभाहरू विभिन्न १२ राउन्डमार्फत नृत्यतर्फ ५ तथा गायनतर्फ ५ गरी १० जनाले फाइनलमा प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगिताको ग्रान्ड फिनाले आगामी चैत ३० गते शनिबार पोखरा सभागृहमा हुने आयोजक गोल्डेन स्टार मल्टिमिडियाका अध्यक्ष सरन गुरुङले बताए ।

# टिकेएस मिसेज इन्टरनेसनल-२०१८



सिंगापुरमा आयोजना हुँदै आएको विवाहित महिलाहरूको अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिता टिकेएस मिसेज इन्टरनेसनल-२०१८ मा सहभागिता जनाउन तीन जना मिसेज सुन्दरी सिंगापुर प्रस्थान गरेका छन् । रिबन इन्टरटेनमेन्टको संयोजन तथा व्यवस्थापनमा उक्त प्रतियोगितामा सुरुचि पाण्डे, एलिजा महर्जन तथा चन्दा थापा गिरीले प्रतिस्पर्धा गर्नेछन् । सुरुचि मिसेज नेपाल इन्टरनेसनल-२०१७ की विजेता हुन् भने चन्दा थापा गिरी मिसेज नेपाल इन्टरनेसनल-२०१८ की विजेता हुन् । यसैगरी एलिजा महर्जन मिसेज नेपाल ग्ल्याम-२०१८ की विजेता हुन् । टिकेएस मिसेज इन्टरनेसनल-२०१८ प्रतियोगिताको यो १२ औं संस्करण कात्तिक ११ गतेदेखि सञ्चालन भैरहेको छ ।

# सानो परी एन्ड सानो बाबु



जित हाम्रो फाउन्डेसनले १४ औँ संस्करणको सानो परी एन्ड सानो बाबु पोखराको आयोजना गरेको छ । प्रतियोगितामा ७ देखि १२ वर्षसम्म उमेरका बाबुनानीहरू सहभागी छन्, जसमा सानो परीतर्फ ४० तथा सानो बाबुतर्फ २४ जना छन् । उनीहरूलाई विभिन्न तालिम प्रदान गरी मंसिर ८ गते सञ्चालन हुने ग्रान्ड फिनालेमा उतारिने बताइएको छ ।

## फिल्मी डायरी

### इन्काउन्टर घोषणा

लेखक तथा निर्देशक एनबी अञ्जानले चलचित्र 'इन्काउन्टर' निर्माण गर्ने घोषणा गरेका छन्। ललितपुरको एकान्तकुनास्थित एउटा रेकर्डिङ स्टुडियोमा चलचित्रको पहिलो गीतको रेकर्डिङ थालनी गर्दै अञ्जानले देशको समसामयिक विषयमा आधारित चलचित्र निर्माण गर्न लागेको बताए। उक्त चलचित्रमा सविन श्रेष्ठ, छुल्टिम गुरुङ, दिनेशजंग खड्का, फुर्वा दोर्जे तामाङ, राधिका घिमिरे, साबित्रा तामाङ, दीपक क्षेत्री, सुशिल पोखरेल आदि कलाकारले अभिनय गर्दैछन्। चलचित्रको निर्माण घोषणाको क्रममा गायिका मीना निरौलाको स्वरमा चलचित्रको आइटम गीतको रेकर्ड सम्पन्न गरिएको थियो।

### संगीतकारलाई पुरस्कार

गायक, गीतकार तथा संगीतकार राजनराज शिवाकोटीलाई चलचित्र 'चंगा चेट' का निर्माता माधव वाग्लेले उपहारस्वरुप नगद ५० हजार रुपैयाँ प्रदान गरेका छन्। चलचित्रको 'गोजीमा दाम छैन...' गीतले युट्युबमा डेढ करोड भ्युज पाएको खुशीयाली साटासाट गर्न आयोजित समारोहमा वाग्लेले शिवाकोटीलाई उक्त उपहार प्रदान गरेका हुन्। त्यसक्रममा चलचित्रको यूनिटले केक काटेर खुसीयाली साटासाट गरेको थियो। 'गोजीमा दाम छैन' गीतमा राजनराजसँगै मेलिना राई तथा ग्रीष्मा शिवाकोटीको स्वर छ भने हरिहर तिमिल्सिनाको शब्द। संगीतकार शिवाकोटीले आफू पाएको नगद उपहारको ५ प्रतिशत रकम गीतकार तिमिल्सिनालाई हस्तान्तरण गर्ने घोषणा गरेका छन्।



### तोडियो रेकर्ड

प्रदर्शनको चौथो सातामा प्रवेश गरेको चलचित्र छक्का पञ्जा-३ सर्वाधिक व्यवसाय गर्न सफल नेपाली चलचित्र भएको छ। यसअघि छक्कापञ्जाले गरेको सर्वाधिक १४ करोड रुपैयाँको रेकर्डलाई छक्का पञ्जा-३ ले दुई साताम‍ै तोडेको निर्माता तथा अभिनेता दीपकराज गिरीले बताएका छन्। घटस्थापनाको दिन प्रदर्शन प्रारम्भ भएको उक्त चलचित्र आजका मितिसम्म पनि देशका अधिकांश सिनेमा हलमा प्रदर्शन भैरहेको छ, जहाँ दर्शकको भीड अझै उस्तै छ। दीपाश्री निरौलाद्वारा निर्देशित यो चलचित्रमा दीपकराज गिरी, दीपिका प्रसाईं, जितु नेपाल, केदार घिमिरे, बुद्धि तामाङ आदि कलाकारको मुख्य भूमिकामा छन्।

### ब्रेकअपको गीत

साढे दुई दशकअघि प्रदर्शनमा आएको चलचित्र ज्वालाको 'आज हाम्रो भेट भा'को दिन' को रिमेक भर्सनलाई चलचित्र द ब्रेकअपमा समावेश गरिएको छ। तिहारको पूर्व सन्ध्या पारेर उक्त गीतको भिडियो सार्वजनिक गरिएको छ जसमा सरोज खनालदेखि आशिरमान देशराज जोशीसम्मले कम्मर मर्काएका छन्। विराज गौतम तथा मेलिना राईको स्वरमा रेकर्ड भएको उक्त गीतमा बुद्धबिर लामाको शब्द तथा शिलाबहादुर मोक्तानको संगीत निर्देशन छ। हेमराज बिसीद्वारा निर्देशित यो चलचित्रमा खनाल र जोशीसहित शिल्पा मास्के, रेमनदास श्रेष्ठ, इच्छा कार्की आदि कलाकारले अभिनय गरेका छन्।

### चलचित्रमा मनिष

भाइरल ब्वाइका रूपमा चर्चित बाल कलाकार मनिष लिम्बु अब चलचित्रमा देखा पर्दैछन्। निर्देशक मिलन चाम्सले उनलाई चलचित्र वीरविक्रम-२ मा अनुबन्ध गरेका छन्। छायांकनको क्रममा रहेको उक्त चलचित्रमा दयाहाङ राई, आकाश श्रेष्ठ, नाजिर हुसेन, वर्षा शिवाकोटी आदि कलाकारले अभिनय गर्नेछन्।

### गुनगुनको गीत

कात्तिक ३० गते प्रदर्शनमा आउने चलचित्र 'गुनगुन' को नयाँ गीत 'चम्क्यो तारा चमक्क...' सार्वजनिक भएको छ, जसमा सञ्जिता लुइँटेल तथा सन्नी ढकालले अभिनय गरेका छन्। विकास चौधरीको संगीत तथा प्रदीप भट्टराईको शब्दको उक्त गीतमा मेलिना राई र दौलत राईको स्वर सुन्न सकिन्छ। पुकार भट्टराईद्वारा निर्देशित उक्त चलचित्रमा सुवास मेचे, रविन्द्र प्रताप सेन, नविन श्रेष्ठ, गणेश जिसी, देशभक्त खनाल, अनु भण्डारी आदि कलाकारले अभिनय गरेका छन्।

### पुनरागमन गर्दै विराज

अभिनेता विराज भट्ट लामो समयको ग्यापपछि नेपाली चलचित्रमा फर्कंदै छन्। दुई वर्षअघि रोज राणाको चलचित्र जय परशुराममा अभिनय गरेका विराज यतिबेला निर्देशकका रूपमा अघि बढ्ने तयारी गर्दैछन्। साङ्लो शीर्षक राखिएको उक्त चलचित्रमा विराजकै लगानी रहने बताइन्छ। चलचित्रमा उनी आफैं मुख्य भूमिकामा समेत प्रस्तुत हुनेछन् भने उक्त चलचित्रमा साम्राज्ञी राज्यलक्ष्मी शाह तथा प्रियंका कार्कीमध्ये एक नायिका हुन सक्छिन्।

### मंसिरमा कामना एवार्ड्स

चौथो संस्करणको सीजी कामना फिल्म एवार्ड्स-२०७५ यही मंसिर १५ गते वितरण हुने भएको छ। यसपटकको एवार्डमा प्रतिस्पर्धी तथा अप्रतिस्पर्धीसहित कुल ३२ विधामा चलचित्रकर्मीहरू पुरस्कृत हुँदैछन्। एवार्डका २६ विधामा उत्कृष्ट पाँच जनाको मनोनयन यसअघि नै सार्वजनिक भैसकेको छ। यसबीच एवार्डअन्तर्गतको लक्स स्टार अफ द इयर विधाको उत्कृष्ट पाँचको मनोनयन आइतबार सार्वजनिक गरिएको छ। यो विधाका लागि प्रियंका कार्की, साम्राज्ञी राज्यलक्ष्मी शाह, वर्षा राउत, स्वस्तिमा खड्का तथा आना शर्मा मनोनित छन्। यो विधामा एसएमएस भोटिङका आधारमा विजेता चयन गरिने आयोजकहरूले बताएका छन्।

### रुमालै छ चिनो

रुमालै छ चिनो शीर्षकको नयाँ चलचित्रको पहिलो गीत ए माया हालै सार्वजनिक भएको छ। अर्जुन पोखरेलद्वारा संगीतबद्ध उक्त गीतमा अर्जुन पोखरेल तथा अञ्जु पन्तको स्वर सुन्न सकिन्छ। उक्त गीतको भिडियोमा भने सुशान्त कार्की तथा अप्सना थापाले अभिनय गरेका छन्। दिनेश सिंह ठकुरीद्वारा निर्देशित चलचित्र रुमालै छ चिनोमा सुशान्त र अप्सनासँगै किशोर खतिवडा, सञ्चिता लुईटेल, रश्मी भट्ट, मिथिला शर्मा, सुरवीर पण्डित आदि कलाकारले पनि अभिनय गरेका छन्।

### दैलोको गीत

कात्तिक ३० गते प्रदर्शनमा आउने चलचित्र दैलोको हामी मास्टर शीर्षकको भिडियो सार्वजनिक भएको छ। उक्त गीतमा नीलम उप्रेतीको शब्द, संगीत तथा स्वर सुन्न सकिन्छ। सुरेश उप्रेतीद्वारा निर्देशित चलचित्र दैलोमा सुरेश उप्रेती, दुर्गा साउद, विकास चापागाईं, दीपक डोटेल, मुना प्रसाईं आदि कलाकारले अभिनय गरेका छन्।

## म्युजिक अपडेट

### महक-२ सार्वजनिक




पार्श्व गायनमा सक्रिय गायक प्रहलाद तिमिल्सिना आधुनिक शैलीका गीतहरूको दोस्रो एकल एल्बम 'महक-२' मार्फत श्रोतामाझ आएका छन्। यसै साता काठमाडौंमा गृहमन्त्री रामबहादुर थापा बादलद्वारा विमोचित उक्त एल्बममा १० वटा गीत समावेश छन्। शम्भुजित बाँसकोटा, सुरेश अधिकारी, आलोकश्री, न्हयू बज्राचार्य, महेश खड्का, वसन्त सापकोटा, विकास चौधरी तथा आशिष अविरलद्वारा संगीतबद्ध यो एल्बमका गीत डा. कृष्णहरि बराल, जीवन लुइँटेल, राजेन्द्र थापा, वसन्त सापकोटा, एसपी कोइराला तथा निश्चल श्रेष्ठले रचना गरेका हुन्। समारोहमा गायक तिमिल्सिनाले एल्बमका दुईवटा गीत प्रत्यक्ष सुनाएका थिए भने तीनवटा गीतको म्युजिक भिडियो प्रिमियर गरिएको थियो। तीमध्ये थोत्रो रेडियो शीर्षकको गीत युट्युबमा समेत उपलब्ध छ।

### अस्ट्रेलियामा विमोचन

गायक राज के गोस्वामीले गाएका गीतहरूको एल्बम 'कोशिस-२' को विमोचन अस्ट्रेलियाको सिड्नीमा आयोजित एक सांगीतिक समारोहमा सम्पन्न भएको छ। दसवटा गीतको उक्त एल्बममा समावेश 'साइँली र माइली पोइल गएछन्...' को म्युजिक भिडियो दसैंअघि नै प्रिमियर गरिएको थियो। समारोहमा गायक गोस्वामीले एल्बममा समावेश गीतहरू प्रत्यक्ष सुनाएका थिए।

### नयाँ भिडियोमा भीमफेदी

भीमफेदी गाइज नयाँ गीतको म्युजिक भिडियोमार्फत दर्शकमाझ आएको छ। गायक शिव परियारको 'भेट भयो सोल्टिनीसँग' गीतको भिडियोमा भीमफेदी गाइजका कलाकारहरूलाई देख्न पाइन्छ। उक्त भिडियोमा अभिनेत्री आँचल शर्माले समेत अभिनय गरेकी छिन्।

### लन्डनमा हेमन्त र मरिष्का

गायनसँगै समाजसेवामा समेत सक्रिय गायक हेमन मोक्तानले बेलायतको लन्डनबाट नयाँ सांगीतिक अभियान थालनी गर्ने भएका छन्। 'अँध्यारोबाट उज्यालोतर्फको यात्रा, शिक्षाका लागि विश्व सांगीतिक अभियान' नारा बोकेको उक्त अभियानमा गायक मोक्तानलाई व्यंग्यकार मनोज गजुरेल तथा अभिनेत्री मरिष्का पोखरेलको समेत साथ रहनेछ। त्यस क्रममा मंसिर १ गते लन्डनको ग्रिनफोर्ड टाउन हलमा बृहत् सांगीतिक कार्यक्रम तथा नेपाल भ्रमण वर्ष-२०२० को प्रवर्द्धनात्मक कार्यक्रम आयोजित गरिने गायक मोक्तानले बताएका छन्।

### इथोजको नयाँ एल्बम

सांगीतिक समूह इथोजका गायक अजयशमशेर राणाले ब्यान्डको चौथो एल्बम प्रस्ताव-३ श्रोतामाझ ल्याएका छन्। एल्बममा पप तथा आर एन्ड बी शैलीका ८ वटा गीत समावेश छन्। एल्बममा समावेश दुईवटा गीतको म्युजिक भिडियो समेत तयार पारिएको छ। उक्त ब्यान्डले यसअघि आश्मा, प्रस्ताव तथा प्रस्ताव-२ शीर्षकका एल्बम सार्वजनिक गरिसकेको छ।

### मेलिनाको नयाँ

गायिका मेलिना राई 'बैंसै बेइमानी...' शीर्षकको नयाँ गीतको भिडियोमार्फत दर्शकमाझ आएकी छिन्। मेलिनाकै युट्युब च्यानलमा अपलोड गरिएको उक्त गीतमा राजुबाबु श्रेष्ठको शब्द तथा राजनराज शिवाकोटीको संगीत छ। शान थापाद्वारा निर्देशित त्यसको भिडियोमा गायिका राई आफैंले अभिनय गरेकी छिन्।

### सिक्किममा नेपथ्य

सांगीतिक समूह नेपथ्य सिक्किममा गुञ्जिएको छ। गत मंगलबार सिक्किमको राबाङमा नेपथ्यले नेपाली लोक रक गीतहरू प्रस्तुत गरेर स्थानीयवासीलाई मनोरञ्जन प्रदान गरेको थियो। राबाङ टुरिज्म फेस्टिभलको अवसर पारेर नेपथ्यलाई त्यहाँ निम्त्याइएको थियो। सिक्किमको उक्त कन्सर्टमा अमृतलाई ड्रममा ध्रुव लामा, किबोर्डमा सुरज थापा, बेस गितारमा सुविन शाक्य, गितारमा नीरज गुरुङ र मादलमा शान्ति रायमाझीले सघाएका थिए।

### लोकगायक पौडेलको अभिनन्दन

लोकगायन तथा लोकसंस्कृतिको संरक्षण एवं संवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेको भन्दै लोकगायक नवीन पौडेलको नागरिक अभिनन्दन गरिएको छ। बेद युवा समूह, युवा सूचना केन्द्र तथा निरन्जन युवा क्लबले उनको अभिनन्दन गरेका हुन्। पौडेल विपन्न बालबालिकाको सहयोगका लागि पाल्पामा आयोजित बृहत् सांस्कृतिक कार्यक्रममा अभिनन्दित भएका हुन्।

### संगीतकार थापा अध्यक्ष

पोखरा सांगीतिक कलाकार संघको तेह्रौं साधारण सभा तथा छैठौं अधिवेशनले कन्दरा ब्यान्डका ड्रमर सुनिल थापालाई सर्वसम्मत अध्यक्ष चयन गरेको छ। २०६२ साल पुसमा स्थापित संघ पछिल्लो समयमा निस्क्रिय रहँदै आएको थियो। अब पुनः क्रियाशील बनाउने उद्देश्यले संघलाई ब्यूँताइएको नवनिर्वाचित अध्यक्ष थापाले बताएका छन्।

# यस पटकका तिहार गीत



महेश तिमल्सिना

लोकदोहोरी क्षेत्रका गायक-गायिकाहरूले विगतका वर्षहरूमा जस्तै यो वर्ष पनि तिहार विशेष देउसी-भैलो गीत सार्वजनिक गरेका छन् । यो वर्षको तिहारलाई लक्षित गर्दै ५० भन्दा बढी तिहार गीत युट्युबमा अपलोड भैसकेको पाइन्छ ।

यही क्रममा गायक पशुपति शर्माले तिहारको रमाइलो बोलको देउसी-भैलो गीत सार्वजनिक गरेका छन् । युट्युबको ट्रेन्डिङमा समेत परेको उक्त गीतमा पशुपति शर्मा र देवी घर्तीको स्वर सुन्न सकिन्छ भने त्यसमा शर्माकै शब्द तथा संगीत छ । यो गीत युट्युबमा हालसम्म १ लाख ३० हजारभन्दा धेरै पटक हेरिएको छ । त्यस्तै गायक विनोद गुरुङको झिलिमिली तिहारै शीर्षकको गीत सार्वजनिक भएको छ । एन के ब्रदर्सको शब्द तथा संगीतको उक्त गीत हालसम्म १ लाख ३६ हजार पटक हेरिएको छ ।

लोकदोहोरी गायिका पूर्णकला बीसी तथा बालकुमार श्रेष्ठको स्वरको देउसी रे भन गीतमा कमल सरगम तथा सपना सुनुवार फुच्चीको शब्द एवं कमल सरगमको संगीत छ । उक्त गीतको भिडियोमा रीना थापामगर र रोशन बुढाथोकीले अभिनय गरेका छन् । चित्र माक्सी मगरद्वारा निर्देशित उक्त भिडियो युट्युबमा १ लाख भन्दा धेरै पटक हेरिएको छ । यसैगरी गायक कमल सुशान्त केसी र कृष्ण परियारको स्वरको मेरो निधार तिम्रो हात खाली गीत बजारमा आएको छ । राजेशकुमार नेपालीको शब्द तथा भोजराज विकको संगीतको उक्त गीतको भिडियोमा आर्यन पुडासैनी, आस्था आचार्य तथा गोमु केसीले अभिनय गरेका छन् ।

गायक सन्तोष केसी तथा गायिका शर्मिला गुरुङको स्वरको देउसी रे बोलको तिहार गीतमा सन्तोष केसीको शब्द तथा संगीत छ भने उक्त गीतको भिडियोमा सारिका केसी एवं रमेश केसीले अभिनय गरेका छन् । यो भिडियो युट्युबमा हालसम्म ३ लाख २३ हजारभन्दा धेरै पटक हेरिएको छ ।

गायक लोक जी मिजार तथा सनम श्रीपाली मिजारले डम्फु मादल बोलको तिहार गीत बजारमा ल्याएका छन् । लोक जीको शब्द तथा संगीतको उक्त गीतको भिडियोमा लोक जी मिजार, करिना, निशा आदिको अभिनय छ ।

तिहारको रन्को बोलको गीतमा खुमन अधिकारी, सीता थापा, अमृता लुंगेली मगर, मञ्जु गौतम, साबित्रा बस्नेत भुजेल आदि कलाकारको स्वर सुन्न सकिन्छ । सुस्मिता सापकोटा र दिनेशले अभिनय गरेको उक्त गीतको भिडियोले युट्युबमा हालसम्म ५ लाखको हाराहारीमा भ्युज पाएको छ । गायक सज्जन धामीको आयो तिहार गीतमा काल्पनिक केसीको शब्द तथा संगीत छ भने त्यसको भिडियोमा गणेश चन्द ठकुरी, नरेश एमसी तथा सुस्मिता गिरीले अभिनय गरेका छन् ।

गायक रोशन कुतल क्षेत्री तथा गायिका शान्ति सुनारको स्वरमा सजिएको लाहुरे दाइ बोलको तिहार गीत सार्वजनिक भएको छ । सतिश अधिकारीको शब्द तथा रोशन कुतलको संगीतको उक्त गीतको भिडियोमा श्रीप्रसाद थापा, रीना थापा तथा रबिना भण्डारीले अभिनय गरेका छन् । यो भिडियो हालसम्म १ लाख २० हजार पटक हेरिसकिएको छ । गायिका संगीता थापामगर तथा गायक प्रसाद खप्तरी मगर र सुमन थापामगरको स्वरको देउसी-भैलो गीतमा शिव हमाल र प्रसाद खप्तरी मगरको शब्द तथा शिव हमालको संगीत छ ।

गायक तेजश रेग्मी तथा गायिका सम्झना भण्डारीको स्वरको नयाँ गलबन्दी तिहार गीतको भिडियोमा रीना थापा तथा प्रेम थापाको अभिनय छ । यस्तै गायिका राधिका हमाल, गायक रेशम सापकोटा तथा गायिका मीरा सापकोटाको स्वरको कात्तिके दान बोलको तिहार गीतमा रेशम सापकोटाको शब्द तथा संगीत छ भने उक्त गीतको भिडियोमा विजय थापा एवं सुशीला थापाले अभिनय गरेका छन् ।



गायिका देवी घर्ती तथा गायक पीताम्बर जिसीको स्वरको थुङ्गेश्वरी फूलै फूल्यो तिहार गीतको भिडियोमा शंकर बिसी, करिश्मा ढकाल आदि कलाकारको अभिनय हेर्न पाइन्छ ।

गायक खुमन अधिकारी तथा गायिका टीका पुनको स्वरको अहिलेको साल बोलको तिहार गीतमा लालवीर बूढामगरको शब्द तथा संगीत छ भने उक्त गीतको भिडियोमा हेमन्त बुढाथोकी, चाहना मगर, याम रानामगर एवं अमृता मगरले अभिनय गरेका छन् ।

गायक मेक्सम खाती तथा गायिका कुसुम बुढाथोकीको स्वरमा सजिएको छैन आउनी भाडा गीतमा विष्णु खत्रीको शब्द तथा संगीत छ भने उक्त गीतको भिडियोमा मोडल शीतल केसी एवं कुसुम बुढाथोकीले अभिनय गरेका छन् ।

चन्द्र चलाउने र लिला कुँवर गुरुङको स्वरको दिदीबहिनी बोलको तिहार गीतको भिडियोमा बाबु थापा, शोभा त्रिपाठी आदि कलाकारले अभिनय गरेका छन् । त्यस्तै, गायिका डोमा शेर्पाको देउसी-भैलो गीतमा सूर्य थुलुङको शब्द तथा पवन लामाको संगीत छ ।

गायिका मुना थापा र नेत्र अर्यालको दाजु हरायो बोलको तिहार गीतमा नेत्र अर्यालको शब्द तथा संगीत सुन्न सकिन्छ । उक्त गीतको भिडियोमा डिना कार्की र दिपेश थापाको अभिनय छ । यसैगरी गायिका विष्णु माझीले फेरि आयो दसैं-तिहार गीत बजारमा ल्याएकी छिन् । जगदीश भण्डारीको शब्द तथा संगीतको उक्त गीतमा सारिका केसी र विपेश घिमिरेले अभिनय गरेका छन् ।

गायक रामकृष्ण निरौला लगायतका कलाकारको स्वरको लौ फेरि आयो तिहार बोलको गीत पनि सार्वजनिक भएको छ भने रेशम सापकोटा र जुना शिरिषको स्वरमा सजिएको झलमलै तिहार गीतसमेत बजारमा आएको छ ।

गायक ललित केसी तथा गायिका चाँदनी मल्लको स्वरको आयो आयो देउसी र भैलो गीतमा ललित केसीको शब्द तथा संगीत सुन्न सकिन्छ । उक्त गीतको भिडियोमा ललित, चाँदनी, सिर्जु अधिकारी तथा निशा केसीले अभिनय गरेका छन् ।

गायक राजेशपायल राईले पनि सयपत्री बोलको तिहार गीत सार्वजनिक गरेका छन् । प्रेम राईको शब्द तथा विनोद खम्बुको संगीतको उक्त गीतमा उमेश राई, अनु लिम्बू, दीपा तामाङ, राजेशपायल राई आदिको अभिनय छ । उक्त गीतलाई युट्युबमा हालसम्म १ लाख ६० हजारभन्दा बढी पटक हेरिसकिएको छ ।

गायिका पूर्णकला विसी, गायक थममान परियार तथा प्रेम सागर पौडेलको स्वरको चिउरीको पातमा दियो बालेर बोलको गीतमा सिर्जना र निर्मलको अभिनय छ । यसैगरी गायक रामजी खाँड, गायिका राधिका हमाल, पूर्णकला बीसी आदि कलाकारको स्वरको तिहार देउसी-भैलो गीत पनि सार्वजनिक भएको छ ।

तिहारलाई विशेष गरी उज्यालो पर्वका रूपमा लिइन्छ । यही उज्यालो चाडलाई प्रतिनिधित्व गर्ने उद्देश्यले गायक प्रकाश सपूत, डिबी गुरुङ तथा गायिका सुनिता दुलाल र टीका पुनले उज्यालो तिहार गीत सार्वजनिक गरेका छन् । प्रकाश सपूतको शब्द तथा संगीतको उक्त गीतको भिडियोमा लक्ष्मी गिरी, सूरवीर पण्डित, सुवर्णा दुलाल एवं तथा राजेश कार्कीले अभिनय गरेका छन् ।

अमृत खाती, डिबी लोप्चन, भिमसेन खतिवडा, उमा श्रेष्ठ आदि गायक-गायिकाको स्वरको देउसी र भैलो हजुरको आँगनीमा बोलको तिहार गीतमा अमृत खाती र माधव प्रधानको शब्द तथा माधवको संगीत सुन्न सकिन्छ । उक्त गीतको भिडियोमा सञ्जीव ठकुरी र टीका जैशीको अभिनय छ । यस्तै तारापती सुवेदी, जीवन दाहाल र लक्ष्मी रामदामको स्वरको हजुरका आँगनीमा बोलको गीत पनि सार्वजनिक भएको छ ।


ईश्वरी बस्याल, पुरुषोत्तम गैरे, शर्मिला गुरुङ र योगराज पोखरेलको स्वरको देउसी-भैलो सार्वजनिक भएको छ भने गायक खुमन अधिकारी तथा गायिका देवी घर्तीको स्वरको यो तिहारमा म घर आउँला गीतसमेत सार्वजनिक भैसकेको छ । महेन्द्र भण्डारीको शब्द तथा संगीतको उक्त गीतको भिडियोमा मोडल महेन्द्र गौतम, गायत्री थापा, ऋचा थापा आदिले अभिनय गरेका छन् ।



गत तीजमा नेपाली व्याकरण सिकाउने तीज गीत बनाएर चर्चामा आएको शंखमुल, काठमाडौंको अवेरनेस ईन्टरनेशनल स्कूलले तिहारको अवसर पारेर पुनः त्यस्तै प्रकारको शैक्षिक तिहार गीत सार्वजनिक गरेको छ । विद्यालयकै विद्यार्थीहरूको सहभागिता तयार पारिएको 'सात प्रदेश' शीर्षकको उक्त गीतमा संघीय नेपालका बारेमा सम्पूर्ण जानकारी प्रदान गरिएको छ । विद्यालयका नेपाली विषयका शिक्षक बिमल घिमिरेको सक्रियतामा उक्त गीत तयार पारिएको हो । गीतको भिडियोमा विद्यार्थीहरूले आकर्षक नृत्य गरेका छन् ।

यसैगरी गायिका निशु ढकालको स्वर रहेको आयो तिहार लिएर देउसी बोलको गीत सार्वजनिक भएको छ । नवीन के तिमल्सिनाको शब्द तथा संगीत रहेको उक्त गीतको भिडियोमा एन्जिला, शिल्पा र रुपाले अभिनय गरेका छन् ।

# उमंग तिहारको






रामजी ज्ञवाली

दसैं मनाएलगत्तै हिन्दूहरूको घरआँगनमा अर्को महान् चाड आइपुग्छ– तिहार । यो साना केटाकेटीदेखि पाका सबैलाई मन पर्ने पर्व पनि हो । तिहारले दिदीबहिनी-दाजुभाइबीचको आत्मीयतालाई थप प्रगाढ गराउन ठूलो मद्दत गर्छ । तिहारले नेपाली कलाकारहरूलाई पनि राम्रैसँग छोएको छ । यस क्रममा नेपाली कलाकारहरूका आ-आफ्नै किसिमका योजना छन् ।

अभिनेता आर्यन सिग्देललाई तिहारमा सबैभन्दा मन पर्ने भनेकै झिलिमिली हो । तिहारमा घर मात्र होइन, समाज र समग्र गाउँ-सहर उज्यालो हुन्छ, सिग्देल भन्छन्, 'यो उज्यालोले मेरो मन पनि निकै उज्यालो र खुसी हुन्छ ।' बहिनीको हातबाट टीका लगाएपछि आर्यन नजिकका साथीभाइहरूसँग रमाउँछन् ।

अभिनेता अनुपविक्रम शाहीलाई सबैभन्दा मन पर्ने पर्व हो- तिहार । यो पर्वले उनको मनमा अर्कै किसिमको उमंग ल्याउँछ । तिहार भन्नेबित्तिकै उनलाई मीठो खाने, दिदी-बहिनीबहिनिहरूसँग भेटघाट गर्न पाइने, परिवारका साथ खुसी सेलिब्रेसन गर्न पाइने भन्ने लाग्छ । शाही भन्छन्, 'सानैदेखि मनपर्ने चाड हो, यसपटक पनि सबैका माँझ रहेर तिहार मनाउने सोच छ । शाही देउसी-भैलो खेल्न पनि निकै रौसिन्छन् । खासै ठूलो योजना केही नबनाएका शाही भन्छन्, 'काठमाडौंमै तिहार मनाउने हो, रमाईलो गर्ने, भेटघाट गर्ने यस्तै त हो नि !'

अभिनेता विपिन कार्कीले यसपटकको तिहारमा टीका ग्रहण गर्न पाउनेछैनन् । काका बितेकाले यसपटकको तिहारमा कुनै किसिमको सेलिब्रेसन नगर्ने सोच बनाएका कार्की भन्छन्, 'तिहारको यो समय काम गरेरै बित्नेछ ।' तिहारका अन्य दिन पनि चलचित्र जात्रैजात्राको छायांकन हुने भएकाले भाइटीकाको दिन साथीभाइ तथा आफन्तहरूहरूसँग भेटघाटमा समय बिताउने कार्कीको योजना छ ।

हास्यकलाकार अर्जुन घिमीरे 'पाँडे' ले सामान्य तवरवाट तिहार मनाउनेछन् । तिहारको टीका ग्रहण गर्ने, भेटघाट तथा लामो समयदेखि भेट नभएका दाजुभाइसँग भेट्ने योजना बनाएका पाँडेलाई पशु-पन्छीको पनि पूजा तथा सम्मान हुने भएकाले तिहार निकै मन पर्छ । घरमै तयार पारिएका सेल, फिनी, अनरसाजस्ता परिकारले पनि तिहारलाई थप रमाइलो बनाउँछन्, -घिमिरेले भने ।

हास्यकलाकार कुमार कट्टेल जिग्रीले काठमाडौंमै तिहार मनाउनेछन् । तिहार कसरी मनाउने भन्ने खासै योजना नबनाएका जिग्री भन्छन्, 'तिहारको दिन टेलिश्रृखला भद्रगोल पनि आउनेछ, त्यसदिन दिदी-बहिनीको हातवाट टीका ग्रहण गर्नु नै ठुलो कुरा हो !' यो समयमा जिग्रीको मनमा घरवरिपरि फुल्ने विभिन्न जातका फूल तथा घरको सजावटले छुट्टै किसिमको तरंग पैदा गर्छ ।

तिहार अभिनेत्री पूजा शर्मालाई दसैंभन्दा बढी मन पर्ने पर्व हो । यो समयमा देउसी भैलो खेल्न, विभिन्न प्रकारका परिकारका चाख्न, सबैको जमघट, उज्यालोपन अनि टोलभरि फुलेका फुलले नयाँ किसीमको ऊर्जा प्रदान गर्ने अभिनेत्री शर्मा बताउँछिन् ।

गायक कृष्ण काफ्लेले यो समयमा केही कार्यक्रमको सेडुअल परेकाले तिहार कता मनाउने भन्ने पक्का भैनसकेको बताउँछन् । यद्यपि उनले यो पर्वलाई निकै महत्व दिँदै आएका छन् । सानोमा जसरी मनाइन्थ्यो त्यसैगरी तिहार मनाउने सोच छ, काफ्ले भन्छन्, 'उमेर जति बढे पनि तिहार भनेको सानोमा जसरी मनाइन्थ्यो, त्यसैगरी मनाउँदा निकै रमाइलो हुन्छ ।'

गायक विशाल निरौंला यसपटकको तिहार काठमाडौंमा भएका दिदी-बहिनीहरूसँग मनाउँदैछन् । उनले तिहारको एक हप्ताअघि आफ्नो स्टुडियो पूर्ण रूपमा बन्द गर्ने र तुरुन्तै बजारमा ल्याउन खोजिएका केही गीत पनि रोक्ने योजना बनाएका छन् । निरौलाले भने, 'सधैं काममा व्यस्त हुँदा परिवारलाई खै त समय ? तिहारमा सकेसम्म एक हप्ता घरलाई दिने सोच छ ।' अहिलेसम्म १ सयभन्दा बढी गीतमा स्वर दिएका काफ्लेले दसैं-तिहारको छेकोमै ज्यान यो परदेशी बजारमा ल्याएका छन्, जसले राम्रै चर्चा बटुलेको छ ।

निर्देशक सुरज सुब्बा नाल्वोले यसपटक काठमाडौंमै तिहारको टीका लगाउनेछन् । दिदीबहिनी काठमाडौंमै बस्ने भएकाले निर्देशक नाल्वो उनीहरूको हातबाट टीका ग्रहण गर्ने र उनीहरूसँगै रमाइलो गरेर समय बिताउने सोचमा छ । सुब्बा तिहारको आसपास केही पुस्तक पढिसिध्याउने योजनामा समेत छन् ।

गायक योगेश काजीले यसपटकको तिहारमा पोखरामा रहेका दिदी-बहिनीहरूको हातबाट टीका लगाउनेछन् । विवाह गरेर घर पठाइएका दिदी-बहिनीहरूसँग भेटेर मज्जाले कुराकानी गर्ने अवसर खासै पाइँदैन, काजी भन्छन्, 'तिहारमा टीका लगाउने बहानामा उहाँहरूसँग समय बिताउन पाइन्छ ।'

तिहार एकदमै मन पराउनेमध्ये अभिनेता तथा गायक यशकुमार पनि एक हुन् । उनका आफ्नै दिदी-बहिनी नभए पनि दिदी-बहिनी बनेका कसैसँग टीका ग्रहण गर्ने उनको सोच छ । यशकुमार तिहारमा घरपरिवारसँगै बस्न रुचाउँछन् ।

अभिनेता गौरव पहाडी तिहारको अघि पछि भन्दा पनि भाइटीकाको दिन दिदी-बहिनीहरूको हातबाट टीका लगाएको एकदमै मन पराउँछन् । गौरव भन्छन्, 'दिदी-बहिनीको हातबाट निकै फरक शैलीमा टीका लगाउँदा जुन आत्मीयता झल्कन्छ त्यो मलाई असाध्यै मन पर्छ ।' पहाडीले सानीआमाकी छोरीसँग टीका लगाउँदै आएका छन् ।

निर्देशक सबिर श्रेष्ठ यसपटकको तिहारमा जन्मघर नुवाकोट जानेछन् । उनका दुई दिदी-बहिनी उतै छन् । दिदी-बहिनीको हातवाट टीका लगाएर साथीभाइहरूसँग तास खेल्नुका साथै मीठा-मीठा परिकारहरू खाइन्छ, -निर्देशक श्रेष्ठले बताए ।

लोक तथा दोहोरी गायक बद्री पंगेनीलाई तिहार एकदम मन पर्ने पर्व हो । तिहारमा पशुपन्छीदेखि मानिससम्मलाई समान रूपमा गरिने सम्मान उनलाई असाध्यै मन पर्छ । तिहारमा पनि विभिन्न सांस्कृतिक कार्यक्रममा व्यस्त भएका बद्री टीका लगाउन दिदीको घर तनहुँ जानेछन् । दिदीको हातवाट टीका लगाएर आशीर्वाद लिनेछु, उनले भने, 'यो साँच्चिकै महत्वपूर्ण चाड हो, यसले हरेक दिदी-बहिनी तथा दाजु-भाइलाई अझ नजिक ल्याउँछ ।'

स्क्रिप्ट राईटर प्रदिप भारद्वाज पनि तिहारलाई निकै रमाइलो ढगंवाट मनाउने सोचमा छन् । तिहार भनेपछि सानैदेखि मनमा छुट्टै किसिमको आनन्द आउँछ, प्रदीप भन्छन्, 'काठमाडौंमा तिहार मनाउने तयारी छ, दिदीबहिनीको हातवाट टीका लगाउने हो ।' तिहार उमंग र हर्षको पर्व पनि हो । यो पर्वलाई निकै संयमित भएर मनाउनुपर्ने उनको तर्क छ ।

विकेन्ड इभेन्ट




# मिस एभिएसन क्विन- २०१८

एयर होस्टेसको प्रशिक्षण लिइरहेका तथा प्रशिक्षण लिइसकेका झण्डै दुई दर्जन सुन्दरी भोलि शनिबार 'मिस एभिएसन क्विन-२०१८' को ग्रान्ड फिनालेमा सहभागी हुँदैछन् । टच इन्टरटेन्मेन्ट तथा स्पर्श फिल्म्सले आयोजना गर्ने उक्त प्रतियोगिताका क्रममा विभिन्न गायक-गायिकाले लाइभ कन्सर्ट समेत प्रस्तुत गर्नेछन् ।

**स्थान** : मुड्स लाउञ्ज, ब्लुबर्ड मल, त्रिपुरेश्वर
**समय** : साँझ ५ बजे

**स्थान** : मुड्स लाउञ्ज, थापाथली
**प्रवेश शुल्क** : १ हजार ९ सय ९९ रुपैयाँ (डिनरसहित)

विकेन्ड कन्सर्ट

## लाइभ म्युजिक कन्सर्ट




तिहारको पूर्वसन्ध्या पारेर आज शुक्रबार ललितपुरको सुनाकोठीमा एउटा विशेष सांगीतिक कार्यक्रम हुँदैछ । सुनाकोठीको ऐतिहासिक संस्कृति तथा सभ्यता जगेर्ना गर्ने उद्देश्यले महर्जन कम्प्लेक्सले गायक रुपेश डंगोलको सक्रियतामा 'इन्डोर लाइभ म्युजिकल कन्सर्ट' शीर्षकको यो सांगीतिक कार्यक्रम सञ्चालन गर्न लागेको हो ।

**कलाकार** : भीम तुलाधर, ज्योति घिमिरे, सञ्जय श्रेष्ठ, बबिन प्रधान, जेम्स प्रधान, सचिन रौनियार, विजय गुरुङ, रविन महर्जन, रुपेश डंगोलको साथमा मानिकमान सिंह, भूपेन्द्र बज्राचार्य तथा प्रविण मानन्धरको ब्याकअप ब्यान्ड ।

**स्थान** : हंग्री ट्रिट रेस्टुराँ एन्ड पार्टी प्यालेस, सुनाकोठी, ललितपुर
**समय** : साँझ ५ बजे **प्रवेश शुल्क** : दुई हजार रुपैयाँ ।

## म्युजिकल जामिङ

भोलि शनिबार लियो क्लब अफ काठमाडौं, मीनभवनको आयोजनामा अपांग बालबालिकाहरूको सहयोगार्थ लाजिम्पाटस्थित त्रिसारामा 'म्युजिकल ज्यामिङ फर च्यारिटी' शीर्षकको सांगीतिक कार्यक्रम हुँदैछ । च्यारिटीका लागि आयोजना गर्न लागिएको यो कार्यक्रममा लोकप्रिय कलाकारहरु सहभागी हुनेछन् ।

**कलाकारहरू** : सुशील श्रेष्ठ, द कोभेन्स तथा द इक्वेल्स ब्यान्डका साथमा गायक सञ्जय श्रेष्ठ, गायक प्रसन्न अधिकारी, रविन महर्जन आदि ।
**समय** : दिउँसो १ बजेदेखि ६ बजेसम्म
**स्थान** : त्रिसारा, लाजिम्पाट

पोखरा विकेन्ड

## लक्ष्मीपूजाको दिन दीप साँझ



पोखराको दीप युनाईटेड क्लबले सातौं संस्करणको दीप साँझ सञ्चालन गर्ने भएको छ । कात्तिक २१ गते बुधबार लक्ष्मीपूजाका दिन हुने उक्त कार्यक्रममा नेपाली पप स्टार नविन के भट्टराईले प्रस्तुति दिनेछन् । उक्त अवसरमा गायिका इन्दिरा जोशी तथा सन्ध्या बूढा (काउली बूढी) को प्रस्तुतिसमेत हेर्न तथा सुन्न सकिनेछ । साथमा ड्रिमर्ज ब्यान्ड, लेजेन्ड ब्यान्ड आदिको प्रस्तुतिले यो साँझलाई थप रमणीय बनाउनेछ ।

**स्थान** : दीप युनाइटेड पार्क, पोखरा
**प्रवेश शुल्क** : २ सय रुपैयाँ
**समय** : साँझ ६ बजे

## भाइटीका फेस्टिभल

नेपालको सांस्कृतिक पर्वका रूपमा परिचित तिहारका अवसरमा पोखरामा भाइटीका फेस्टिभलको आयोजना हुँदै आएको छ । विदेशी पर्यटकहरूसँग तिहार मनाउने अवसरका रूपमा पश्चिमाञ्चल होटल संघ पोखराले बर्सेनि यो फेस्टिभलको आयोजना गर्दै आएको छ । तिहारको अन्तिम दिन कात्तिक २३ गते शुक्रबार सञ्चालन हुने १२ औं भाइटीका फेस्टिभलमा झन्डै १२ देशका ५० पर्यटक सहभागी हुने संघका अध्यक्ष विकल तुलाचनले जानकारी दिएका छन् ।

फेस्टिभल दिउँसो साढे २ बजेदेखि साँझ ६ बजेसम्म चल्नेछ जसमा पर्यटकले सप्तरंगी टीका लगाई प्रसाद ग्रहण गर्दै तिहारको मज्जा लिनेछन् ।

## दीपावली साँझ

पोखरामा तिहारको अवसरमा सर्वेश्वर दीपावली साँझको आयोजना हुँदैछ । कात्तिक २० गते मंगलबार प्रस्तुत हुने उक्त कार्यक्रममा सन्दीप क्षेत्रीको प्रस्तुति मुख्य आकर्षण रहनेछ । यसैगरी गायक मिलन लामाको गायनले उक्त कार्यक्रमलाई संगीतमय बनाउनेछ । सर्वेश्वर मार्ग व्यवसायी समितिले आयोजना गर्ने यो कार्यक्रमको थप आकर्षण मुस्कान रानाभाट, रञ्जन गायक तथा तरेली कल्चरल ग्रुप रहनेछन् ।

**स्थान** : सर्वेश्वर मार्ग, गैह्रापाटन पोखरा
**समय** : दिउँसो ३ बजे

## पुष्प व्यापार मेला

चौथो संस्करणको गोदावरी तथा पुष्प व्यापार मेला-२०७५ पोखरा सभागृहको प्राङ्गणमा आज कात्तिक १६ गते शुक्रबार सुरु हुनेछ भने यो मेला १९ गतेसम्म चल्नेछ । मेलामा ४ सय ५० प्रजातिका पुष्प प्रदर्शन गरिने बताइएको छ । फ्लोरिकल्चर एसोसिएसन नेपाल, कास्की शाखाले उक्त मेलाको आयोजना गर्न लागेको हो । गोदावरी मेलामा कास्की तथा गण्डकी प्रदेशमा पुष्प व्यवसाय गर्दै आएका ३५ व्यवसायीका स्टल रहने आयोजक संस्थाका पूर्वअध्यक्ष दयाकुमार द्वाले बताए । मेलामा ८० प्रतिशत नेपालमै उत्पादित पुष्प प्रदर्शन गरिनेछ । बाँकी २० प्रतिशत भने भारतबाट ल्याइएका फूल प्रदर्शनमा राखिनेछन् । यो मेलाका स्टलमा गोदावरी फूलका अतिरिक्त अन्य परम्परागत फूल, कटफ्लावर, सुनगाभा, सिजनल फूल, बोन्साई आदिको निःशुल्क अवलोकन गर्न पाइनेछ ।

ह्याप्पी विकेन्ड

# दोहोरीको रमाइलो



दोहोरी गीत सुन्ने तथा मन पराउनेहरूको संख्या निकै ठूलो छ । हरेकजसो टेलिभिजनमा दोहोरी गीतका छुट्टै कार्यक्रमहरु छन् । दोहोरीका म्युजिक भिडियोहरु पनि दिनहुँ बजिरहन्छन् । काठमाडौंमा दोहोरी साँझ खुल्ने क्रमसमेत बढिरहेको छ । नाम चलेका थुप्रै कलाकार दोहोरी साँझबाटै उदाएको पाइन्छ । दिनभरिको शारीरिक तथा मानसिक थकान मेटाउन दोहोरी साँझ जाने चलन बाक्लै छ । मीठा परिकारको स्वाद लिँदै दोहोरी हेर्न मात्र होइन, आफूलाई मन परेका गीत फर्माइससमेत गर्न सकिन्छ ।

माछापोखरी चोकमा राजधानी रोधी घर सञ्चालनमा आएको दुई वर्ष पुग्न लाग्यो । गायक प्रकाश कटुवालले सञ्चालनमा ल्याएको यो दोहोरीमा मारुनी, कौडा, सालैजो, रोइला, देउडा, लोकदोहोरी, आधुनिक तथा पुर्वेली गीत बढी सुन्न पाइन्छ । कलाकारहरु बालचन्द्र बराल, हरिमाया रायमाझी, विशाल रायमाझी, हरिशंकर चौधरी, भीम पौडेल, किशोर लम्साल, गायिका पूजा स्त्री, सरिता शाही, हरिमाया रायमाझी, डान्सर प्रियंका नेपाली, सपना ढेगामगर, पूजा पोखरेलले त्यहाँ प्रस्तुति दिँदै आएका छन् । काठमाडौंमा अहिले करिब १ सयवटा दोहोरी रेस्टुराँ भएको बताइन्छ भने मुलुकभर दोहोरी रेस्टुराँको संख्या २ सय ३० को हाराहारीमा छ । दोहोरी घरको बिशेषता के हो भने त्यहाँ गाउँको झ-झल्को पाइन्छ । रोधी बस्ने चलन गाउँमा हराउँदै गए पनि सहरका दोहोरी रेस्टुराँहरूले त्यो प्रचलन बढाएका छन् ।

**काठमाडौंका चर्चित रोधी घर**

- राजधानी रोधी घर, माछापोखरी चोक
- दरबार टु, जमल
- गामबेसी दोहोरी, ठमेल
- गण्डकी दोहोरी, कमलादी
- नीरमाया दोहोरी, कमलादी
- नगरकोट दोहोरी, ठमेल
- बाँसुरी दोहोरी, बालाजु

चलचित्र

# चंगा चेट



**निर्देशक :** दीपेन्द्र के खनाल
**कलाकार :** सन्दिप क्षेत्री, आयुष्मान देशराज जोशी, प्रियंका कार्की, सुरक्षा पन्त, पारमिता राणा, रवीन्द्र झा आदि ।
**संगीतकार :** राजनराज शिवाकोटी/मिस्टर आरजे

छायांकनको क्रममै चर्चा तथा विवादमा तानिएको चलचित्र 'चंगा चेट' को प्रदर्शन आज शुक्रबारदेखि नै प्रारम्भ हुँदैछ । तिहारको अवसर पारेर प्रदर्शनमा आउन लागेको यो चलचित्र डार्क कमेडी विधाको भएको बताइन्छ । सत्य घटनामा आधारित चलचित्र चंगा चेटमा नक्कली नोटको कारोबारदेखि सुन तस्करीसम्मका आपराधिक विषयवस्तु समेटिएको छ । यही चलचित्रको प्रोपर्टीका रूपमा प्रयोग गरिएका नक्कली नोट बजारमा आउँदा चलचित्रका निर्माता माधव वाग्ले केही महिना थुनामा समेत परेका थिए । यद्यपि अहिले उनी थुनामुक्त भैसकेका छन् । वाग्लेसहित शर्मिला पाण्डेको समेत लगानी रहेको यो चलचित्रका लेखक प्रदीप भारद्वाज हुन् । चलचित्रमा निश्चल बस्नेत, अर्पण थापा, ऋचा शर्मा तथा बेनिशा हमालले अतिथि कलाकारका रूपमा अभिनय गरेका छन् । यो चलचित्रमा समावेश राजनराज शिवाकोटी र मेलिना राईको स्वरको 'गोजीमा दाम छैन...' गीत लोकप्रिय भैसकेको छ । उक्त गीतमा चलचित्रका मुख्य तीन जोडीले अभिनय तथा नृत्य गरेका छन् । यूट्युबमा यो गीतको भिडियोले डेढ करोडभन्दा बढी भ्युज पाइसकेको छ । पैसाको पछाडि दौडँदा मानिसको जीवन चंगा जस्तै चेट हुन समय लाग्दैन भन्ने सन्देश बोकेको यो चलचित्रको पार्टी थिमको गीत ढल्की ढल्की नाचन...पनि उत्तिकै लोकप्रिय छ ।

# मालिका




**निर्देशक :** रेखा थापा
**कलाकार :** रेखा थापा, कमला ओली आदि
**संगीतकार :** सुरेश अधिकारी

अभिनेत्री रेखा थापा निर्देशकका रूपमा प्रस्तुत भएको पहिलो चलचित्र 'मालिका' को सार्वजनिक प्रदर्शन आज शुक्रबारदेखि प्रारम्भ हुँदैछ । नारीप्रधान यो चलचित्र सुदूर पश्चिमाञ्चल क्षेत्रको एउटा सत्य घटनामा आधारित छ । चलचित्रमा रेखा थापा नै मुख्य भूमिकामा छिन् । मालिकामा रेखासँगै कमला ओली पनि प्रमुख भूमिकामा छिन् । कमलाको यो पहिलो चलचित्र हो । रेखाले पश्चिम नेपालमै पुगेर कमलालाई चलचित्रमा ल्याएकी हुन् । चलचित्रको यसअघि नै सार्वजनिक ट्रेलर दर्शकले मन पराएका छन् । चलचित्रको ट्रेलरमै कञ्चनपुरमा बलात्कारपछि हत्या गरिएकी निर्मला पन्तको नियति चित्रण गरिएको छ । यो चलचित्रले नेपाली चेलीहरूको वर्तमान प्रतिकूलतामाथि कडा व्यंग्य गरेको छ । चलचित्रले बाल विवाहको अन्त्य तथा महिला सशक्तीकरणको विषयसमेत समेटेको छ । शिवम अधिकारी यो चलचित्रका लेखक हुन् । रामशरण उप्रेतीद्वारा छायांकन गरिएको यो चलचित्रको सांगीतिक पक्ष पनि सवल छ । चलचित्र मालिकाको हल्का माया के माया गाढा लगाउने तथा सर सर गीत लोकप्रिय भैसकेका छन् । रेखा फिल्म्सको ब्यानरमा निर्माण भएको यो चलचित्रकी निर्मातृ रेखाकै आमा सरस्वती थापा हुन् जसको छायांकन काठमाडौंसहित पश्चिम नेपालको बाँकेदेखि जाजरकोटसम्म गरिएको थियो ।

रंगमञ्च

# पोखरामा नाट्य कार्यशाला



रंगकर्मी अनुप बराल यतिबेला पोखरामा नाट्य कार्यशाला सञ्चालन गरिरहेका छन् । मास्टर्स अफ एक्टिङमार्फत उनले १५ जना युवायुवतीलाई नाट्य क्षेत्रको जानकारी दिँदै उनीहरूको अभिनय गर्ने हुटहुटीमा सहजता प्रदान गरिरहेका छन् । १५ दिने यो कार्यशालामा रंगक्षेत्रमा स्थापित हुन चाहने युवाहरूको सहभागिता छ । पोखरा थिएटरको आयोजनामा पोखरा थिएटरको गन्धर्व नाटकघरमा सञ्चालित यो कार्यशालापश्चात् प्रशिक्षार्थीको आत्मविश्वास वृद्धि भै रंगक्षेत्रमा स्थापित हुन उनीहरूलाई सहयोग पुग्ने बरालको विश्वास छ ।

# सुनसरीमा सडक नाटक

सामाजिक विकृति तथा नकारात्मक सामाजिक सोंचका विरुद्ध सुनसरीका विभिन्न स्थानमा युवाहरूले सडक नाटक प्रस्तुत गरेका छन् । सामाजिक समस्या न्यूनीकरण गर्न तथा महिलाहरूलाई सामाजिक रूपमा प्रोत्साहित गर्ने उद्देश्यले विभिन्न समुदायमा सडक नाटक प्रस्तुत गरिएको युवा विकास केन्द्रका अरुण खड्काले जानकारी दिए ।

ग्यालरी

# प्रमिलाको एकल कला प्रदर्शनी

बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा प्रमिला गिरीको एकल कला प्रदर्शनी भैरहेको छ । गत शनिबार प्रारम्भ भएको उक्त प्रदर्शनी मंसिर ९ गतेसम्म चल्नेछ । प्रदर्शनीमा ६० वटा चित्र एवं मूर्तिकला समावेश छन् । देश तथा विदेशका विभिन्न ठाउँमा कला प्रदर्शनी गर्दै आएकी प्रमिलाले अमेरिका, नर्वे आदिका देशमा आफ्नो कला प्रदर्शनी गरिसकेकी छिन् ।

# सम्झनामा कलाकारको भाइटीका



अनमोल केसी, अभिनेता



करिश्मा मानन्धर, अभिनेत्री



श्वेता खड्का, अभिनेत्री



साम्राज्ञी राज्यलक्ष्मी शाह, अभिनेत्री



भुवन केसी, अभिनेता



रेखा थापा, अभिनेत्री



सरिता लामिछाने, अभिनेत्री



प्रियंका कार्की, अभिनेत्री



प्रमोद खरेल, गायक



राजबल्लभ कोइराला, अभिनेता

सूचना र मनोरञ्जनको संगालो
साप्ताहिक





तस्बिर : महेश प्रधान
लोकेसन : भक्तपुर दरबार स्क्वायर
मेकअप : अम्बु रुचाल

Log on to :
facebook
www.facebook.com\kantipursaptahik

# जसमाथि लक्ष्मीको आशीर्वाद लाग्यो



भनिन्छ, जसले लक्ष्मीलाई सम्मान गर्छन् लक्ष्मी उसैसँग प्रसन्न हुन्छिन् । लक्ष्मीको कृपाकै कारण विश्वका कतिपय मानिस अर्बौंको मालिक भएका छन् । लक्ष्मी सधैं दाहिना हुने विश्वका १० अर्बपती तथा उनीहरूको सम्पति :

## जेफ बेजोस

गत वर्ष लक्ष्मीले सबैभन्दा पत्याएकी व्यक्ति हुन् वेब कम्पनी एमजोनका संस्थापक- जेफ बेजोस । अमेरिकी नागरिक बेजोस फोर्ब्स म्यागिजनले प्रत्येक वर्ष निकाल्ने धनीहरूको सूचीको एक नम्बरमा छन् । उनीसँग १ सय ३० दशमलव ५ अर्ब डलर बराबर सम्पत्ति छ । बेजोस गत वर्ष आफ्नो सम्पत्तिमा ४० अर्ब डलर थप गर्दै पहिलो नम्बरमा आएका हुन् । उनको एमजोन कम्पनीले चलचित्र बेच्नुका साथै केही चलचित्र आफैं पनि बनाउन थालेको छ । बेजोस एक सय बिलियन सम्पत्ति कटाउने पहिलो व्यक्ति पनि हुन् । ५३ वर्षीय यी अमेरिकी व्यापारी न्यु मेक्सिकोमा जन्मिएका हुन् ।

## बिल गेट्स

माता लक्ष्मीले सधैंभरि पत्याइरहेका विश्वका अर्का धनाढ्य व्यक्ति हुन् अमेरिकी नागरिक- बिल गेट्स । ६२ वर्षीय गेट्सको सम्पत्ति ९२ दशमलव २ अर्ब डलर छ । कम्प्युटर सफ्टवेयर कम्पनी माइक्रोसफ्टका संस्थापक गेट्स लामो समयदेखि फोर्ब्सको धनीहरूको सूचीमा अघिल्लो स्थानमा रहँदै आएका छन् । गत वर्ष एक नम्बरमा रहेका यी व्यापारीलाई जेफ बोसेजले उछिनेका हुन् । सफ्टवेयर कम्पनी माइक्रोसफ्ट बिल गेट्स तथा उनका साथी पल एलेनले सुरु गरेका थिए । उक्त सफ्टवेयर सुरु गर्दा उनीहरूले प्रत्येक घरमा एक कम्प्युटर हुने अवधारणा अघि सारेका थिए । उनीहरूको त्यो सोच अहिले पुरा भएको छ ।

## वारेन बफेट

विभिन्न कम्पनीका सेयरमा लगानी गर्ने ८७ वर्षीय वारेन बफेट अर्बौं सम्पत्ति भएका ठूला व्यापारी हुन् । ९१ दशमलव ३ अर्ब डलर सम्पत्तिका धनी बफेटलाई कम्पनीको भविष्य हेरेर लगानी गर्ने व्यक्तिका रूपमा चिनिन्छ । उनी जति कमाउँछन् त्यसको निश्चित हिस्सा विभिन्न फाउन्डेसनमार्फत अरूलाई सहयोग पनि गर्छन् ।

## बर्नार्ड अर्नाल्ट

बर्नार्ड अर्नाल्ट विश्वविख्यात फेसन ब्रान्ड लुइस भिटोन, शैम्पेन तथा सिग्नेक उत्पादक कम्पनी मोनेट हेनसी मिलेर बनेको लुइस भिटोन मोनेट हेनसी (एलभिएमएच)का कार्यकारी अधिकृत हुन् । विश्वका चौथा धनी अर्नाल्टीसँग ७५ दशमलव ७ अर्ब डलर बराबर सम्पत्ति छ । अघिल्लो वर्ष १४ औं स्थानमा रहेका अर्नाल्ट यो वर्ष चौथो नम्बरमा छन् ।

## मार्क जुकरबर्ग

विश्वविख्यात सामाजिक सञ्जाल फेसबुकका संस्थापक मार्क जुकरबर्गको कमाइ थप आकर्षक हुँदै गएको छ । उनी संसारका पाँचौं धनी व्यक्ति हुन् । यही वर्ष ३० अर्ब डलर नाफा कमाएर उनी यो सूचीमा आएका हुन् । मार्कसँग हाल ७४ दशमलव ६ अर्ब डलर बराबर सम्पत्ति छ ।

## कार्लोस स्लिम हेलु

मेक्सीकोका व्यापारी कार्लोस स्लिम हेलुसँग ७० दशमलव ५ अर्ब डलर सम्पत्ति छ । ग्रुप कार्सोका मालिक कार्लोसले विभिन्न कम्पनी, स्वास्थ्य सेवा प्रदायक संस्था, सञ्चारमाध्यम, हाइड्रो इनर्जी तथा रियल स्टेटमा लगानी गरेका छन् ।

## अमानसिओ अर्टेगा

स्पेनीस इन्टरप्रेनर तथा इन्डिटेक्स फेसनका संस्थापक अमान्सिओको जारा कम्पनी विश्वमै प्रसिद्ध कपडा उत्पादन तथा सप्लाई गर्ने चेन कम्पनी हो । ७० दशमलव ५ अर्ब डलर सम्पत्तिका मालिक अर्टेगा विश्वका सातौं धनी व्यक्ति हुन् ।

# महादानीहरू

## बिल गेट्स

विश्वका धनीको सूचीमा रहेका माईक्रोसफ्टका मालिक बिल गेट्स महादानीहरूको सूचीमा पनि शीर्ष स्थानमै छन् । बिल गेट्सले विभिन्न समाजिक संघसंस्थालगायत आफू र श्रीमती मेलिन्दा गेट्सको नाममा सन् २००० मा स्थापना गरेको बिल एन्ड मेलिन्दा गेट्स फाउन्डेसन मार्फत् स्वास्थ सेवा, शिक्षा, प्रविधि विकास एवं गरिबी निवारणका लागि ३२ खर्ब ७६ अर्ब रुपैयाँ (अहिलेको अमेरिकी डलर मूल्य अनुसार) दान गरिसकेका छन् । बिल गेट्सले आफ्नो आम्दानीको ९५ प्रतिशत हिस्सा दान दिने घोषणा धेरै पहिले नै गरिसकेका छन् ।

BILL & MELINDA GATES *foundation*

## वारेन बफेट

बर्कसायर हाथवेका सिईओ एवं अध्यक्ष वारेन बफेट पनि विश्वका धनाढ्यहरूको सूचीको अग्रपंक्तिमा छन् । उनले पनि आफ्नो आम्दानीको ठूलो हिस्सा विभिन्न सामाजिक संस्था आदि बिल एन्ड मेलिन्दा गेट्स फाउन्डेसनमार्फत दान गरिरहेका छन् । बफेटको योजना बिल एन्ड मेलिन्दा गेट्स फाउन्डेसनमार्फत् ४३ खर्ब २९ अर्ब रुपैयाँ दान गर्ने छ । उनले अहिलेसम्म गेट्स फाउन्डेसनलाई ३ खर्ब २७ अर्ब ६० करोड रुपैयाँ (अहिलेको अमेरिकी डलर मूल्यअनुसार) दान गरिसकेका छन् ।

## मार्क जुकरबर्ग

फेसबुकका संस्थापक एवं अध्यक्ष मार्क जुकरबर्ग पनि दानविरको सूचीमा शीर्ष स्थानमै छन् । मार्कले आफ्नी श्रीमती प्रिसेला च्याङसँग मिलेर सन् २०१० मा १ खर्ब १७ अर्ब रुपैयाँ दान गरेका थिए । उनले नेवार्क पब्लिक स्कुललाई दिएको यो चन्दाले निकै चर्चा पाएको थियो । त्यसबाहेक जुकरबर्गले गेट्स फाउन्डेसनका साथै अरू सामाजिक संस्थामार्फत पनि अरबौं रुपैयाँ दान गरिरहेका छन् । सन् २०१३ मा जुकरबर्गले फेसबुकको २ अर्ब १० करोड ६० लाख रुपैयाँ बराबरको सेयर सिलिकन भ्यालीको कम्युनिटी फाउन्डेसनलाई दान दिएका थिए । जुकरबर्गले छोरी म्याक्स जन्मिएपछि फेसबुकमा रहेको आफ्नो ९९ प्रतिशत सेयर च्याङ-जुकरबर्ग योजनालाई दान गरेका थिए ।

## निक उडम्यान

गो प्रो क्यामेरा उत्पादक कम्पनीका संस्थापक एवं सिईओ पनि ठूला दानीहरूको सूचीमा छन् । अहिले सर्वाधिक रुचाइएको गो प्रो क्यामेराका संस्थापक उडम्यानले सन् २०१४ मा ५८ अर्ब ५० करोड रुपैयाँ सिलिकन भ्यालीको कम्युनिटी फाउन्डेसनलाई दान दिएका थिए ।

## जोन आर्नोल्ड

ऊर्जा क्षेत्रका व्यापारी जोन आर्नोल्ड अमेरिकी धनाढ्य हुन् । उनले पनि आफ्नो आम्दानी श्रीमती लाउरासँग मिलेर खोलेको फाउन्डेसनमार्फत मानवीय कार्य गर्ने संस्थाहरूलाई दान दिने गरेका छन् । उनीहरूले आफ्नो आम्दानीको आधा हिस्सा सन् २०१२ मा दान गरेका थिए । जोन लाउरा फाउन्डेसन प्राथमिक तथा माध्यमिक शिक्षाको विकासका साथै अपराध नियन्त्रणको क्षेत्रमा समेत सक्रिय छ । आर्नोल्डले अहिलेसम्म ४९ अर्ब ४९ करोड १० लाख रुपैयाँ दान गरिसकेका छन् ।

# रातारात अर्बपति हुनेहरू




अमेरिकामा सञ्चालन हुने मेगा मिलियन ज्याकपट जित्ने सपना धेरैको हुन्छ । चिठ्ठा भएका कारण यो अवसर प्राप्त गर्ने सौभाग्य धेरै थोरैले मात्र पाउँछन्, तर जसले पाउँछन् उनीहरु रातारात अर्बपति हुन्छन् ।

मेगा मिलियनको पछिल्लो ज्याकपट कातिक ३ गते खोलिएको थियो, जसको पुरस्कार राशि अहिलेसम्मकै सर्वाधिक छ । १ खर्ब ८७ अर्ब २० करोड रुपैयाँ नगदको यो पुरस्कार विजेताले ३० वर्षको किस्ताबन्दीमा उक्त रकमको भुक्तानी पाउनेछन् भने एकै पटक चाहे १ खर्ब ५ अर्ब ८७ करोड ३३ लाख रुपैयाँ प्राप्त गर्नेछन् । यो पुरस्कार एउटै व्यक्तिले पाए कर कट्टा गरेर २५ अर्ब ४१ करोड २४ लाख रुपैयाँ हात पार्छन् । २ डलर अर्थात् २ सय ३४ रुपैयाँको टिकट किनेर यसरी रातारात धनी हुनेहरु अरु पनि छन् ।

### १ खर्बको पावरबल

सन् २०१६ को जनवरी १३ तारिखमा पावरबल अन्तर्गत १ खर्ब ८५ अर्ब ५६ करोड २० लाख रुपैयाँको चिठ्ठा खोलिएको थियो । यो नगद पुरस्कार ३ जनाले जितेका थिए । उनीहरूलाई कर कट्टा गरेर दामासाहीले पुरस्कार दिँदा एक जनाको भागमा ३८ अर्ब ३५ करोड २६ लाख रुपैयाँ परेको थियो ।

### ८८ अर्बको पावरबल

पावरबल ज्याकपटअन्तर्गत सन् २०१७ को अगस्ट महिनामा खोलिएको चिठ्ठाको कुल धनराशि ८८ अर्ब ७६ करोड ७९ लाख रुपैयाँ थियो । उक्त चिठ्ठाले माभिस वाञ्कीलाई रातारात अर्बपती बनायो । चिठ्ठा परेपछि उनले विगत ३२ वर्ष देखि काम गर्दै आएको मेडिकल सेन्टरको जागिरवाट राजीनामा दिइन् । राज्यको कर कट्टा गरेर उनको हातमा ५६ अर्ब २१ करोड ८५ लाख रुपैयाँ परेको थियो ।

### ७६ अर्बको मेगा मिलियन्स

सन् २०१२ को मार्च महिनामा मेगा मिलियन्सको अर्बौं रुपैयाँको चिठ्ठा खोल्दा तिन जना टिकटधारी विजेता घोषित भए । यो पुरस्कारमा मार्ली एन्ड प्याट्रिसिया बट्लरले मात्र दावी गरे । यो पुरस्कार जितेका मेरिल्यान्डका खरिदकर्ता अज्ञातसरह नै भए । एक स्कुलका तिन जना कर्मचारी मिलेर किनेको यो टिकटमा उनीहरूले द थ्रि एमिगोज नाम लेखाएका थिए भने अर्का विजेता कन्सास राज्यका थिए । उनी पनि पुरस्कारको दावा गर्न आएका छैनन् । भागबन्डाका क्रममा मार्लि एन्ड प्याट्रिसियाले कर कट्टा गरेर २५ अर्ब ५७ करोड ६२ लाख रुपैयाँ हात पारेका थिए ।

### ७५ अर्बको मेगा मिलियन्स

सन् २०१३ को डिसेम्बरमा मेगा मिलियन्सको ७५ अर्ब ८१ करोड ६० लाख रुपैयाँको चिठ्ठा खोलिएको थियो । यो पुरस्कार जर्जियाका इयान करी तथा क्यालिफोर्नियाका स्टिभ ट्रान्सलाई परेको थियो । एक गिफ्ट सफ्टमा काम गर्ने ट्रान्स चिठ्ठाको टिकटसमेत बिक्री गर्थे भने भाग्य अजमाउन




आफैं पनि चिट्ठा खरिद गर्थे । चिठ्ठा परेको थाहा पाएपछि उनले आफूले काम गरिरहेको गिफ्ट सपको जागिर त्यागे । चिठ्ठा परेको टिकट बिक्री गरेबापत उनले ११ करोड ७० लाख रुपैयाँ प्राप्त गरे । अर्की विजेता करीले परिवारको वर्थडे मनाउने क्रममा अन्तिम समयमा उक्त टिकट खरिद गरेकी थिइन् । भाग्य अजमाउन ७ नम्बरलाई समेत समावेश गरेकी करी तथा ट्रान्सले जनही २० अर्ब २४ करोड १० लाख रुपैयाँ प्राप्त गरेका थिए ।

### ६९ अर्बको पावरबल

सन् २०१३ को मे महिनाको पावरबल चिठ्ठा खुल्दा ग्लोरिया म्याकेन्जि रातारात अर्बपति भइन् । त्यतिबेला पावरबलको सर्वाधिक ठूलो धनराशिको पुरस्कार मानिएको यो चिठ्ठाको कुल पुरस्कार राशि ६९ अर्ब ८ करोड ८५ लाख रुपैयाँ थियो । ग्लोरियाले यो चिठ्ठामा पाएको रकम एकैपटक लिने निर्णय गरिन्, जसमा कर कट्टा गर्दा उनको हातमा ४३ अर्ब २९ करोड रुपैयाँ परेको थियो ।

# धन गुमाउनेहरू

खर्बपतिहरूलाई कहिल्यै आफू सडकमा आउँछु भन्ने लागेको हुँदैन । उनीहरु जसरी रातारात सडकबाट खर्बपति भए त्यसरी नै रातारात सडकमा आएका घटना पनि प्रशस्तै छन् । तिनै केही खर्बपतिहरूको चर्चा :

### ईकी बाटिष्टा

ईकी बाटिष्टालाई कुनै बेला ब्राजिलका सर्वाधिक धनाढ्य व्यक्ति मानिन्थ्यो । ब्राजिलको प्राकृतिक स्रोत साधनको व्यापार गरेर उनले अहिलेको अमेरिकी डलर मूल्यअनुसार ४० खर्ब ९५ अर्ब रुपैयाँ बराबरको सम्पत्ति जोडेका थिए । जब ईकीको व्यापार धराशायी हुन थाल्यो, त्यो यसरी तल झर्‍यो कि उनको ३५ अर्ब रुपैयाँ बराबरको सम्पत्ति माटो भयो । ९९ प्रतिशत सम्पत्ति गुमाएका ईकीलाई स्थानीय पादरीले तिमीले प्रकृतिको दोहन गरेर कमाएको सम्पत्ति प्रकृतिमै मिल्छ त्यसैले तिमीले प्रायश्चित गर्नु भने । पादरीको सल्लाहअनुसार ईकीले १ करोड ७५ लाख ५० हजार बराबरको सुनको असर्फी समुद्रमा अर्पण गरेका थिए ।

### एलिजावेथ होम्स

मेडिकल परीक्षकका रूपमा थेरानोक्सको ख्याति विश्वभर थियो । त्यही कम्पनीका सिइओ थिइन्– एलिजावेथ । मानिसहरूको रगत परीक्षण गर्दा प्रयोग गर्ने औजार कम गुणस्तरको भएको पत्ता लागेपछि उनको कम्पनी धराशायी हुने क्रम बढ्दै गयो । कुनै समय कम्पनीको कुल सम्पत्ति ५ खर्ब २६ अर्ब ५० करोड रुपैयाँ थियो जसका कारण एलिजावेथ फोब्सको धनाढ्यहरूको सूचीमा पनि माथिल्लो पंक्तिमै थिइन् । तिनै एलिजावेथ यो घटना पछि मुद्दा मामिला, क्षतिपूर्ति र नाकाबन्दीका कारण ठूलो धनराशि गुमाउँदै सडकमा पुगिन् ।

### माइकल पियर्सन

भालियन्ट फर्मास्युटिकल कम्पनीको ख्याति ठूलै थियो ।



यो कम्पनीको सेयर सूचीकृत थियो । सन् २०१६ मा यो कम्पनीको आकाशमा कालो बादल मडारियो, जसका कारण कम्पनीको सेयर मुल्यमा ८० प्रतिशत गिरावट आयो । उच्च पदमा कार्यरत एक कर्मचारी अपराधको अभियोगमा फसेपछि यो कम्पनी धराशायी हुने क्रम अझ बढेको थियो । यो कम्पनीका सिइओ माइकल पियर्सनले मात्र २१ अर्ब २ ९ करोड ४० लाख रुपैयाँ क्षतिपूर्ति तिर्नुपरेको थियो । कुनै समय ड्युक युनिभर्सिटीलाई चन्दा दिने माइकलको यो कम्पनीले अरु कम्पनी ठूलो रकम तिर्नुपर्ने, क्षतिपूर्ति तिर्नुपर्ने र प्रतिस्पर्धा गर्न नसक्ने भएपछि धराशायी भएको थियो ।

### ओउब्रे म्याकक्लिनडोन

चिसापिकी इनर्जी कम्पनीलाई सन् २००० पछिको सर्वाधिक सफल कम्पनी मानिन्थ्यो । यसका मालिक थिए– ओउब्रे म्याकक्लिनडोन । उनले सन् २००० देखि २०१० सम्ममा कम्पनीको स्वामित्व १ खर्ब १७ अर्ब रुपैयाँबाट १५ खर्ब २१ अर्ब रुपैयाँ पुऱ्याएका थिए । सन् २०११ को अनुमानअनुसार ओउब्रेको मात्र कुल सम्पत्ति १ खर्ब ४० अर्ब ४० करोड रुपैयाँ थियो । उनको कम्पनीको सेयर बजारमा अत्यधिक चुलिएकै बेला यसरी धराशायी भयो कि सेयरको मूल्यमा ९० प्रतिशत गिरावट आयो । यो पीडा सहन नसकेर फरारी कार तीव्र गतिमा चलाउने सौख राख्ने ओउब्रेले आफूले चलाएको कार दुर्घटनामा पारेर प्राण त्याग गरे ।

### विजय माल्या

भारतका बिजय माल्याको सान, सौकत र व्यापारको साम्राज्यको चर्चा कुनै बेला विदेशमा सम्म हुन्थ्यो । भारतको मदिरा उद्योगमा माल्याको साम्राज्य नै थियो । उनको किंगफिसर बियर र सोही नामको एयरलाइन्सले उनको व्यापारलाई चुचुरोमै पुऱ्याएका थिए । व्यापार फस्टाइरहेका बेला उनीसँग १ खर्ब ७५ अर्ब ५० करोड रुपैयाँ थियो । रइस जिन्दगी बिताउने माल्याले विभिन्न बैंकसँग लिएको ऋण तिर्न सकेनन् जसका कारण उनी भागेर बेलायत पुगे र त्यतै बस्न थाले ।



# किन खाइन्छ मिठाई ?

चाडपर्व विशेष गरी तिहारमा गुलियो आधारित मिठाई तथा रोटी बढी खाइन्छ। अघिपछिको तुलनामा तिहारका बेला गुलियो खाइनुका पछाडि वैज्ञानिक कारण समेत छ। जाडोको ठीक अघि पर्ने तिहारमा खाइने गुलियोले शरीरलाई आवश्यक ऊर्जा सञ्चय गर्न सघाउँछ। त्यसबाहेक मिठाई शरीरको रोग प्रतिरोधात्मक क्षमतामा समेत वृद्धि ल्याउँछ। नेपाल तथा भारतमा तिहारकै बेला पारेर मिठाईजन्य गुलियो पदार्थ बढी प्रयोग भए पनि प्रायः जाडो भैरहने युरोपेली देशहरूमा बाह्रै महिना गुलिया चकलेटको उच्च माग रहन्छ।

### गुलियोको इतिहास

इशापूर्व ४ सय देखि ६ सय वर्ष अघिसम्म मानिसका लागि गुलियो खानाको स्रोत भनेकै प्राकृतिक रूपमा प्राप्त गुलिया फलफूल अथवा मह नै मानिन्थ्यो। पछि भारतीय उपमहाद्वीपमा उखुको गुण पत्ता लागेपछि उखु र उखुको रस नै गुलियोको स्रोत हुन पुग्यो। भारत हुँदै इरान पुगेको उखुले इरानमा व्यापक रूपमा परिष्कृत हुने मौका पायो। यही क्रममा पर्सियन खाद्यविज्ञहरूले गुँड तथा सख्खर (चिनी) बनाउने प्रविधिको विकास गरे, जुन बिस्तारै संसारभरि फैलियो। उखुको रसबाट विभिन्न थरिका मिठाई बनाउने क्रम चलेपछि त्यसले संसारभर नै लोकप्रियता पाउन थाल्यो।

यसैगरी झन्डै ३ हजार वर्षअघि मध्य अमेरिका तथा मेक्सिकोमा कोका प्रयोग गरिन्थ्यो। त्यतिबेला मेक्सीकोमा रहेका एज्टेकहरू कोकाको धुलोलाई पानीमा उमालेर पिउँथे। १ हजार ५ सय वर्षअघि एज्टेकहरूले गुलियोको स्वाद पाएपछि त्यही कोकाको रसमा गुलियो हालेर पिउन थाले। त्यसरी पिउन बनाइएको रस कुनै एकदिन भाँडामै जमेपछि उनीहरूले चकलेटको स्वाद पत्ता लगाए। एज्टेकहरूको अज्ञानतावश पत्ता लागेको त्यही गुलियो पदार्थ स्पेनिसहरूले अमेरिका पुगेपछि चाख्न पाए। त्यसपछि स्पेनिसहरूले १६औं शताब्दीको प्रारम्भमा कोकाको धुलो तथा गुलियो मिश्रित त्यही खाद्यपदार्थलाई युरोप पुर्‍याए। स्पेनिस उपनिवेशवादी सेनाका कमाण्डर कोर्टेजमार्फत स्पेन पुगेको त्यही खाद्यपदार्थ युरोपमा चकलेटको नाममा लोकप्रिय हुन पुग्यो। यस्तो चकलेट तथा चकलेट ड्रिङ्क बिक्री गर्ने पहिलो पसल बेलायतको लन्डनमा सन् १६५७ मा खुलेको थियो। त्यसपछि त्यस्तो चकलेट अनेक थरीका परिकारमा परिष्कृत हुँदै युरोपभरि फैलियो। अहिले हामीले प्रयोग गर्ने अनेक थरीका चकलेटहरूमा मुख्य अवयवका रूपमा कोका प्रयोग हुन्छ। अहिले उखुबाट बन्ने चिनी, कोकाबाट बन्ने चकलेट तथा दूध र दुग्धजन्य पदार्थ मिश्रण गरेर अनेक थरिका, गुलिया क्यान्डी, चकलेट, टफी तथा विभिन्न किसिमका मिठाई तयार पारिन्छ।

# मिठाई खानुपर्ने ५ कारण



### हृदयाघातबाट जोगाउँछ

गुलियो पदार्थसँग दूधजन्य पदार्थ मिश्रण हुँदा निर्माण हुने सुक्रोज नामक तत्वले मानिसलाई अचानक हुन सक्ने हृदयाघातबाट सुरक्षा प्रदान गर्छ। नेपाल तथा भारतमा चकलेटजन्य गुलियो पदार्थको प्रयोग कम भए पनि युरोपमा हृदयाघातबाट जोगिनकै लागि बढी चकलेट प्रयोग गरिन्छ।

### स्वस्थकर खाना

हामीकहाँ बिहान सबेरै नास्ता खाने चलन त्यति नभए पनि प्रायःजसो समाजमा बिहान सबेरै नास्ता गर्ने चलन छ। नास्तामा चिल्लो तथा गुलियो बढी प्रयोग गरिन्छ। नास्तामा प्रयोग गरिएको चिल्लो तथा गुलियोले बिहान शरीरलाई आवश्यक ऊर्जा प्रदान गर्छ। यस्तो ऊर्जाको स्रोत दूध, चिज, अन्डा तथा गुलियोजन्य चकलेटलाई नै मानिन्छ।

### राम्रो निन्द्रा ल्याउँछ

निद्रा मानिसको स्वास्थ्यका लागि अपरिहार्य मानिन्छ। राम्रो निद्राका लागि गुलियो स्वादको भोजनले सघाउ पुर्‍याउँछ। यसैकारण कतिपय मानिस साँझको खानापछि अलिकति भए पनि गुलियो खान्छन्। भोज-भतेरमा डिजर्टमा समावेश गरिने मिठाई त्यसकै प्रतीक हो।

### वजन घटाउन सघाउँछ

धेरै मानिसको विश्वास विपरीत कोका पाउडर प्रयोग गरिएको डार्क चकलेट खाँदा अनावश्यक तौल नियन्त्रण गर्न सघाउ पुग्छ। यही कारणले व्यायामलाई नियमितता दिने प्रायःजसो मानिस भोजनपछि अलिकति भए पनि गुलियोजन्य मिठाई वा चकलेट खान रुचाउँछन्।

### रक्तचाप घटाउँछ

धेरै मानिसको विश्वासविपरित चकलेटले उच्च रक्तचापबाट पीडित मानिसलाई राहत प्रदान गर्छ। नियमित कोका पाउडर प्रयोग गरिएको डार्क चकलेट खाँदा रक्तचाप नियन्त्रित हुन्छ भन्ने कुरा विभिन्न अध्ययनले देखाएका छन्।

# केही महँगा चकलेट

**संसारमा अनेक थरीका टफी तथा चकलेट पाइन्छन्। सामान्य चकलेटदेखि महँगो चकलेटको स्वाद त्यसको मूल्यअनुसार फरक-फरक हुन्छ। संसारमा केही यस्ता चकलेट पनि पाइन्छन् जसको मूल्य हाम्रो कल्पनाभन्दा पर छ।**



अमेडिज प्रिडाइम


टोक


ले लिभरे


गोल्ड चकलेट बक्स


मेडलाइन ट्रफल

### टोक

सन् २०१४ मा अमेरिकामा आयोजित एक व्यापार मेलामा राखिएको यो चकलेट त्यतिबेला प्रति चकलेट २ सय ६० डलरमा बेचिएको थियो। लिमिटेड अडिसनका रूपमा उत्पादन गरिएको उक्त चकलेट त्यतिबेला जम्मा ५ सय ७४ थान बनाइएको थियो, जसमा ८१ प्रतिशत डार्क चाकलेट प्रयोग गरिएको थियो।

### मेडलाइन ट्रफल

७१ प्रतिशत डार्क चकलेट प्रयोग गरेर फ्रान्समा निर्माण गरिएको यो चकलेटको मूल्य त्यति बेला २ सय ५० डलर थियो, जम्मा १ दशमलव ५ औंस तौलको यो चकलेटमा रिचक्रिम तथा भेनिलासमेत प्रयोग गरिएको थियो।

### गोल्ड चकलेट बक्स

स्वीजरल्याण्डमा सन् १९१० देखि १९२० को अवधिमा निर्मित यो चकलेटमा २४ क्यारेट सुनको परत चढाइएको थियो। त्यतिबेला त्यस्ता ८ वटा चकलेट राखिएको एउटा बाकसको मूल्य १ सय ३३ डलर थियो। यो मूल्य आजभन्दा १ सय वर्ष अघिको हो।

### अमेडिज प्रिडाइम

संसारकी पहिलो महिला चकलेट निर्मात्रीद्वारा उत्पादित अमेडिज प्रिडाइम नामक चकलेटको मूल्य ५५ डलर प्रति चकलेट थियो। यो चकलेट बजारमा उपलब्ध थिएन। यो चकलेटका ग्राहकले हुलाकमार्फत् अर्डर पठाउनुपर्थ्यो र उनीहरूले हुलाकमार्फत् नै चकलेट प्राप्त गर्थे। यो चकलेट न्युयोर्कमा सामाजिक प्रतिष्ठाको विषय समेत बनेको थियो।

### ले लिभरे

सन् २००० मा फ्रान्सको एक चकलेट निर्माता कम्पनीले २ सयौं वार्षिक उत्सव मनाउन निर्माण गरेको ले लिभरे नामक चकलेटको मूल्य ५ सय ५० डलर थियो जसको एउटा बक्समा जम्मा ३५ वटा चकलेट हुन्थे।

# केही प्रसिद्ध मिठाई





















**लड्डु :** मिठाईमा सबैभन्दा लोकप्रिय लड्डु नै मानिन्छ । हिन्दू चाडपर्वमा लड्डुको प्रयोग अनिवार्य छ । विभिन्न किसिमका मसाला प्रयोग गरेर तयार पारिने मोतीचुरको लड्डुहरूमध्ये सबैभन्दा लोकप्रिय लड्डु मानिन्छ । लड्डुको पहिलो प्रयोग प्राचीन भारतीय आयुवेदाचार्य सुश्रूतले गरेका थिए । उनी रोगीलाई तङ्ग्राउन लड्डु प्रयोग गर्थे ।

**गुलाब जामुन :** हामी कहाँ लालमोहन भनिने लोकप्रिय मिठाईलाई गुलाब जामुन पनि भनिन्छ । भारतीय उपमहाद्वीपमा विशेष मन पराइने गुलाब जामुन खासमा इरानबाट भारत आएको हो । इतिहासअनुसार मुस्लिम शासकहरूले भारतमा लुटपाट मच्याउने क्रममा गुलाबजामुनले भारतमा प्रवेश पाएको हो ।

**रसभरी :** दूध फटाएर बनाइने छेनाबाट तयार पारिने रसभरी खासमा बंगाली मिठाई हो । एकपटक यो मिठाईको इतिहासको विषयमा भारतकै पश्चिम बंगाल तथा उडीसा राज्यबीच विवादसमेत भएको थियो । चिनीको चास्नीमा डुबाएर तयार पारिने रसभरी नेपालमा पनि निकै लोकप्रिय छ ।

**बर्फी :** भारतको मौलिक मिठाईका रूपमा परिचित वर्फी आफ्नो स्वाद र आकारका लागि प्रसिद्ध छ । बर्फी विशेष गरी दुधको खुवा र काजुको मिश्रणबाट तयार पारिन्छ ।

**जलेबी :** दक्षिण एसियामै सर्वाधिक लोकप्रिय मानिने जलेवी पनि मूल रूपमा भारतीय मिठाई होइन । यो मिठाईको पहिलो प्रयोग इरान तथा टर्कीमा भएको थियो । यो मिठाई पनि मुस्लिम आक्रमणकारीहरूले नै भारत भित्र्याएका हुन् ।

**घेवर :** घेवर भन्ने बित्तिकै मानिसहरू राजस्थानलाई सम्झन्छन् । राजस्थानको मौलिक मिठाई घेवरको पहिलो प्रयोग देवी पार्वतीले महादेवलाई पतिका रूपमा प्राप्त गर्न बसेको तीजको व्रतका क्रममा गरेको धार्मिक मान्यता छ ।

**रसमलाई :** रसमलाई बंगाली मिठाई हो । यो मिठाई बनाउने विधि तथा रसभरी बनाउने विधि एउटै भए पनि रसमलाई भने चास्नीमा नभै बाक्लो हुने गरी पकाइएको गुलियो दुधमा डुबाइन्छ ।

**मैसुर पाक :** यो मिठाई दक्षिण भारतको लोकप्रिय मिठाई हो । मैसुर साम्राज्यका शासक महाराजा कृष्णराज वाडियार चौथोलाई प्रशन्न बनाउन दरबारका भान्सेहरूले यो मिठाईको आविष्कार गरेका थिए । यो मिठाई दुध, चिनी तथा घिउबाट तयार पारिन्छ ।

**पेडा :** पेडा भन्ने बित्तिकै मानिसहरूको भारतको धार्मिक सहर मथुरालाई सम्झन्छन् । पेडासँग भगवान श्री कृष्णका रासलिलाहरू जोडिएका छन् । अहिले पनि मथुरामा बनाइने पेडाको पहिलो घान भगवान श्री कृष्णलाई नै अर्पण गरिन्छ ।



**सोनपापडी :** चनाको पीठो तथा चिनीबाट तयार पारिने सनपापडी खासमा टर्किस मिठाई हो । १३ औं शताब्दीमा भारतमा आक्रमण गर्ने टर्कीस शासक तैमुरलङसँगै भारत आइपुगेको यो मिठाई सैनिकहरूको शक्ति बढाउन प्रयोग गरिन्थ्यो ।

**सोहन हलवा :** सोहन हलुवा इरान तथा अफगानिस्तानको परम्परागत मिठाई हो । यो मिठाईलाई पनि मुस्लिम आक्रमणकारीहरूले नै भारतीय उपमहाद्वीपमा भित्र्याएका हुन् । मुगलकालमा सोहन हलुवा भारतको सबैभन्दा लोकप्रिय मिठाई मानिन्थ्यो । अहिले पनि भारतको दिल्ली तथा पाकिस्तानको मुलतान सहरको सोहन हलुवा विशेष मानिन्छ ।

## मिठाई खादा ध्यानदिनु पर्ने कुरा

- चिल्ला एवं गुलिया परिकार धेरै बनाइए पनि स्वास्थ्यको ख्याल नगरी निस्फिक्रीसाथ यस्ता खानेकुरा खानु हुँदैन ।
- अहिले धेरैजसोलाई ग्याष्ट्रिक, मधुमेह तथा कोलस्ट्रोलको समस्या हुने भएकाले सेलरोटी, फिनी, अनरसा तथा अन्य चिल्ला अनि गुलिया मिठाई सीमित मात्रामा खानुपर्छ ।
- मिठाईमा मिसावट हुने भएकाले हेर्दा आकर्षक, लोभलाग्दा तथा रंगीन मिठाइ नखानु नै बेस हुन्छ ।
- वर्क राखिएको मिठाई खानु हुँदैन, किनभने त्यसमा एल्मुनियम प्रयोग गरिएको हुन्छ ।
- चिनीरहित मिठाई ठिक्क मात्रामा खान सकिन्छ ।
- मिठाइमा प्रयोग गरिने तेल-घिउ कत्तिको स्वास्थ्यवर्द्धक छन् ध्यान पुऱ्याउनुपर्छ ।
- सकेसम्म घरमै मिठाई बनाउनुपर्छ । संभव नभए शुद्ध तथा सफा मिठाई पसलबाट खरिद गर्नुपर्छ ।

## सबैभन्दा महँगो मिठाई

भारतीय मिठाईको धाक संसारभरि नै छ । भारतमा विभिन्न ठाउँमा स्थानविशेषको परिचयसमेत बनाएका यस्ता मिठाईको आफ्नै किसिमको लोकप्रियता पनि छ । त्यही भारतमै संसारकै सबैभन्दा महँगो मिठाईसमेत तयार पारिइन्छ । अहिलेसम्म भारतमा बनाइएको सबैभन्दा महँगो मिठाई सुवर्ण मिठाई हो । यो मिठाई भारतको व्यापारिक राजधानी मुम्बईको थानेस्थित प्रशान्त कर्नर नामक मिठाई पसलमा बनाइन्छ । प्रतिकिलो ९ हजार भारतीय रुपैयाँ पर्ने यो मिठाई बनाउन अफ्गानिस्तानमा फलेको बदाम, ओमानमा फलेको पिस्ता तथा कास्मिरमा फलेको शुद्ध स्याफ्रोन प्रयोग गरिन्छ । यो मिठाईको आविष्कारक प्रशान्त सकपाल हुन् । सकपालको प्रशान्त कर्नरले अहिले बार्षिक ५० करोड रुपैयाँ भन्दा बढीको मिठाई बिक्री गर्छ भने त्यहाँ हरेक दिन ३ सय जना कामदारले काम गर्छन् ।






## दियो बाल्दा



- यमपञ्चकको पहिलो दिनदेखि दियो बालिन्छ । तिहारमा हरेक घर झिलिमिली बत्तीले सजाइन्छ ।
- पहिले पात वा माटोको दियोमा बत्ती बालेर घर झिलिमिली पार्ने चलन थियो । अहिले मैनबत्ती तथा विभिन्न डिजाइनका विद्युतीय झलरको प्रयोग बढ्दो छ ।
- तिहारमा एलइडी बल्ब तथा झलरको प्रयोगले आगलागीबाट जोगाउँछ भने विद्युत् खपत पनि कम गर्छ । यस्ता बल्ब टिकाउ हुने भएकाले उपभोक्ताको रोजाइमा पर्ने गरेका छन् । यद्यपि विद्युत्को प्रयोगमा पर्याप्त सावधानी अपनाउनुपर्छ ।
- तिहारमा विद्युत् खपत बढी हुन्छ । यस्तो अवस्थामा विद्युतीय झलरको स्थानमा मैनबत्ती तथा दियो राम्रो विकल्प हो ।
- माटाको पालामा बत्ती बाल्दा आगो टिप्ने सामान नजिक दियो राख्नु हुँदैन । बालबालिका हिड्डुल गर्ने ठाउँमा पनि दियो राख्नु हुँदैन ।
- दियो बलेको स्थानबाट यताउता हिड्डुल गर्नु हुँदैन । दियो पर्दा तथा झ्यालढोकाको नजिक पनि बाल्नु हुँदैन ।
- दियो आगो छिट्टै टिप्ने वस्तुभन्दा केही पर राख्नुपर्छ ।

## लक्ष्मीपूजा



- तिहारको तेस्रो दिन कार्तिक कृष्ण औंसीको राति धनकी देवी लक्ष्मीको पूजा गरिन्छ ।
- यो दिन बिहानदेखि घर सरसफाई गरेर निराहार व्रत बसेपछि साँझ लक्ष्मी पूजा गर्ने चलन छ ।
- लक्ष्मीको पूजा गर्न सयपत्री मखमली, अक्षता, अबिर, केशरी, जौ-तिल, दही, पञ्चामृत, वस्त्र शृंगार सामग्री नरिवल, लावा, कपुर, सिन्के धूप, मौसम, जुनार, गाग्री, पैसा तथा आँगन लिप्न रातो माटो आवश्यक हुन्छ ।
- यो दिन लक्ष्मीलाई प्रसादका रुपमा सेलरोटी पनि चढाइन्छ ।
- आँगन सफा पारेर रातो माटोले लिपपोत गरी लक्ष्मीको स्वागतार्थ ढोकामा लक्ष्मीको पाइला बनाइन्छ ।
- यो दिन कुचो, नाङ्लो, तामाको पात्र, ढकुटी तथा गहना पनि पूजा गर्ने चलन छ ।
- लक्ष्मीलाई कमलको फूल चढाइन्छ । यसले धनवृद्धि हुने धार्मिक मान्यता छ ।
- घरमा कुवेरको मूर्ति राख्दा लक्ष्मी खुशी हुने विश्वास गरिन्छ । कुबेर धनका मालिक हुन् भने उनले लक्ष्मीको रक्षा गर्छन् भन्ने मान्यता छ ।

## रंगोली





- विभिन्न शुभकार्यमा निर्माण गरिने भएकाले रंगोलीलाई शुभप्रतीक मानिन्छ ।
- रंगोली प्राचीन सांस्कृतिक तथा लोक कला हो ।
- लक्ष्मीपूजाका दिन लक्ष्मीलाई खुसी पार्न रातो, हरियो, पहेंलो, नीलो, सुन्तला, गुलाफी आदि रंगको प्रयोगबाट रंगोली तयार पारिन्छ ।
- यो दिन प्रवेशद्वार, सफा स्थान तथा आँगनमा फूल, मयुर, देवीदेवता, दियो, कलश तथा अन्य आकृतिका रंगोली बनाइन्छ ।

## धनतेरस

- कार्तिक कृष्ण पक्षको त्रयोदशीका दिन धन्वन्तरी प्रकट भएकाले धनतेरस मनाइन्छ ।
- यो दिन आयुर्वेदका प्रवर्तक धन्वन्तरी तथा धनका देवता कुबेरको जन्मोत्सव समेत मनाइन्छ ।
- यो दिन नयाँ भाडाकुडा तथा सुनचाँदीका गहना किन्ने परम्परा छ ।
- धन्वन्तरी पूजाका लागि पूजाकोठामा कुबेरका अगाडि १३ वटा बत्ती बालिन्छ ।
- यो दिन दाहिने शंख घरमा ल्याउँदा शुभ हुन्छ । यस्तो शंखका कारण लक्ष्मी प्रसन्न भएर घरमा प्रवेश गर्ने मान्यता छ ।



## फूलमाला



- तिहारका बेला वातावरण नै फूलमय देखिन्छ । यतिबेला सयपत्री, मखमली तथा गोदावरी फूलको प्रयोग अधिक हुन्छ ।
- तिहारको तेस्रो दिन (लक्ष्मी पूजा) घर, कार्यालय तथा पसलहरू सयपत्री फूलका मालाले सजाइन्छ ।
- तहारमा गोदावरी फूल पनि प्रयोग गरिन्छ । यसमा रातो, सेतो, पहेंलो तथा गुलाफी रंगको फूल बढी प्रयोग हुन्छ ।
- भाइटीकाको दिन दाजुभाइको दीर्घायुको कामनाका लागि कहिल्यै नओइलाउने मखमली फूलको माला प्रयोग गरिन्छ ।

## भाइमसला



- भाइटीकाका दिन टीका लगाइसकेपछि दिदीबहिनीले आफ्ना दाजुभाइलाई उपहारस्वरुप भाइमसला दिन्छन् ।
- काठमाडौंको मखन गल्ली भाइमसलाका लागि प्रख्यात बजार हो ।
- भाइमसलाका लागि काजु, बदाम, पेस्ता, ओखर, किसमिस, सुपारी, नरिवल, सुकमेल, ल्वाङ, सुपारी, अलैची, अंजिर, मखाना, कटुस आदि प्रयोग गरिन्छ ।
- भाइमसला विभिन्न आकर्षक प्याकमा र्‍याप गरेर बिक्री गरिन्छ ।
- आफ्नो आवश्यकता अनुसार साना-ठूला प्याकका भाइमसला खरिद गर्न सकिन्छ ।

## देउसी-भैलो

- देउसी-भैलो खेल्दा संयमित एवं अनुशासित रहनुपर्छ ।
- समूह बनाएर सामाजिक कार्यका लागि देउसी-भैलो खेल्नु उपयुक्त हुन्छ ।
- पैसा कम पाइयो भनेर अपशब्द बोल्ने तथा सामान तोडफोड गर्ने काम गर्नु हुँदैन ।
- देउसी-भैलो खेल्न जाने ठाउँमा पूर्व जानकारी गराउनु राम्रो हुन्छ ।
- धेरै अबेरसम्म अरुलाई अप्ठ्यारो हुने गरि देउसी-भैलो खेल्नु हुँदैन ।
- हिजोआज संघ-संस्थाहरू समूह बनाएर देउसी भैलो खेल्ने गरेका छन् । यसरी देउसी-भैलो खेल्दा अर्को समूहसँग झगडा गर्नु हुँदैन ।



# स्मार्टफोनबाटै तिहार

आफ्नो स्मार्टफोनमै तिहार मनाउन र तिहारको झलक प्राप्त गर्न सकिन्छ। तिहारको अवसरमा गरिने लक्ष्मीपूजादेखि लिएर रंगोलीको डिजाइन समेत आफ्नो एन्ड्रोइड स्मार्टफोनमा गर्न सकिन्छ। गुगल प्ले स्टोरमा यी एप्स उपलब्ध छन्।

नेपालमा भन्दा पनि भारतमा यस्ता एप्स प्रशस्तै निर्माण भएका छन्। भारत र नेपालको संस्कृति मिल्दोजुल्दो भएकाले हामीले यी एप्स प्रयोग गरी तिहारलाई थप उल्लासमय बनाउन सक्छौं। भारतमा तिहारलाई दिवाली भनिने भएकाले धेरै एप्समा दिवाली शब्द प्रयोग भएका छन्।



## रंगोली फर दिवाली

तिहारमा रंगोलीको पनि प्रशस्त चर्चा हुन्छ। घरको अगाडि सुन्दर रंगोली डिजाइन गर्न रंगोली फर दिवाली एप्सको सहयोग लिन सकिन्छ। यो एप्समा रंगोलीका १ सयभन्दा बढी डिजाइन उपलब्ध छन्, जसबाट आफूलाई मन परेको रंगोली छनौट गर्न सकिन्छ। यो एप्सको प्रयोग अफ लाइनमा समेत गर्न मिल्छ।

## लक्ष्मीपूजा-जनाना प्रबोधिनी

लक्ष्मीपूजाका क्रममा लक्ष्मीका साथ गणेशको पनि पूजा गरिन्छ। यस्तो पूजाका लागि सधैं पुरोहित उपलब्ध हुन्छन् भन्न सकिँदैन। त्यसका लागि यो एप्स आफ्नो स्मार्टफोनमा इन्स्टल गर्न सकिन्छ। यसमा लक्ष्मीपूजाको सबै विधि उपलब्ध हुन्छ। यस्तो पूजा विधि पुरोहितकै आवाजमा सुन्न सकिन्छ। पूजाको तयारीदेखि लिएर संकल्पको समयसम्मका सबै प्रक्रिया यसमा समेटिएका छन्। त्यसैगरी लक्ष्मी पुजन नामक अर्को एप्स पनि छ, जसमा लक्ष्मीपूजा एवं आरतीको विधि आदिका बारेमा जानकारी दिइएको छ।

## दिवाली पूजा अडियो एचडी

यो तिहारको सबै समयका लागि वान-इन-अल एप्स हो। यसमा अडियो एचडी वालपेपर, रंगोली, लक्ष्मी-गणेश आरती, मन्त्र आदि हिन्दी तथा अंग्रेजी भाषामा उपलब्ध छ। यो एप्स गुगल प्ले स्टोरमार्फत इन्स्टल गर्न सकिन्छ।

## ५० टप दिवाली सङ्स

लक्ष्मीपूजाका साथै तिहारका अन्य अवसरलाई थप रोमान्चक बनाउन यो एप्स प्रयोग गर्न सकिन्छ। यो एउटै एप्लिकेसनमा लक्ष्मीसँग सम्बन्धित ५० वटा गीत उपलब्ध छन्। यसमा लक्ष्मी आरती, भजन, ब्रत कथा, मन्त्र, देवीका १ सय ८ नाम आदि समेत उपलब्ध छन्।




## लक्ष्मी टेम्पल फर दिवाली

पूजाको समयमा व्यस्तताका कारण मन्दिर जान नपाए आफ्नो स्मार्टफोनमै यो एप्स प्रयोग गरी भर्चुअल मन्दिर निर्माण गर्न सकिन्छ। यति मात्र नभई मन्दिरलाई आफ्नै तरिकाले डिजाइनसमेत गर्न सकिन्छ। यसमा वालपेपर, मन्दिरका पिलर, आरती, फुल, बत्ति आदि समेत बनाउन सकिन्छ।

## दिवाली-२०१८

तिहारको समयमा साथीभाइ तथा आफन्तलाई शुभकामना पठाउन यो एप्स प्रयोग गर्न सकिन्छ। त्यसबाहेक यसमा वालपेपर, रिङटोन तथा रंगोली डिजाइन आदि सेयरसमेत गर्न सकिन्छ।

यीबाहेक दिवाली धमाल, ह्याप्पी दिवाली, दिवाली ग्रिटिङ कार्ड, दिवाली दियाजस्ता एन्ड्रोइड एप्स समेत उपलब्ध छन्। यी एप्स गुगल प्ले स्टोरमार्फत डाउनलोड गर्न सकिन्छ।

# अब ग्रिन पटाका



पटाका, जब दीपावली नजिकिन्छ, यो शब्द निकै सुनिन्छ। विस्फोटक भएकाले विभिन्न हानि-नोक्सानी हुने खतरालाई ध्यानमा राखी पटाका पट्काउन प्रतिबन्धसमेत लगाइने गरेको छ। भारतमा हालै त्यहाँको सर्वोच्च अदालतले एउटा फैसला गरेको छ, जसअनुसार तिहारमा रातको ८ देखि १० बजेसम्म मात्र पटाका पड्काउन सकिनेछ। त्यसैगरी अदालतले ग्रिन पटाका पड्काउन समेत सल्लाह दिएको छ। आखिर के हो त ग्रिन पटाका? यसले किन प्रदूषण फैलाउँदैन? यसका बारेमा अहिले चर्चा प्रारम्भ भएको छ।

## के हो ग्रिन पटाका?

कुनै पनि पटाकालाई पोलुसन फ्री अर्थात् प्रदूषणरहित बनाउन सकिँदैन। यद्यपि सीएसआईआर अर्थात् काउन्सिल अफ साइन्टिफिक एन्ड इन्डस्ट्रियल रिसर्चका वैज्ञानिकहरूले पटाका निर्माणका लागि एउटा फर्मुला तयार गरेका छन्, जसका आधारमा पटाकालाई ग्रिन पटाकाको सूचीमा राख्न सकिन्छ। ती पटाकामा धुलो सोस्ने क्षमता हुन्छ। त्यसैगरी ती पटाकाबाट हुने कार्बन उत्सर्जनको तह पनि कम हुन्छ। ती पटाकाबाट निस्कने पानीको अणुले धुलो र खतरनाक तत्वहरूलाई सोस्ने भएकाले प्रदूषण नियन्त्रणका लागि महत्वपूर्ण मानिन्छ।

## ई-पटाकाको प्रोटोटाइप तयार

भारतमा ई-क्र्याकर अर्थात इलेक्ट्रोनिक पटाकाको प्रोटोटाइप पनि तयार भएको छ। सीएसआईआरका वैज्ञानिकहरूले पटाका बनाउने उक्त फर्मुला भारतको पेट्रोलियम एन्ड एक्सप्लोसिभ्स सेफ्टी अर्गनाइजेनसन अर्थात पेसोसमक्ष प्रस्तुत गरेको छ। पेसोले त्यो फर्मुलालाई स्वीकृति प्रदान गरेपश्चात तिहारमा यस्ता पटाका पनि पड्काउन सकिने सम्भावना छ।

## ग्रिन पटाकाबाट ३६ प्रतिशत प्रदूषण कम

ग्रिन पटाकाबाट वातावरणका लागि खतरनाक नाइट्रस अक्साइड तथा सल्फर डाइअक्साइड जस्ता स-साना कणको उत्पादनमा ३० देखि ३५ प्रतिशत कमी ल्याउन सकिन्छ।

## पटाका निर्माणमा भारत दोस्रो स्थानमा

संसारमा सर्वाधिक पटाका निर्माण हुने देश चीन हो। दोस्रो स्थानमा भारत आउँछ। भारतको शिवकाशी पटाका उत्पादनको गढ मानिन्छ। भारतमा मुगल साम्राज्यको समय देखि नै पटाका पड्काउने चलन थियो। त्यतिबेला आतिशवाजी र पटाकाको प्रयोग हुन्थ्यो। त्यसपछि मात्र भारतमा गन पाउडर उपलब्ध भएको थियो। त्यसैले यसको प्रयोग पनि पछि भएको हो।

## स्वास्थ्यका लागि हानिकारक पटाका

प्रदूषण फैलाउन पटाकाको महत्वपूर्ण भूमिका हुन्छ। एकै समयमा धेरै मानिसले पटाका पड्काउने भएकाले पनि यस्तो भएको हो। यसबाट निस्कने धूवाँ सीधै हाम्रो शरीरमा जान्छ, जसका कारण दम तथा निमोनियाँ जस्ता फोक्सोसँग सम्बन्धित रोग बढ्नुका साथै श्वासप्रश्वासमा समस्या सिर्जना हुन सक्छ।

## तिहारको रौनक पटाका

तिहारमा पटाका पड्काउँदा रौनक थपिन्छ। राति विभिन्न स्थानमा पटाका पड्काएर खासगरी बालबालिकाहरू रमाइरहेको पाइन्छ। यद्यपि यसमा विशेष सावधानी अपनाउनुपर्ने भएकाले कतिपय अवस्थामा पटाका पड्काउन प्रतिबन्ध लगाइएको हुन्छ। पटाका तिहारको मौसममा धेरै पड्काइने विस्फोटक पदार्थ हो। विभिन्न प्रतिबन्धका बाबजुद पटाकाको निर्माण एवं व्यापार बढिरहेको छ। नेपालमा विशेष गरी भारत र चीनबाट आयात गरिएका पटाका प्रयोग गरिन्छ।

पटाकामा बारुद र अन्य विभिन्न विस्फोटक पदार्थ प्रयोग गरिन्छ। हवाई पटाका पड्काएर आकाशमा छोड्दा जताततै उज्यालो प्रकाश छरिन्छ। यसरी पटाकामा उज्यालो अर्थात प्रकाश राख्न विशेष प्रकारको रसायन प्रयोग गरिन्छ। रसायनअनुसार यसको रंग पनि फरक-फरक हुन्छ।

नेपालमा विशेष गरी भारतमा बनेका पटाका आउँछन्। भारतमा पटाका निर्माणका लागि धेरै स्थानमा कारखाना स्थापना भएका छन्। ती कारखानाले सरकारले दिएको निर्देशन पालना गरेर मात्र पटाका निर्माण गर्न पाउँछन्। निर्देशन अनुसार जहाँ पटाका बनाइन्छ, त्यहाँ विद्युत्को सुविधा उपलब्ध गराइँदैन। विद्युत् उपलब्ध भयो भने सर्ट सर्किट भएर आगलागी हुने डर हुन्छ। पटाका बनाउने कारखानाको केही दूरीसम्म मात्र विद्युत् सेवा उपलब्ध गराइन्छ।

पटाका निर्माणका लागि दुवैतर्फ खुला भएको टहरो बनाइएको हुन्छ। पटाका बनाउने स्थानमा प्रशस्तै उज्यालो होस् भन्ने उद्देश्यले यस प्रकारको टहरो बनाइएको हो। कुनै प्रकारले दुर्घटना भयो भने पनि तुरुन्तै भित्रका मानिसलाई बाहिर निकाल्न सकिन्छ भन्ने उद्देश्यले पनि यस प्रकारका टहरा निर्माण गरिन्छ।

पटाका निर्माण धेरै चरणमा पूरा हुन्छ। एकै पटक बनाउँदा कुनै कारणले दुर्घटना भयो भने ठूलो नोक्सान हुन्छ। त्यसैले सकेसम्म कम नोक्सान होस् भन्ने उद्देश्यले धेरै चरणमा यसको निर्माण सम्पन्न गरिन्छ।

भारतको शिवकाशीमा ठूलो मात्रामा पटाका निर्माण गरिन्छ। त्यहाँ यसका लागि अनेकौं कारखाना छन्। यसको पनि खास कारण छ। पटाका बनाउन सुख्खा मौसम अनुकूल मानिन्छ। शिवकाशीको मौसम भारतका अन्य स्थान भन्दा फरक छ। यहाँ तिहारको मौसम भन्दा पहिले खासै पानी पर्दैन। अन्य स्थानमा पानी पर्दा पनि यहाँ सुख्खा नै हुन्छ। तिहारको समयमा बल्ल उत्तर पुर्वी मौसम शिवकाशी पुग्छ। त्यो अवस्थामा यहाँबाट देशका अन्य भागमा पटाका पुऱ्याइ सकिएको हुन्छ।

## दुई प्रकारका पटाका

पटाका साउन्ड क्र्याकर र एरियल क्र्याकर गरी दुई प्रकारका हुन्छन्। धमाकेदार आवाज आउने पटाकालाई साउन्ड क्र्याकर भनिन्छ। आवाज आउने पटाका निर्माण गर्न पोटासियम नाइट्रेट, एल्मुनियम पाउडर तथा सल्फर प्रयोग गरिन्छ। त्यसबाहेक पटाकाका लागि कागज र अन्य सामग्री समेत प्रयोग गर्नुपर्छ।

माथि हावामा गएर पड्किने पटाकालाई एरियल क्र्याकर भनिन्छ। रकेट तथा अन्य विभिन्न प्रकारका स्काई सटलाई एरियल क्र्याकर भन्न सकिन्छ। यसमा गन पाउडर राखिन्छ। यही पाउडरका कारण यसमा झड्का लाग्छ र पटाका हावामा उड्छ।

रकेट तथा स्काई सटमा गन पाउडरको मात्रा यसको आकारका आधारमा तय गरिन्छ। रकेटको लम्बाइका आधारमा गन पाउडर राखिन्छ। ६ इन्चको रकेटका लागि २ ग्रामसम्म गन पाउडर आवश्यक हुन्छ। २ ग्राम गन पाउडरलाई सल्फरमा मिसाएर राखिन्छ। उक्त मिश्रणलाई ठोस बनाएर रकेटमा भरिन्छ। यसमा एउटा सुतली राखिन्छ, जसमा आगो लगाएर सल्काउन सकिन्छ। सल्फरमा मिसाइएको गन पाउडरमा आगोले भेट्दा नै झट्का लाग्छ र त्यसपछि रकेट हावामा उड्छ।

पटाकाको धुवाँमा लगभग ७५ प्रतिशत पोटासियम नाइट्रेट, १० प्रतिशत सल्फर तथा १५ प्रतिशत कार्बन हुन्छ। यसमा कपर, जिंक नाइट्रेट, नाइट्रेट, म्याग्नेसियम, सोडियम, चारकोल, सल्फर, आल्मुनियम परकोलेट, बेरियम नाइट्रेट जस्ता रसायनसमेत प्रयोग गरिन्छ।

# तिहारमा भर्चुअल गेम




तिहारमा रमाइलो गर्ने विभिन्न उपाय छन्, तर प्रविधिका कारण अब रमाइलोका लागि साथीभाइसमेत नचाहिने भएको छ। स्मार्टफोनमा विभिन्न प्रकारका खेल खेलेर पनि समय बिताउन सकिन्छ। तास नै खेल्नका लागि पनि स्मार्टफोनले सहयोग पुऱ्याउँछ। कम्प्युटर भए अझ ठूलो स्क्रिनको थप मजा लिन पाइन्छ। अनलाइन रूपमा विभिन्न खेल डाउनलोड गरेर खेल्न सकिन्छ। नेपाली डेभलपरहरूले पनि नेपाली सन्दर्भका विभिन्न गेम निर्माण गरेका छन्। तीमध्ये कतिपयका एप्ससमेत उपलब्ध छन्। भर्चुअल रूपमा खेलिने यस्ता गेमबाट पनि पर्याप्त मनोरञ्जन प्राप्त गर्न सकिन्छ।

## म्यारिज

म्यारिज तासका तीन जोडी मिलाएर खेलिन्छ। दुई देखि ५ जना व्यक्ति प्रत्येकलाई २१-२१ वटा तास बाँडिन्छ। म्यारिजका पनि विभिन्न नियम छन्। ती नियमका कारण पनि यो खेल निकै रुचिकर हुन्छ। यो खेल भुस डटकममा उपलब्ध छ।

## धुम्बल वा झ्याप


झ्यापको नियम भने निकै सामान्य छ र नयाँ व्यक्तिले पनि यो गेमका बारेमा एक मिनेटमै बुझ्न सक्छ। यद्यपि यसका लागि खेलाडी सदैव चनाखो रहनुपर्छ र आँखा पनि सबैतिर लगाइरहनुपर्छ। भुस डटकममा उपलब्ध धुम्बललाई तीव्र गतिको गेम मानिन्छ।

## बाघचाल

बाघचाल एउटा बोर्डमा दुई जना व्यक्तिले खेल्ने खेल हो। यो खेलको विकास रावणकी श्रीमति मन्दोदरीले गरेको मानिन्छ। भनिन्छ– मन्दोदरी लंकामा एक्लै हुँदा यही गेम खेल्थिन्। एक जना व्यक्तिले चारवटा बाघ र अर्कोले २० वटा बाखा लिएर खेलिने यो खेलका लागि ओबाघचाल डटकममा जान सकिन्छ।

## नेपाल जिल्ला

नेपाललाई ७५ जिल्लामा बाँडिएको छ। यो त्यसैका आधारमा निर्माण गरिएको स्मार्ट पजल गेम हो। यसमा नेपालको नक्सामा जिल्लाहरूलाई सही स्थानमा मिलाएर राख्नुपर्छ। कम्प्युटरको माउसलाई विभिन्न जिल्लामा पुऱ्याएर क्लिक गर्दै यो गेम खेल्न सकिन्छ। जति छिटो स्थान मिलाएर राखिन्छ, त्यति नै बढी स्कोर आउँछ। यो खेल वन्डरनेपाल डटकम मार्फत खेल्न सकिन्छ।



## स्ल्याप नेता (एन्ड्रोइड एप)

यो एन्ड्रोइड एप गेम हो। नामबाट पनि यसको अर्थ थाहा हुन्छ। यसमा विभिन्न क्यारेक्टरलाई गेमको निर्देशन अनुसार थप्पड हानिन्छ। जब नेता अर्थात् कुनै क्यारेक्टर बोल्न थाल्छ, खेलाडीले त्यसलाई थप्पड हान्नुपर्छ। यो खेल गुगल प्ले स्टोरबाट डाउनलोड गरेर खेल्न सकिन्छ।

## हनुमान-मिसन सञ्जीवनी

यो रामायणको कथामा आधारित गेम हो। यो एन्ड्रोइड एपका रूपमा उपलब्ध छ। रामका भाई लक्ष्मणलाई चोट लाग्दा हनुमान विशेष प्रकारको जडिबुटी अर्थात सञ्जीवनीको खोजीमा हिमालय पर्वततर्फ लाग्छन्। त्यसैलाई आधार मानेर यो गेम डिजाइन गरिएको छ। यो गेममा हनुमान हिमालयतर्फ जाँदाको यात्रालाई निकै रोचक ढंगले प्रस्तुत गरिएको छ। बाटोमा विभिन्न राक्षससँग लड्दै आफ्नो लक्ष्यमा पुगिने यो गेम विभिन्न लेभलमा उपलब्ध छ। एक लेभलपछि अर्को लेभलमा जान सकिन्छ। यसलाई पनि गुगल प्ले स्टोरबाट डाउनलोड गर्न सकिन्छ।

## गो बनाना


गो बनाना बाँदर र केरासम्बन्धी एन्ड्रोइड गेम हो। त्यसमा घचेट्दै धेरै केरा जम्मा गर्न सकिन्छ। यो गेम क्लासिक, एड्भान्स र टाइमर गरी तीन भर्सनमा उपलब्ध छ। खेल्दै जाँदा कोकोनटलाई हिट गरियो भने खेल नै समाप्त हुन्छ। त्यसैले यसमा सचेत हुनुपर्छ। यसलाई गुगल प्ले स्टोरबाट डाउनलोड गरी खेल्न सकिन्छ।

# स्मार्टफोनमा भिडियो गेम




स्मार्टफोन र ट्याब्लेटको बढ्दो मागका साथ डिजिटल वर्ल्डमा भिडियो तथा मोबाइल गेमको मागसमेत बढिरहेको छ। संसारका प्रसिद्ध कम्पनीहरूले यस्ता गेम बनाइरहेका छन् र यसको कारोबार अर्बौं रुपैयाँ सम्म पुगेको छ। तिहारमा भिडियो गेम खेलेर आफ्नै संसारमा रमाउनेहरू पनि प्रशस्तै हुन्छन्। उनीहरू विभिन्न भिडियो गेम खेलेर आफैँसँग मज्जा लिन सक्छन्।

कतिपय मानिस भिडियो गेमका अम्मलीसमेत भएका छन्। उनीहरूले गेमकै लागि सारा कामसमेत छोडेको पाइन्छ। एक अनुसन्धानअनुसार अमेरिकाका ९० प्रतिशत मानिस यस्ता गेम खेल्छन्। तीमध्ये १५ प्रतिशत यसका अम्मली नै छन्। यस्ता अम्मलीहरू दिनमा १० देखि २० घण्टा खेलमै झुन्डिन्छन्। अक्सफोर्ड युनिभर्सिटीको एक रिपोर्ट अनुसार कुनै विद्यार्थीले दिनमा एक घण्टा भिडियो गेम खेल्छ भने त्यसले उनीहरूको पढाइमा समेत मद्दत गर्छ, किनभने यसले सानातिना समस्याको समाधान खोज्न सहयोग पुऱ्याउँछ। गेमको टार्गेट हासिल गर्ने भावनाका कारण विद्यार्थीहरूमा प्रतिस्पर्धी भावनाको विकास हुन्छ, तर धेरै समय गेम खेल्दा उनीहरूमा नकारात्मक असर पर्छ।




## मुख्य १० भिडियो गेम

### ग्रान्ड थेफ्ट अटो

यो स्ट्रिट क्राइममा आधारित भिडियो गेम हो।

### स्टार वार्स

यो मल्टिप्लेयर अनलाइन रोल प्लेइड गेम हो।

### ग्रान्ड थेफ्ट-४

यसमा कारमा भएको रेडियो स्टेसनबाट मिसनलाई नियन्त्रण गरिन्छ।

### रेड डेड रिडेम्पसन

यो सन् १९११ मा अमेरिकी सिमानामा रहेका सिकारी जोनको जीवनमा आधारित गेम हो।

### डिज्नी इन्फिनिटी

यो गेममा डिज्नी र पिक्सर चलचित्रका चरित्रहरू समावेश गरिएको छ।

### टम राइडर

यसमा नयाँ पुस्तालाई विभिन्न चरित्रमा प्रस्तुत गरिएको छ। यही कारणले युवाहरूले यो खेल निकै रुचाउँछन्।

### अल प्वाइन्ट्स बुलेटिन

माइक्रोसफ्टका लागि विकास गरिएको यो मल्टिप्लेयर अनलाइन गेम हो।

### ग्रान टुरिज्मो

यसलाई संसारकै सर्वाधिक डरलाग्दो रेसिङ गेम मानिन्छ।

### शेनम्यु

यो एक प्रकारको एड्भेन्चर गेम हो। टीनएजर्सहरू यसमा चरित्रका रूपमा समावेश हुन्छन्।

### क्राइसिस-३

सन् २०४७ मा न्युयोर्क सिटी कस्तो देखिएला ? यसमा त्यही दृश्य प्रस्तुत गरिएको छ।

# फेस्टिभ फेसन

फेस्टिभ मुडमा यदि ट्रेन्डी र फरक देखिन चाहने हो भने लेटेस्ट फेस्टिभ फेसन अपनाउनु उपयुक्त हुन्छ ।



- यतिबेला ट्रेडिसनल लुकको साटो इन्डो वेस्टर्न ड्रेस तथा वेस्टर्न स्टाइल प्रयोग गर्न सकिन्छ ।
- रिच मेटिरियल, हेभी वर्क तथा डार्क कलर कम्बिनेसनको माध्यमबाट पहिरनलाई ट्रेन्डी लुक दिने चलन बढ्दो छ ।
- साडीलाई फरक लुक दिन त्यसलाई ट्रेडिसनल र कन्टेम्प्रेरी बोर्डर तथा प्रिन्ट्सका साथ संयोजित गर्नु राम्रो हुन्छ । यो सिजनमा रेड र गोल्ड वा सिल्भर कलरको साडीको कम्बीनेसन रुचाइएको पाइन्छ । यसबाहेक फुसिया, टेन्जरन, भोयलेट तथा ग्रीन कलर पनि उपयुक्त हुन्छ ।
- इन्डो वेस्टर्न कुर्तीका साथमा मिक्स-म्याच गर्दै चुडीदार, लेगिङ्स विदआउट दुपट्टा चल्तीमा छ भने नि लेन्थ वा, अम्ब्रेला फलेयर्ड कुर्ता पनि उपयुक्त हुन्छ । यस्तो कुर्ता कम्मरमा टाइट र मुनितिर फ्रिल हुन्छ । कुर्तामा प्रायः सिफन, क्रेप आदि फ्रेब्रिक प्रयोग गरिएको पाइन्छ । यस बाहेक थ्री फोर्थ वा केप्रिज पनि मागमा रहेको पाइन्छ ।

### साडी इज फरएभर

- साडीलाई स्टाइलिस हिसावले प्रयोग गर्न सकिन्छ । फ्युजन स्टाइलमा यसलाई पेफ्लम टप, फुल स्लिम ज्याकेट तथा कोटसित पेयर गरी लगाउन सकिन्छ । आजभोलि डिजाइनर साडी पनि चल्तीमा छ । डिजायनर साडीका साथमा सुहाउँदो चाइनिज कोलर ब्लाउज वा बोट नेकका साथमा हाफ स्लीभ ब्लाउज ट्रेन्डमा छ । ब्राइट कलर बाहेक ब्ल्याक र गोल्डेन रंग पनि धेरैले रुचाउँछन् ।
- फेस्टिभ सिजनमा गोल्डेन इम्ब्रोइडरी गरिएको साडी वा लेहेंगा लगाउन सकिन्छ । अनारकली सुट र चुडीदार इन्डियन फ्युजनको परफेक्ट ब्लेन्ड हो । रेडिमेड लेहेंगा साडीले कम्फर्टका साथै स्टाइल समेत प्रदान गर्छ ।
- ब्लाउजको साटो लामो कुर्ती वा छोटो कुर्ती प्रयोग गर्न सकिन्छ । प्लाजो पाइन्टदेखि धोती पाइन्ट र चुडीदार तथा स्कर्टका साथमा साडी लगाउन सकिन्छ । पेटिकोटको स्थानमा लेगिङका साथ सियर साडी तथा क्रेप टप लगाए आइक्याची लुक प्राप्त हुन्छ । पार्टी लुकका लागि आँचललाई घाँटीमा स्टाइलिस तरिकाले बेर्न सकिन्छ । यसलाई स्कार्फ वा नेक एक्सेसरिजको रूप दिन सकिन्छ ।
- हाफ साडी पनि यतिबेला चल्तीमा छ, जसले स्कर्ट लुक प्रदान गर्छ । यसमा प्लेटेड लुंगी स्टाइल स्कर्ट जस्तै साडीलाई स्टीच गरिएको हुन्छ र आँचललाई ब्लाउजसित जोडेर सिलाइन्छ ।
- पार्टीका लागि ड्रेप गाउन साडी पनि राम्रो विकल्प हो । यसमा साडीलाई वेस्टर्न गाउन जस्तै लुक प्रदान गरिन्छ ।

### लेहेंगा

- लेहेंगामा ट्रेडिसनल लुक र वेस्टर्न कट्सलाई कम्बाइन गर्न सकिन्छ । साडी र लेहेंगालाई फ्युजन गरे ग्ल्यामरस लुक प्राप्त हुन्छ । यसका साथमा ब्याकलेस वा हल्टर नेक वा डिप नेक ब्लाउज क्यारी गर्न सकिन्छ ।
- कोर्सेट लेहेंगा आजभोलि प्रचलनमा छ । यसमा लेहेंगा माथि टप हुन्छ, जुन पछाडिबाट डोरीले अटेच गरिन्छ । यसमा स्टोन, कुन्दन तथा पोल्की वर्क गरिएको हुन्छ ।
- ट्रेन्डकै कुरा गर्दा अहिले परम्परागत लेहेंगाको साटो स्ट्रेट, बडी फिट, लेहेंगा साडी फिस कट जस्ता विकल्प उपलब्ध छन् ।
- लेहेंगालाई रिच लुक प्रदान गर्न यीनमा ब्रोकेड, क्रेप, जर्जेट, सिल्क आदि फ्याब्रिक प्रयोग गरिन्छ ।

### अनारकली सुट

- अनारकली सुटको फेसन कहिल्यै पुरानो हुँदैन । धेरै हेभी लुक रुचाउनुहुन्न भने मात्र हेभी बोर्डर र नेक लाइनमा वर्क गरिएको सुट प्रयोग गर्न सकिन्छ । यसबाहेक आजभोलि एथनिक ज्याकेटका साथमा अनारकली पनि कम्बाइन गर्न थालिएको छ ।
- वर्क गरिएका अनारकली र शेडो साडीको लोकप्रियतासमेत उत्तिकै छ ।

### शरारा

- यो फेस्टिभ सिजनमा शरारा प्रयोग गर्नु छ भने त्यो एकदम साधारण नहोस भन्ने कुरामा ध्यान पुर्‍याउनुपर्छ । यसमा थोरै ग्लिटर एड गर्नु राम्रो हुन्छ । यसले लुकमा ग्रेस र चार्म एड गर्छ ।
- शराराको रंग रेड, ओरेन्ज, इन्डिगो वा पिंक हुनुपर्छ । फ्युजन क्रिएट गर्न शराराको सलवारलाई थोरै वेस्टर्न ट्इस्ट दिन सकिन्छ र यसका साथमा लगाइने लङ कुर्तामा थोरै स्टायल एलिमेन्ट एड गर्न सकिन्छ ।

### कलर्स, इम्ब्रोइडरी तथा एम्बेलिसमेन्टको जादु

- फेसन डिजाइनरहरूका अनुसार यो फेस्टिभ सिजनमा फुसिया, एमराल्ड ग्रीन, पिच, एलो, ब्लु तथा ब्ल्याक जस्ता कलर चल्तीमा छन् । यी कलर्स सिफन, जर्जेट र नेटजस्ता फ्याब्रिकमा राम्रा देखिन्छन् । यतिबेला फ्याब्रिकमा इम्ब्रोइडरी र एम्बेलिशमेन्ट खुबै देख्न पाइन्छ । यीनका साथमा झुम्का, मोतीको नेकलेस, क्रिस्टल ब्रेसलेट तथा फिङगर रिङ्ग प्रयोग गर्न उपयुक्त हुन्छ ।
- कलर्सलाई खास बनाउन पहिरनमा दुई तीनवटा कलरको शेड दिन सकिन्छ । अहिले रेड एन्ड ब्ल्याक, रेड एन्ड ह्वाइट, ग्रीन एण्ड मजेन्टा शेडको क्रेज छ ।
- अहिले दुई रंगको कम्बिनेसन पनि चल्तीमा छ । इन्डो ड्रेसका लागि पीच कलरका साथमा रोयल ब्लु, रेडका साथमा वाइन, पीचका साथमा नियन ओरेन्ज कलर उपयुक्त हुन्छ ।
- यदि ब्राइट कलरको पहिरन लगाउनु छ भने त्यसमा कम कढाइ होस भन्ने कुरमा ध्यान पुर्‍याउनु पर्छ । यदि लाइट कलर चयन गर्नुछ भने इम्ब्रोइडरी हेभी हुनुपर्छ ।
- कलर पेलेटमा रिचनेस देख्न सकिन्छ । त्यसका लागि पिच, एक्वा, मरिन ब्लु तथा ग्रीन पेस्टल शेडस शेम्पेन पिंक जस्ता कलर्स छनौट गर्न सकिन्छ ।
- यो सिजनमा ट्रेडिसनल इम्ब्रोइडरी तथा एम्बेलिसमेन्ट चल्तीमा छ । ब्लब प्रिन्ट्स भाइब्रेन्ट फुलकारी, डेलिकेट इम्ब्रोइडरी ब्रोकेड, गोल्डेन शिमर तथा सिक्वेन्स ट्रेन्डमा छ ।
- यो फेस्टिभ सिजनमा फ्लोरल ट्रेन्ड फर्किएको छ । ब्राइट कलर्समा फ्लोलर स्कर्टका साथमा टप लगाउन सकिन्छ । दिउँसो वर्कले हाइलाइट गरिएको अनारकली सुट लगाउन सकिन्छ भने सिल्कको भिन्टेज फ्लोरल पेटर्न भएको इम्ब्रोइडरी साडी राति प्रयोग गर्नु उपयुक्त हुन्छ ।

# लुक्स फर दीपावली नाइट



### ग्लिटर लिप्स विद् कलर्ड लाइनर

यो दिन आफ्नो आँखालाई कलरफुल लाइनरले सजाउन सकिन्छ । लाइनरले आँखाको शेपलाई डिफाइन गर्नुका साथै आइश्याडोको समेत काम गर्छ । वाटरलाइनमा कोल आउट अफ फेसन भएकाले मस्कारा कोट्सका साथमा आइमेकअपलाई कम्प्लीट गर्न सकिन्छ । लिप्समा ग्लीटर बेस्ड लिप कलर प्रयोग गर्नु उपयुक्त हुन्छ । आई मेकअप लाइट छ भने डार्क लिप शेड प्रयोग गर्नुपर्छ ।

### ग्लिटर आइज विद लिप प्लमपर

स्पार्कलिङ लिप्सको चाहना छैन भने आँखामा ग्लीटर मेकअप गर्न सकिन्छ । गालामा ब्रन्जरले कान्टोरिङ गर्नुपर्छ । आइब्रोज मुनि पहिरन अनुरुप गोल्ड सिल्भर वा कपर कलरले हाइलाइट गर्नुपर्छ । वाटरलाइनमा गाजलको साटो हाइलाइलिङ शेड प्रयोग गर्न सकिन्छ । आईमेकअप डार्क छ भने मुहारमा मेकअपको सन्तुलन कायम गर्न लिप्समा लाइट शेड जस्तै बेबी पिंक वा लाइटबीचको प्रयोग उपयुक्त हुन्छ ।

### ओयल सिल्क ट्रेन्ड विद न्युड आइ मेकअप

लिप मेकअपको यो लेटेस्ट ट्रेन्ड आजभोलि इन छ । यो लुकका लागि पर्पल, ब्लु तथा ग्रेका मेटालिक शेड्सलाई मर्ज गर्नुपर्ने हुन्छ, जसबाट लिप्समा स्विर्ली अर्थात् धुमावदार इफेक्ट प्राप्त हुन्छ । त्यसपछि माथिबाट ट्रान्सपरेन्ट ग्लासको कोट लगाउनुपर्छ । लिप्समा यो मेस्मराइजिङ लुकपश्चात् आइजलाई भेनिला, बेज वा चकलेट ब्राउन जस्ता न्युड शेड्सले सजाउनुपर्छ र गलामा लाइट पिंक ब्लसअन प्रयोग गर्नुपर्छ ।

### कलर्ड स्मोकी विद स्टेन लिप्स

आफ्नो स्कीनलाई मोइश्चराइज गर्न टिन्डिङ मोइश्चराइजर प्रयोग गर्नुपर्छ भने चिकबोन्सलाई हाइलाइट गर्नुपर्छ । आँखामा ड्रेस सुहाउँदो वा कम्पिमेन्टिङ शेड लगाउनुपर्छ र त्यसलाई ब्ल्याक वा स्टील ग्रे शेडले मर्ज गर्नुपर्छ । आइल्यासेजमा आर्टिफिसियल आइल्यासेज लगाउनुपर्छ अनि मस्कारा लगाएर त्यसलाई मर्ज गर्नुपर्छ । आइमेकअपलाई लिप मेकअपसित कम्प्लिमेन्ट गर्न लिप्समा लिप पेन वा क्रेयोन्सले स्टेनिङ गर्नुपर्छ ।

### नेल आर्ट

झिलिमिली परिवेशमा आफ्ना नङलाई ग्लिटरी इफेक्टका साथ सजाउन सकिन्छ । यसका लागि ग्लिटर बेस्ड कोट्स प्रयोग गर्नुपर्छ । थ्रीडी आर्टमा स्टड्स वा स्वरोक्सी प्रयोग गरी आफ्नो सिम्पल आउटफिटलाई पनि सुन्दर बनाउन सकिन्छ । यसबाहेक आम्ब्रे ट्रेन्ड पछ्याउँदै नेल आर्ट गराउन सकिन्छ । नेल आर्टको यो शेड्स साडीका साथै लेहेंगा आदिमा खुबै सुहाउँछ ।




# चाडपर्व र होम अप्लाइन्सेज









उपासना घिमिरे

चाडपर्व, उत्सव वा कुनै समारोह पारेर धेरैले आफ्नो घरको स्वरूप परिवर्तन गर्ने सोच बनाएका हुन्छन् । त्यस क्रममा उनीहरू घरमा प्रयोग गरिएका सामान परिवर्तन गर्छन् भने नयाँ सामान समेत जोड्छन् । ज्ञानेश्वरकी प्रतिभा केसी पनि यो तिहारमा आफ्नो घरमा भएको रेफ्रिजेरेटर परिवर्तन गर्ने सोचमा छिन् । प्रतिभा जस्तै मैतीदेवीकी शैलजा पनि तिहारको अवसर पारेर वासिङ मेसिन किन्ने विचारमा छिन् । प्रतिभा र शैलजा जस्तै धेरैले चाडपर्व तथा विशेष अवसरमा घरका लागि विभिन्न सरसामान खरिद गर्छन् ।

अहिले धेरैजसो घरमा एयर प्युरिफायर, फ्रिज, ग्याँस चुलो, माइक्रोओभन आदि सामग्री प्रयोगहुन थालेको छ । पछिल्लो समयमा बनेका कतिपय घरायसी सामानले जनजीवन सहज बनाउनुका साथै बिजुली खपत पनि कम गर्छन् । त्यसैले उपभोक्ता पनि बढी पैसा तिरेर भए पनि गुणस्तरीय सामान किन्न चाहन्छन् ।

## फ्रिज

खानेकुरा सुरक्षित तथा ताजा राख्न फ्रिज प्रयोग गरिन्छ । धेरै घरायसी प्रयोजनका लागि ५० लिटरदेखि ३ सय ५० लिटरसम्मका फ्रिज प्रयोग गर्छन् । सिंगल वा डबल डोरका फ्रिज घरायसी प्रयोजनका लागि उपयुक्त मानिन्छन् । एलजी, सामसुङ, हिटाची, हिवर्लपुल आदि कम्पनीका प्याजी, कालो, रातो, बर्गन्डी, वाइन रेड आदि रंगका फ्रिज बजारमा उपलब्ध छन् ।

**टिप्स** : खानेकुरा सुरक्षित राख्ने फ्रिजको नियमित सरसफाइ गर्नुपर्छ । यसलाई हरेक १५ दिनको फरकमा सफा गरिरहनुपर्छ । सफा गरिसकेपछि फ्रिजलाई आधा घन्टा खुल्ला राख्नुपर्छ । फ्रिजको पछाडिको भाग प्रत्येक महिना सफा गर्नुपर्छ ।

## वासिङ मेसिन

कम समयमा सजिलोसँग लुगा धुने राम्रो विकल्प हो– वासिङ मेसिन । अहिले बजारमा विभिन्न कम्पनीका फ्रन्ट लोडिङ, टप लोडिङ तथा सेमी अटोमेटिक वासिङ मेसिन उपलब्ध छन् । वासिङ मेसिनको मूल्य यसको साइज तथा कम्पनीअनुसार तय हुन्छ । चाडपर्वका समयमा यस्ता सामग्रीमा केही छुटसमेत प्रदान गरिन्छ ।

**टिप्स** : यसमा लुगा धुँदा माइल्ड डिटर्जेन्ट प्रयोग गर्नुपर्छ । वासिङ मेसिनबाट लामो समय काम लिन यसको नियमित सफाइ गर्नुपर्छ ।

## ग्याँस चुलो

अहिले धेरैको घरमा दुईदेखि चार बर्नरसम्मका ग्याँस चुल्हो देख्न सकिन्छ । बाल्ट्रा, सामसुङ, होम ग्लोरी आदि कम्पनीका विभिन्न प्रविधि तथा डिजाइनका ग्याँस स्टोभ बजारमा उपलब्ध छन् । कम्पनी तथा बर्नरका आधारमा यसको मूल्य निर्धारित हुन्छ ।

**टिप्स** : ग्याँस चुलो पनि समय-समयमा सफा गरिरहनुपर्छ । ग्याँसको कनेक्सन बन्द गरी चिसो स्पन्जको सहायताले यसको सफाइ गर्नुपर्छ । तातो साबुनपानीमा चिसो कपडा भिजाएर ग्याँस चुलो सफा गर्न सकिन्छ ।

## माइक्रोवेभ

कम बिजुली खपतमा खाना तताउन तथा कम समयमै खाना पकाउन माइक्रोवेभ निकै उपयोगी सावित हुन्छ । ब्ल्याक एन्ड ह्वाइट, सिल्भर, ब्ल्याक आदि रंगका माइक्रोवेभ बढी चल्तीमा छन् । आइएफबी, एलजी, बेको, हिवर्लपुल आदिका माइक्रोवेभ बजारमा उपलब्ध छन् । यसमा खानेकुरा ग्रिल तथा बेक गर्न अनि केक, पिज्जा आदि तयार पार्न सकिन्छ ।

## किचेन क्याबिनेट

मोडुलर किचेनको अवधारणासँगै किचेन क्याबिनेटको प्रयोग पनि व्यापक हुन थालेको छ । कतिपय मोडुलर किचेन कम्पनीले किचेन क्याबिनेट पनि त्यही प्याकेजमा तयार पारिदिन्छ । किचेन क्याबिनेट बनाउँदा आफ्नो घरको किचेनको आकार कत्रो छ ख्याल गर्नुपर्छ ।

**टिप्स** : बेला-बेलामा किचेन क्याबिनेट सफा गरिरहनुपर्छ । किचेन क्याबिनेटलाई ढुसीबाट जोगाउनुपर्छ ।

## मिक्सचर ग्रान्डर

मिक्सचर ग्रान्डरको प्रयोगले काम सहज बनाइदिन्छ । यसले जुस अचार आदि बनाउन तथा कुनै पनि सामान सिलौटोमा पिन्ने झन्झटबाट मुक्ति दिएको छ । यो छिटो-छरितो काम सम्पन्न गर्न प्रभावकारी सावित हुन्छ । यो ठूलो सानो, प्लास्टिक, सिसा आदिको हुन्छ । ताररहित पोर्टेबल जुसर ब्लेन्डर पनि खरिद गर्न सकिन्छ । विभिन्न कम्पनीका क्लासिक टु इन वान जुसर तथा मिट मिन्सर पनि बजारमा उपलब्ध छन् ।

## वाटर प्युरिफायर

शुद्ध खानेपानीका लागि वाटर प्युरिफायर निकै उपयोगी हुन्छ । यसले गुणस्तरीय पानी दिन्छ । बजारमा विभिन्न कम्पनीका वाटर प्युरिफायर पाइन्छन् । यसको मूल्य आकारका आधारमा तय गरिएको हुन्छ ।

## वाटर फिल्टर

हिजोआज धेरैजसो घरमा वाटर फिल्टर प्रयोग गरिएको हुन्छ । तामा, सेरामिक, स्टिल तथा माटोका वाटर फिल्टर बढी प्रयोग हुन्छन् ।



**टिप्स** : जुनसुकै फिल्टर भएपनि १५ दिनको फरकमा त्यसको सफाइ गर्नुपर्छ । फिल्टरको प्युरिफाइङ क्यान्डल्स झिकेर तातोपानीमा माइल्ड साबुनले धुनुपर्छ । क्यान्डलमा जमेको फोहोर जाली सफा गर्नुपर्छ । एक-एक वर्षका अन्तरालमा क्यान्डल परिवर्तन गर्नु उपयुक्त हुन्छ ।




## डिसवासर

डिसवासरमा भाँडा कम समयमै सफा गर्न सकिन्छ । हिजोआज केही घर तथा रेस्टुराँमा यसको प्रयोग गर्न थालिएको छ । यसले घरायसी रुपमा प्रयोग हुने स-साना भाँडा माझेर सुकाउँछ । यसमा ठूला तथा काला भाँडा भने सफा गर्नुहुँदैन । आइएफबी, एलजी जस्ता कम्पनीका डिसवासर विभिन्न आकार तथा मूल्यमा उपलब्ध हुन्छन् ।

## भ्याकुम क्लिनर

हिमस्टार हिटाची, सिजी, एलजी, सामसुङ, सान्सुई आदि कम्पनीका भ्याकुम क्लिनर बजारमा उपलब्ध छन् । कोठाको कुनामा भएको फोहोर सफा गर्न यसको प्रयोग उपयोगी हुन्छ । सफा गर्दा धूलो नउड्ने भएकाले यो स्वास्थ्यमैत्री पनि छ । यसले कुचो लगाउनुपर्ने बाध्यता कम गरिदिएको छ ।

## टेलिभिजन

अहिले सामसुङ, एलजी, सोनी, फिलिप्स, भिडियोकोन आदि कम्पनीका एलइडी टेलिभिजन बजारमा उपलब्ध छन् भने स्मार्ट एलइडी टेलिभिजनको माग बढेको छ । यसमा वाइफाइ, इन्टरनेट आदिको सुविधा हुन्छ ।

**टिप्स** : टेलिभिजन सफा गर्नुपरे मुख्य स्विच बन्द गर्नुपर्छ । यसलाई सफा गर्न ग्लास क्लिनर प्रयोग गर्नुपर्छ । टेलिभिजनको स्क्रिन सुख्खा नरम मलमलको कपडाले पुछ्नुपर्छ । स्क्रिनमा दाग लागे पानीमा भिनेगर मिसाएर कटनको कपडाले सफा गरी तुरुन्तै सुख्खा कपडाले पुछ्नुपर्छ । स्क्रिन सफा गर्दा बेस्सरी रगड्नुहुँदैन ।


## सावधानी

- इलेक्ट्रोनिक्स सामग्रीले जीवन सहज त बनाउँछन् नै, तर यसमा जोखिम पनि उत्तिकै हुन्छ । त्यसैले यस्ता सामग्री बालबालिकाको पहुँचभन्दा टाढै राख्नुपर्छ ।
- टेलिभिजन, ओभन, वासिङ मेसिनजस्ता सामान प्रयोगगरेपछि राम्रोसँग बन्द गरि स्विच अफ गर्नुपर्छ ।
- यस्ता सामग्री अन भएको अवस्थामा सरसफाइ गर्नु हुँदैन ।





# गार्डेनिङमा विविधता





तस्बिरहरू : नवराज वाले

लक्ष्मी भण्डारी थापा

घर बनाएर मात्र हुँदैन, त्यसमा थप आकर्षण र मनमोहक दृश्यका लागि सजावट एवं बगैंचाले ठूलो भूमिका निर्वाह गर्छन् । हिजोआज सानो घर बनाउने, घरमा कम लगानी गर्ने तर भित्री-बाहिरी सजावट र बगैंचा-फूलबारीमा बढी पैसा खर्चिने ट्रेन्ड बढ्दो छ । तपाई बगैंचाप्रेमी हुनुहुन्छ तर तपाईंसँग पर्याप्त स्थान छैन भने पनि अब चिन्ता लिनु पर्दैन ? सम्बन्धित विशेषज्ञहरूको सल्लाह-सुझाव र सहयोगमा टेरेस, कर्नर तथा सिंढी मात्र होइन, भऱ्याङका रेलिङमा समेत गार्डेनिङ गर्न सकिन्छ । त्यसका लागि आफूसँग दृढ इच्छाशक्ति र प्रकृतिप्रेमी स्वाभाव अर्थात् प्रकृतिलाई माया र स्याहार गर्ने बानी मात्र आवश्यक छ ।

## सानो स्थानमा गार्डेनिङ

सानो स्थानमा चिटिक्कको बगैंचा बनाउन धेरै ठूला नहुने, १५ फिटभन्दा अग्ला नहुने, जाडोमा पात झर्ने फूल छनौट गर्नुपर्छ । सानो ठाउँमा विविधता ल्याउन होचा फूलका बोट जस्तै एजेलिया, क्यामेलिया, एक-दुई बोट गुलाब, हेभिस्कस, हेजका साथै सानो स्थानमा कार्पेट दुबो रोप्नुपर्छ । त्यसमा अलिकति सिजनल फ्लावर रोप्दा बगैंचा मुस्कुराउँछ । सबै बिरुवा मिलाइसकेपछि जमिन सम्याएर पानी नजम्ने गरी पानीको निकास तयार गर्नुपर्छ । जमिनलाई सुरुमै आकार दिनुपर्छ । माउन्टेन स्टायलको हो कि सम्म परेको बनाउने हो, समयमै निर्णय गर्नुपर्छ । त्यसपछि बगैंचामा रक बोल्डर (ढुंगा) राख्दा नेचुरल जस्तो देखिन्छ । बिरुवा रोप्दा अग्ला हुने बिरुवा बगैंचाको किनारमा तथा होचा बिरुवा फ्रन्टसाइड वा क्लियर भ्यूमा रोप्नुपर्छ । दूबो र फूल रोप्ने भागलाई हेजले छुट्याउनुपर्छ । सिजनल फूललाई समूह बनाएर रोप्नुपर्छ जसले गर्दा ती फूलले आँखालाई आनन्द आउने दृश्य प्रदान गर्न सक्छन् । प्राकृतिक रूपमा बिरुवा बढ्दै जाँदा जाडोमा हेभी छाँटकाँट गर्नुपर्छ भने वर्षातमा भने कम छाँटकाट गरी स-साना हाँगाबिंगा निकाले पुग्छ । वर्षातमा बढी कीरा-फट्यांग्रा आउने हुँदा सुरुमै आफैंले हटाउने, यदि कीरा-फट्यांग्रा बढ्दै गए भने मानिस तथा मित्रजीवलाई असर नपुऱ्याउने खालका औषधी छर्कनुपर्छ ।

(**काठमाडौं नर्सरी, कपनका प्रबन्ध निर्देशक कुमार कसजू सँगको कुराकानीमा आधारित**)

## टेरेस गार्डेन

घर-कम्पाउन्डमा प्रशस्त खाली ठाउँ नभएको खण्डमा मानिसहरू प्रायः टेरेस गार्डेनिङको विकल्प रोज्छन् । भुइँमा भन्दा कौसीमा प्रशस्त घामको किरण पर्ने भएकाले टेरेस गार्डेनमा निश्चित बोट-बिरुवा अझ मौलाउँछन् जसलाई घामको किरण आवश्यक हुन्छ । यद्यपि टेटेस गार्डेनिङ गर्दा मलजलमा भने विशेष ध्यान पुऱ्याउनुपर्छ । विदेशतिर सय तलामाथि पनि विशाल गार्डेनिङ गरिएको पाइन्छ । हामीकहाँ भने यो ट्रेन्ड फस्टाउन थालेको धेरै भएको छैन । टेरेस गार्डेनमा फुल मात्र होइन, तरकारी, साना खालका फलका वृक्षलगायत क्याक्टस, फुल्ने-नफुल्ने दुवै प्रजातिका बिरुवा आदि रोप्न सकिन्छ । अहिले हामीले टेकुको अम्बे कम्प्लेक्समा तयार पारिरहेको टेरेस गार्डेन उत्पादनभन्दा पनि इको-फ्रेन्ड्ली सहर निर्माणमा लागि हो । टेरेस गार्डेनका अनेकौं फाइदा छन् । ठूलो जमिन नचाहिने, थोरै स्थानमा धेरै बिरुवा रोप्न सकिने, जस्तोसुकै प्रकृतिका बिरुवाका लागि उपयुक्त र सुरक्षित गार्डेनिङ यसका विशेषता हुन् । टेरेस गार्डेनका लागि बोरा, दही खाइसकेपछिका स-साना कत्तारी वा भाँडा, दूधको प्लास्टिक, माछा फ्रिजिङ गर्ने फमवाला बक्स, बोरा अथवा मुख काटिएका मिनरल वाटर वा कोक-फ्यान्टाका बोतल आदि प्रयोग गर्न सकिन्छ । सीधै टेरेसको भुइँमा माटो राखेर त्यसमा मलजल गर्दा एक त छत रसाउने समस्या हुन्छ भने अर्को कुरा बिरुवा पनि उत्ति फस्टाउँदैन । जमिनमा रोपिएका बिरुवाको तुलनामा यस्ता बिरुवालाई विशेष हेरचाह आवश्यक हुन्छ ।

(**पुष्पविज्ञ रेखा महर्जनसँगको कुराकानीमा आधारित**)

## इनडोर तथा आउटडोर गार्डेनिङ

इनडोर गार्डेनिङ नभए पनि घरभित्र इनडोर प्लान्टहरू राख्न सकिन्छ । जति पनि ग्राहक इनडोर प्लान्ट किन्न आउँछन् उनीहरू सधैंका लागि अर्थात् बिरुवा नमरुन्जेलसम्मका लागि राख्न खोज्छन् जुन राम्रो होइन । त्यही स्थानका लागि प्लान्ट एक्सचेन्ज गरिरहनुपर्छ । एउटा इनडोर प्लान्ट धेरैमा १० दिनसम्म एक ठाउँमा राख्न सकिन्छ, कारण के भन्दा बिरुवालाइ पनि हावा, अक्सिजन चाहिन्छ । धेरैजसो मानिस विरुवा मर्न थाले पनि, पात पहेंलिएपछि मात्र सजग हुन्छन्, त्यो विल्कुलै ठीक होइन । हप्ता-दस दिनसम्म कोठाभित्र राखिएको प्लान्ट फ्रेस नै देखिए पनि घाम नलाग्ने स्थानमा बाहिर ल्याएर राख्नुपर्छ र त्यसको ठाउँमा अर्को बिरुवा रिप्लेस गर्नुपर्छ । यति गरेको खण्डमा कुनै पनि इनडोर प्लान्ट छिटै नष्ट भएर जाँदैन । इनडोर प्लान्ट छान्दा काँडेदार बिरुवा सकेसम्म छान्नु हुँदैन, किनभने त्यस्ता बिरुवा बालबालिकाका लागि जोखिमपूर्ण हुन सक्छन् । आउटडोर गार्डेनिङ गर्दा सबैभन्दा बढी मलजलमा ध्यान पुऱ्याउनुपर्छ । यसमा ९० प्रतिशत काम पानीले गर्छ । स्थान हेरेर आउटडोर प्लान्टेसन गर्नुपर्छ । घाम लाग्ने र नलाग्ने स्थानका लागि फरक प्रकृतिका बिरुवा छनौट गर्नुपर्छ । सेपिलो स्थानमा क्लोरोफाइट (गोडेदुबो), एजेलिया, केमेलिया जस्ता बिरुवा रोप्नु उपयुक्त हुन्छ भने पारिलो ठाउँमा गुलाब, बेगमबेली, धूपी आदि रोप्न सकिन्छ । आउटडोर गार्डेनको स्याहारमा समेत पानीकै प्रमुख भूमिका हुन्छ । दैनिक पानी र मासिक रूपमा मलजल गरेको खण्डमा बगैंचा सदावाहार सुन्दर देखिन्छ । रोग लाग्ने खालका बकुल्ला, सिमी, बोडी आदिका बिरुवाले बढी रोग निम्त्याउँछन् । फ्लावर गार्डेनमा यस्ता बिरुवा निषेध गरेकै राम्रो हुन्छ । बोटबिरुवालाई धूलोबाट जोगाउनुपर्छ । घरमा गार्डेन बनाइसकेपछि कुचोले बढारेको धूलो फुलको पातमा बस्ने हुँदा पानी हाल्ने मात्र होइन, दैनिक बोटबिरुवालाई पखाल्ने काम गर्नुपर्छ, जसले बिरुवालाई सदा तन्दुरुस्त राख्छ ।

(**पीपल नर्सरीका रोशन श्रेष्ठसँगको कुराकानीमा आधारित**)

## रेलिङ गार्डेनिङ

रेलिङ गार्डेनका लागि फरक-फरक रंगका बेगमबेली, ज्यास्मिन, बेगोनिया, भिनिस्टर, प्रेमलता, घडीफूल आदि उपयुक्त हुन्छन् । रेलिङ गार्डेनिङ गर्दा विशेष गरी बिरुवा नहुर्किएसम्म अर्थात् रोपेको एक वर्षसम्म नियमित हेरचाह गर्नुपर्छ । यसका लागि सपोर्टिभ टुल्सका रूपमा डोरी, तार आदि प्रयोग गर्नुपर्छ । रोपेको एक वर्षसम्म तीन-तीन महिनामा मल र नियमित पानी हालिरहनुपर्छ । रेलिङमा लहरे प्रकृतिका बिरुवा रोप्नुपर्छ । यस्तो रे स्लिङ आउटडोर हुनुपर्छ । वाल, गेट तथा गार्डेनमा भएका रेलिङहरूमा यस्तो गार्डेनिङ गरिन्छ । बिरुवामा रोग लागेको खण्डमा औषधी छर्नुपर्छ । रोपेको एक वर्षपछि यो हुर्किन्छ, त्यसपछि कहाँ-कहाँ पठाउने हो त्यसलाई कटिङ गरेर कुन एरियामा राख्ने, कस्तो आकार दिने आफैंले तय गर्नुपर्छ ।

(**एस आर नर्सरी, धुम्बाराहीका सुनिल तामाङसँगको कुराकानीमा आधारित**)

## ह्यांगिङ, विन्डोबक्सेस तथा भऱ्याङ गार्डेनिङ

वाल ह्यांगिङ र भऱ्याङ गार्डेनिङमा सेमी इन्डोर प्लान्ट प्रयोग हुन्छन् । यसका लागि घामको किरण कम चाहिने, लामो आयु भएका बिरुवा उपयुक्त हुन्छन्, जसमा एस्पिडस्टर, क्रिभिया, ग्रुमलेड, ड्रेसिना, नलिना, सेफलेरिया, टुफिड्यान्टर, फिल्रोडयान्ड्रोन, सर्न आदि प्रमुख छन् । यसका लागि भित्री कोठा हो भने घामको किरण कत्तिको आउँछ अथवा लाइट कत्तिको आउँछ, ध्यान पुऱ्याउनुपर्छ । भित्री कोठामा झ्यालहरू खुल्ला भएका र हावा पास हुने ठाउँ उत्तम हुन्छ । यस्ता बिरुवालाई धूलोबाट जोगाउनुपर्छ । धेरै सुख्खा नबनाउने, पातमा पानी छ्याप्ने, समय-समयमा मलजल दिने गर्ने । यसमा फुल्ने र नफुल्ने दुवै प्रकारका बिरुवा प्रयोग गर्न सकिन्छ । संस्कार-संस्कृति र परम्पराअनुसार गठेमंगलमा काँडेबिरुवा ढोकामा हाल्ने प्रचलन छ । मेरो विचारमा काँडेविरुवा अशुभ नै हुँदैनन्, तर बालबालिकाको सुरक्षाका लागि त्यसको प्रयोग नगरेकै राम्रो वा गरिहाले पनि बालबालिकाले नभेट्ने स्थानमा राख्नुपर्छ । इंग्ल्यान्डमा आविष्कार भएको विन्डोबक्सेस अहिले नेपालमा पनि विस्तार हुँदैछ । यसमा विशेषगरी जिरानियम, आइभी जिरानियम, पालरगोनियम जिरानियम, पिटुनिया, भर्वेना, इम्फ्याक्स आदि अर्किड प्रजातिका बिरुवा हुर्काइन्छ । ह्यांगिक तथा विन्डोबक्सेसमा प्रयोग हुने यी बिरुवा लामो समयसम्म टिक्छन् ।

(**ब्याम्बो नर्सरी, विशालनगरका सुरेशजंग शाहीसँगको कुराकानीमा आधारित**)

# घुम्ती जुवाघर करोडौंको खाल



- असोज १९ मा काठमाडौं प्रहरी परिसरले मूलपानीमा पेशेवर जुवाको खालमाथि धावा बोल्यो । तीनवटा गेट पार गर्दै प्रहरीले गरेको कारबाहीका क्रममा भएको भागदौडमा तीन तलाबाट हामफाल्दा २ जनाले ज्यान गुमाए । प्रहरीले २३ जनालाई पक्राउ गर्नुका साथै जुवाको उक्त खालबाट ४ लाख ४८ हजार रुपैयाँ नगदसहित थुप्रै सुनका गहना समेत बरामद गऱ्यो । दुई दिनदेखि उक्त घरमा जुवा खेलिरहेका उनीहरु तेस्रो दिन अर्को ठाउँमा सर्ने योजना पूरा गर्न नपाउँदै प्रहरीको फन्दामा परेका थिए ।
- असोज २८ गतेको राति गोकर्णेश्वर-५ बाट कौडा खेलिरहेका १० जना पक्राउ परे । उनीहरूबाट प्रहरीले १ लाख १५ हजार रुपैयाँ बरामद गऱ्यो । बौद्ध क्षेत्रबाट जुवाडे पक्राउ परेको यो पहिलो घटना होइन, यसपटककै दसैंयता मात्र ५६ जना जुवाडे पक्राउ परिसकेका छन् । त्यसको ८ दिनपछि म्हैपीस्थित ५० लाख बराबरको अवैध जुवाखालमा छापा मार्दा २ जना पक्राउ परे ।

सामाजिक विकृति मानिने जुवातास तिहारको मौसममा अझ बढ्ने घटनाक्रमहरूले देखाएका छन् । गत असोज यतामात्र काठमाडौं, भक्तपुर तथा ललितपुर प्रहरीले ३ दर्जनजति खालमा छापा मारिसकेको छ ।

महानगरीय प्रहरी परिसर, काठमाडौंका प्रवक्ता तथा प्रहरी नायव उपरिक्षक होबिन्द्र बोगटीले काठमाडौं प्रहरीले मात्र पछिल्लो एक महिनामा झन्डै २ दर्जन ठूला-साना जुवाका खालमा रेड गरेको बताए । भक्तपुरको जगाती, नगदेश, काठमाडौंको मनमैजु, कीर्तिपुर आदि स्थानबाट पनि प्रहरीले जुवाडेहरूलाई पक्राउ गरेका छ । गोप्य हेभन खडा गरेर चलाइएका कयौं ठूला जुवाखालमा करोडौ रकम बराबरका जुवा चल्ने गर्छन् ।

सबैभन्दा बढी ५६ जुवाडे पक्राउ गरेको प्रहरी वृत्त बौद्धका डिएसपी नरेन्द्र चन्दले आफूहरूले पछिल्लो एक महिनामा मात्र ७ वटा जुवाका अखडामा छापा मारेको बताए । काठमाडौंको म्हैपी, बौद्ध आदि स्थानबाट पक्राउ गरिएका केही पेसेवर जुवाडेले वर्षभरि नै जुवा खेल्ने गरेको पनि पाइएको छ । 'उनीहरू वर्षभरि नै जुवा खेल्ने, पेशा नै जुवा देखियो,' एक प्रहरी अधिकारी भन्छन्, 'अर्को पेशा नै छैन्, जुवातास खेलेरै जीवन चलाउनेहरू पनि फेला परेका छन् ।'

लामो समयदेखि काठमाडौं प्रहरी परिसरको मुद्दा शाखा हेरिरहेका डिएसपी मोहन थापा आर्थिक चलखेल बढी हुने भएकाले चाडपर्वका बेला जुवाका गतिविधि बढ्ने बताउँछन् । दसैं-तिहारको अवसरमा काठमाडौं उपत्यकामा ठूला-ठूला जुवा अखडा सञ्चालन हुने प्रहरी सूत्र बताउँछ । त्यसो त अरू बेला पनि काठमाडौंमा जुवा अखडा सञ्चालन नहुने होइनन्, तर ठूला चाडपर्वताका जुवाडेहरू बढी नै सक्रिय हुन्छन् । जुवाको लतमा परेका अधिकांश नेपालीमा घरजग्गा व्यवसाय, होटल रेस्टुराँ व्यवसाय, ठेकेदार तथा गिट्टी-बालुवा व्यवसायमा संलग्नहरूका साथै केही राजनीतिज्ञ एवं व्यवसायीहरू समेत छन् । निरन्तरजसो जुवा खेल्ने केही जुवाडे गुन्डागर्दी गर्ने, तस्करी गर्ने, हप्ता असुली गर्ने अपराधिक पृष्ठभूमिका पनि भएको प्रहरी सूत्र बताउँछ ।

## घुम्ती शैलीमा जुवा

प्रहरी निगरानी बढ्न थालेपछि नेपाली जुवाडेहरूले आफ्नो परम्परागत जुवा खेल्ने शैलीमा ठूलै परिवर्तन ल्याएका छन् । जुवाडेहरू पहिले एकै ठाउँमा लामो समय जुवाका ठूला–ठूला खाल थापेर जुवा खेल्थे । पछिल्लो समय बढ्दो प्रहरी निगरानी, सूचना प्रविधिको विकासजस्ता कारणले प्रहरी आँखा पर्ने तथा बाह्य पक्षले सुइको पाएर प्रहरीसम्म खबर पुऱ्याइदिने डरले जुवाडेहरूले एकै ठाउँमा जमेर जुवा खेल्ने परम्परागत शैलीमा परिवर्तन ल्याएका हुन् ।

अहिले जुवाडेहरू जुवा खेल्न ठाउँ बदलिरहने मोबाइल शैली अपनाउँछन् । 'एक ठाउँमा एक दिन जुवा खेल्यो भने अर्को दिन अर्को ठाउँमा सिफ्ट हुने शैलीमा जुवा सञ्चालन गरिएको पाइन्छ,' डिएसपी थापा भन्छन्, 'एक दिन, दुई दिन बानेश्वरमा जुवा खेलायो भने त्यसपछि सरेर भक्तपुर पुग्ने, फेरि ललितपुर पुग्ने त्यसरी सिफ्ट हुँदै घुम्ती शैलीमा जुवा खेलिएको पाइन्छ ।' प्रहरीले मूलपानीको जुवाखालमा रेड गरेको घटनामा पनि मोबाइल शैलीमा जुवा खेलाइको कुरा खुलेको थियो । काठमाडौंमा संगठित जुवा धन्दा चलाउनेहरू अस्थायी रूपमा घरभाडामा लिएर जुवा खेलाउँछन् । जुवा धन्दा सञ्चालन गर्नेहरूले पहिले आफ्नै घरमा जुवा खेलाउँथे, नयाँ कानुनमा जुवा अखडा सञ्चालन गर्नेहरूलाई समेत कारबाही हुने भएपछि त्यस्ता जुवा खेलाउनेहरू अस्थायी रूपमा घरहरू भाडामा लिएर जुवा खेलाउँछन् । अझ रोचक त के भने उनीहरू एक वा दुई दिनका लागि १० देखि २० हजारसम्ममा सुविधासम्पन्न फ्ल्याट भाडामा लिएर जुवा खेलाउँछन् र त्यसपछि अर्को फ्ल्याटमा सिफ्ट हुन्छन् । यसरी निरन्तर सिफ्ट भैरहनाले प्रहरी तथा बाहिरका अन्य मानिसको नजरमा पर्न निकै गाह्रो हुन्छ ।

कतिपय ठाउँमा त जुवातास खेल्नेहरूलाई भाडा दिने नै गरी घर बनाइएको समेत प्रहरी बताउँछ । यस्ता घरधनीहरूले मानिस बस्न वा व्यवसायका लागि घरभाडा दिँदैनन्, मोटो रकम कमाइ हुने लोभमा जुवाडेहरूलाई मात्र घर भाडामा उपलब्ध गराउँछन् ।

## आफ्नै सुरक्षा व्यवस्था

पेशेवर जुवा सञ्चालक तथा जुवाडेहरूले प्रहरीबाट बच्न मजबुत सुरक्षा व्यवस्था पनि तयार पारेका हुन्छन् । प्रहरी गतिविधी निगरानी गर्न सुराकी राख्नेदेखि प्रहरीलाई सजिलै जुवास्थलमा पुग्न अवरोध पुग्ने गरी विभिन्न च्यानल गेट बनाएर घरको माथिल्लो तलामा सुरक्षित रूपमा जुवा सञ्चालन गरिन्छ ।

तलैदेखि दुई तीनवटा च्यानल गेट बन्द गरेर माथिल्लो तलामा जुवा खेल्दा प्रहरी आइपुग्दासम्म प्रमाण नष्ट गर्न तथा नगद लुकाउन सकिने गरी आवश्यक तयारी गरिएको हुन्छ । प्रहरीकाअनुसार जुवाडेहरूले अपनाउने मजबुत सुरक्षा प्रबन्धका कारण कारबाही चलाउन आवश्यक प्रमाण, बरामद हुनुपर्नेजति रकम तथा सामानहरू पनि बरामद हुन सकिरहेका छैनन् । यसले प्रहरीलाई जुवाको खालमा रेड गर्न पनि समस्या सिर्जना हुने महानगरीय प्रहरी परिसर काठमाडौंका प्रवक्ता बोगटी बताउँछन् ।

जुवाडेहरूले प्रहरी तथा आम मानिसको पहुँचबाट टाढा रहेको लोकेसन रोज्ने गरेका छन् । पटके जुवाडेहरूले प्रहरीबाट समातिँदा पटकैपिच्छे आफ्नो नाम फरक बताउँछन् । प्रहरीमा पटक–पटक कारबाहीमा परेको नदेखियोस र सजायमा घटबट हुन्छ भनेर जुवाडेहरूले आफ्नो नाम समेत ढाँट्छन् ।

# प्रोफेसनल जुवाडे मोबाइल शैलीमा खेल्छन



होविन्द्र बोगटी, प्रवक्ता
महानगरीय प्रहरी परिसर,
काठमाडौं

**अहिले जुवा खेल्ने ट्रेण्ड कस्तो देखिन्छ ?**

अहिले जुवाको विभिन्न भेराइटिज देखिएको छ । जस्तै चाडबाडको समयमा खेलिने जुवा, मनोरन्जनका लागि खेलिने जुवा, संगठित रूपमा ठूलो सम्पत्ति हारजितका लागि खेलिने जुवा आदि । दशैं तिहार मा सबैको विदा हुने, चाडबाडको बेला मनोरन्जन पनि हुने भएकाले यतिबेला बढी जुवा खेलिन्छ । क्यासिनोहरूमा नेपालीलाई प्रवेश निषेध गरिएपछि त्यहाँ रमाउनेहरू पनि संगठित रूपमा सुरक्षित स्थल खडा गरेर जुवा सञ्चालनमा लागेको पाइएको छ ।

**नेपाली जुवाडेहरू कस्ता प्रकृतिका छन् ?**

मनोरन्जनका लागि चाडबाडमा जुवा खेल्नेहरूमा सबै प्रकारका मानिस छन् । यसलाई हामीले सामान्य प्रकृतिको जुवाका रूपमा लिएका छौं । असामान्य प्रकृतिको जुवा भनेको जितहारका लागि ठूलो रकम र सम्पत्ति दाउमा राखेर खेलिने जुवा हो । यसमा प्रोफेसनल जुवाडेहरू नै संलग्न हुन्छन् । प्रोफेसनल जुवाडेमा घरजग्गा व्यवसायमा संलग्नहरू, होटल-रेस्टुराँ व्यवसायमा संलग्नहरू, ठेकेदारहरू तथा गिटी-बालुवा व्यवसायमा संलग्नहरूको बाहुल्यता देखिन्छ । कहीँकतै राजनीतिमा संलग्नहरू पनि प्रोफेसनल जुवाडेका रूपमा फेला परेका छन् । नेपाली जुवाडेहरू कस्तासम्म भेटिएका छन् भने कतिले गाडी, घरबार पनि जुवामै समाप्त पारेका छन् ।

**काठमाडौं उपत्यकामा कसरी संगठित जुवा खेलाइन्छ ?**

जुवा खेल्ने मानिसहरूलाई पनि थाहा नहुने ठाउँमा फल्याट बुक गरिन्छ । त्यो जुवा खेलाउनका लागि सम्पर्क व्यक्ति अथवा एकजना एजेन्ट हुन्छ । ती एजेन्टले आफ्नो सम्पर्कमा रहेका जुवाडेहरूसँग सम्पर्क गर्छ । जुवाडेहरू एजेन्टले बोलाएको ठाउँमा आउँछन् र जुवा चल्छ । त्यो जुवा खेलाएको ठाउँ प्रहरीको नजरमा पर्न सक्छ वा थ्रेट हुन सक्छ भन्ने लाग्यो भने उनीहरू ठाउँ फेर्छन् । पेसेवर जुवाडेहरूले मोबाइल शैलीमा विभिन्न ठाउँ परिवर्तन गर्दै जुवा खेलाउँछन् । यस्ता जुवाडेहरूको काम विहानदेखि बेलुकासम्मै जुवा खेल्ने मात्र हुन्छ । यसलाई हामी अर्गनाइजड जुवा पनि भन्छौ ।

**छापा हान्ने क्रममा जुवाको खालबाट अहिलेसम्म बरामद भएको सबैभन्दा ठूलो रकम कति हो ?**

जुवाको अप्रेसन एकदमै चुनौतीपूर्ण छ । जुवालाई हामीले सामाजिक अपराधको पहिलो स्टेजका रूपमा लिएका छौं । जुवाबाटै विभिन्न किसिमका अपराध जन्मन सक्छन् । हारजितमा मानिसको घरबार उडन सक्ने, सडकमा आउन सक्ने, दुर्व्यसनमा फस्न सक्ने, जाँड-रक्सी खान सक्ने अथवा ठूलो रकमको कारोबार हुन सक्ने वा अन्य ठूला अपराध सिर्जना हुन सक्ने भएकाले जुवालाई आचरण विरुद्ध वा नैतिकता विरुद्धको सामाजिक अपराधका रूपमा लिइएको हो । जुवाको अप्रेसन गर्नु आफैमा जोमिखपूर्ण र चुनौतीपूर्ण किन छ भन्दा जुवाडेहरूले पनि आफ्नो सेक्युरिटी प्लान बनाएका हुन्छन् । सुराकी राख्ने, च्यानल गेटहरू बन्द गर्नेजस्ता काम गरेका हुन्छन् । अहिलेको ट्रेण्ड हेर्ने हो भने चारतलामाथि गएर जुवा खेलिन्छ मेनगेटबाट नै चार-पाँचवटा च्यानल गेट बनाएर ती सबै गेट बन्द गरी जुवा खेलाइन्छ, प्रहरी चारवटा गेट काट्दै चौथो तलासम्म पुग्दा निकै समय लाग्छ, त्यो बेलासम्म नजिकै जोडिएको घरमा जम्प गरेर भाग्ने अथवा त्यहाँ रहेका जुवाजन्य प्रमाणहरू नष्ट गर्ने, ट्वाइलेटमा फ्लस गरेर फाल्ने, पोल्ने अथवा चपाएर निल्नेजस्ता काम गर्छन् । यिनै कारणले जुन मात्रामा हामीले पैसा र सामान बरामद गर्नुपर्थ्यो, त्यो मात्रामा बरामद गर्न नसकेको अवस्था छ ।

# कस्ता-कस्ता जुवाडे



**धेरैजसो मानिस जुवा शब्द नै सुन्न रुचाउँदैनन् । यद्यपि संसारमा थुप्रै जुवाडेहरु छन् । जुवाकै कारण कतिपय धनी भएका छन् भने कतिपयको घरबास उजाडिएको छ । ठूलो रकम जित-हार हुने क्यासिनोहरुमा यस्ता जुवाडे लगातार जान्छन् । संसारमा कतिपय जुवाडेले जितेको वा हारेको रकमकै कारण प्रशस्त चर्चासमेत पाएका छन् ।**

### डन जोन्सन

ग्याम्बलिङको संसारमा डन जोन्सनलाई रियल हिरो मानिन्छ । सन् २०११ मा एट्लान्टिक सिटी क्यासिनोका टप तीन क्यासिनोमा केही दिनमै १ करोड ५० लाख डलर जितेर जोन्सन संसार प्रसिद्ध भएका थिए । उनले कानुनी रूपमै यति धेरै पैसा जितेका थिए र त्यसमा कुनै छलछाम गरेका थिएनन् । विभिन्न क्यासिनोमा खेल्ने क्रममा क्यासिनोले गर्ने ट्रिक पत्ता लगाएर जोन्सन त्यसैअनुसार खेल्थे । कतिपय अवस्थामा क्यासिनोले नै उनलाई दण्डका रूपमा पैसासमेत तिर्नुपर्थ्यो ।

### फिल इभी

पोकर गेमका लागि संसारकै उत्कृष्ट खेलाडी मानिन्छ– फिल इभीलाई । मेगा क्र्याप टुरका रूपमा प्रत्येक डाइसको रोलमा उनी १ लाख डलरको बाजी हाल्थे । इभीले सन् २०१२ मा लन्डनको क्र्याकफोर्ड्स क्यासिनोमा एक ब्याकारट सेसनमा १ करोड १० लाख डलर जिते । त्यसभन्दा पहिले उनले एट्लान्टिक सिटीस्थित बोर्गाटा क्यासिनोमा ९० लाख ६० हजार डलर जितेका थिए, तर क्यासिनोले विशेष तरिका अपनाएर गेम जितेको आरोप लगाउँदै उक्त रकम दिन अस्वीकार गर्‍यो । यसको फैसला अझै भएको छैन । उक्त फैसलापछि यो इतिहासकै सर्वाधिक नगद राशिको जित हो वा ईभीले ठगी गरेकै हुन् भन्ने कुरा प्रमाणित हुनेछ ।

### जो फ्रान्सिस

जो फ्रान्सिसले बिन होटलको क्यासिनोमा एकैपटक २० लाख डलर हारे । रोचक कुरा के छ भने उनले उक्त रकम तिर्न अस्वीकार गरे । उक्त पैसा असुल्न क्यासिनोले फ्रान्सिसविरुद्ध मुद्दा दायर गर्‍यो । क्यासिनोले पछि उनलाई केही रकम छुट दिने कुरा पनि बतायो, तर कति छुट दिइयो भन्ने कुरा खुलाइएन ।

### रोबर्ट म्याक्सवेल

मिडिया टाइकुन रोबर्ट म्याक्सवेलले बेलायतको एम्बासडर क्यासिनोमा एक मिनेटमै २० लाख डलर हारे । उनले मल्टिपल राउलेट ह्विल खेलेका थिए र कुनै पनि ब्रेक क्याच गर्न सकेनन् । यही कारणले उनको ठूलो र प्रतिष्ठित प्रकाशन कम्पनी नै धराशायी भयो ।

### टेरी वातानावे

टेरी वातानावेलाई क्यासिनोको इतिहासमा सर्वाधिक पैसा हार्ने व्यक्ति मानिन्छ । उनले सन् २००७ मा एकैपटकमा १२ करोड डलर हारेका थिए । उनले त्यो वर्ष मात्र सबै गरी २० करोड डलर हारे । लस भेगासको क्यासिनोमा जुवा खेल्ने वातानावेले क्यासिनोले आफूलाई फसाउन विभिन्न औषधी तथा पेय पदार्थ दिने गरेको आरोप लगाएका थिए ।

### ओमार सिद्धिकी

ओमार सिद्धिकी एउटा प्रसिद्ध इलेक्ट्रोनिक्स कम्पनीका कर्मचारी थिए । सुरु-सुरुमा क्यासिनोमा खेल्दा उनले जितेका पनि थिए, तर पछि उनले क्रमशः साढे ६ करोड डलर हारे । उनी ब्ल्याकज्याकको पर ह्यान्डमा २ लाख डलरसम्म बाजी राख्थे । पछि उनले विभिन्न तरिकाले कालो धन जम्मा गरेको पत्ता लाग्यो र उनलाई ४० वर्षको जेल सजाय भयो ।

### आर्ची कारास

आर्ची कारास पहिलो पटक लस भेगास आउँदा ६० डलर मात्र लिएर आएका थिए । ग्रीसमा जन्मिएका आर्ची पछिल्लो समय अमेरिकी भएका थिए । उनले डाइस, ब्याकारेट, पुल तथा पोकर आदि खेलेर ३ करोड डलर जिते, तर पछिल्लो समयमा उनले प्रत्येक खेल हार्दै गए ।

### केरी प्याकर

अस्ट्रेलियाका मिडिया टाइकुन केरी प्याकरको खेल पनि निकै चर्चित छ । उनले तीन हप्ताको अवधिमा डेढ करोड स्टर्लिङ पाउन्ड सिध्याएका थिए । त्यसभन्दा पहिले उनले धेरै पैसा जितेका पनि थिए । मानिसहरू उनीसँग खेल्न डराउँथे, किनभने उनको भाग्य दह्रो छ भनिन्थ्यो, तर पछि उनी कंगालजस्तै भए ।

### अकियो कासिवागी

जापानका प्रोपर्टी डेभलपर अकियो कासिवागी सामान्य जीवन बिताइरहेका थिए । उनी राति-राति क्यासिनो पुगेर ब्याकारेट खेल्थे, तर एक दिन ट्रम्प क्यासिनोमा उनले डेढ करोड डलर हारे । सिंगल सेसनमा यति ठूलो रकम हारिएको यो पहिलो घटना थियो । त्यसैले कासिवागीलाई ठूलो ग्याम्बलरका रूपमा लिइन्छ ।

### फ्र्यांक साराकाकिस

ग्रीसमा जन्मिएका कार उद्योगी फ्र्यांक साराकाकिस लन्डनको क्रकफोर्ड्स तथा रिट्ज क्यासिनोका ग्राहक थिए । उनी आफूलाई भाग्यमानी खेलाडी सम्झिन्थे । उनी रुलेट निकै रमाइलो गर्दै खेल्थे । एकपटक छोटो समयमै उनले १ करोड स्टर्लिङ पाउन्ड हारे । त्यही पैसा फिर्ता आउने आशामा उनी लगातार खेल्दै गए र ठूलो रकम गुमाउन पुगे ।

### जिम्मी ह्वाइट

स्नूकर र पुलका सौखिन जिम्मी ह्वाइटले पहिले पोकर र अन्य खेलका कारण प्रशस्तै पैसा कमाए, तर युरोपमा खेल्ने क्रममा उनले ६० लाख पाउन्ड हारे । जिम्मी क्यासिनोमा ब्ल्याकज्याक खेल्न रमाउँथे ।

### फवाद-अल-जायद

जायद रुलेट खेल्न रुचाउँथे । उनले सुरुमा ५ लाख पाउन्ड हारेका थिए । त्यसपछि लगातार हार्दै गए । पछि बेलायती अदालतले उनको सम्पत्ति नै रोक्का गरीदियो । जायद लन्डनका ठूलो जुवाडेका रूपमा परिचित छन् ।



# जुवासम्बन्धी केही मिथक

तिहार भन्नेबित्तिकै धेरै नेपालीले जुवालाई पनि सम्झन्छन् । धार्मिक मान्यताअनुसार दसैंको अन्तिम दिन कोजाग्रत पूर्णिमादेखि तिहारसम्म जुवा खेल्नुलाई शुभ मानिन्छ । नेपालको सन्दर्भमा हेर्दा २००७ साल अघिसम्म नेपालमा जुवाले कानुनी मान्यता पाएको थियो । त्यो कालखण्डमा राज्यका तर्फबाट नै निश्चित समयका लागि जुवा फुकुवा गरिन्थ्यो । यसरी जुवा फुकुवा गरिएको समय रक्षाबन्धनदेखि तिहारसम्मलाई मानिन्थ्यो ।

नेपालको इतिहास हेर्ने हो भने युगान्तकारी घटना कोत पर्वको कारक पनि एक जना जुवाडे नै थिए । ऐतिहासिक दस्तावेजअनुसार तत्कालीन महारानी लक्ष्मीदेवीका विश्वासपात्र तथा प्रधानमन्त्री पदका दावेदार गगन सिंहको हत्या जुवाडे लाल झाले गरेका थिए । जुवा खेल्ने क्रममा कंगाल भएका लाल झालाई उसको ऋण तिरिदिने तथा थप रकम उपलब्ध गराउने सर्तमा जंगबहादुरले गगन सिंहको हत्या गर्न तयार गरेका थिए ।

काठमाडौंमा प्रचलित किंवदन्तीअनुसार मल्ल राजाहरूकी कुल देवी तुलजा भवानी राजा जयप्रकाश मल्लसँग हरेक औंसीको मध्यरात पासा खेल्थिन् । यसरी पासा खेल्ने क्रममा एकदिन तुलजा भवानीको रूपबाट मोहित भएका राजा जयप्रकाश मल्लले देवीसँग सम्भोग गर्ने मनसाय व्यक्त गरेपछि देवी रिसाएर अलप भइन् । उक्त घटनापछि राजा जयप्रकाश मल्ललाई ठूलो पछुतो भयो । उनले पश्चाताप गर्दै फेरि देवीको आराधना गर्न थाले । राजाको आराधनापछि पग्लिएकी देवीले एकदिन राजालाई सपनामा अब आफू आउन नसक्ने तर आफ्नो दर्शन चाहने हो भने हरेक वर्ष एउटी कन्यालाई देवीका रूपमा स्थापित गरेर त्यसमा मेरो अनुहार हेर्नु भन्ने आदेश दिइन् । सोही आदेशअनुसार नै राजा जयप्रकाश मल्लले काठमाडौंमा इन्द्रजात्राका अवसरमा जिवित देवी कुमारीको पूजा गर्ने परम्परा चलाएको इतिहास छ ।

जुवाका सम्बन्धमा हाम्रो समाजमा तीनवटा धार्मिक कथा प्रचलित छन् । पहिलो कथाअनुसार पासा खेल्ने परम्पराको प्रारम्भ देवी पार्वतीले गरेकी हुन् । देवी पार्वती आफ्ना पति भगवान् शिवसँग फुर्सदका बेला मनोरञ्जनका लागि पासा खेल्थिन् । विशेष गरेर भगवान शिव र पार्वतीले यमपञ्चकका पाँच दिन लगातार जुवा खेल्थे भन्ने मान्यता छ । अझै पनि कतिपय मन्दिरमा देवी पार्वतीको पूजा गर्दा पासा समेत चढाइन्छ ।

अर्को कथाअनुसार पौराणिक पात्र राजा नल नामुद जुवाडे थिए । तत्कालीन भारतको शक्तिशाली समुदाय निषाधहरूका राजा नलकी रानीको नाम दमयन्ती थियो । दुवै आफ्नो रूप तथा गुणका कारण भारतवर्षभरि चर्चित थिए । तिनै राजा नल आफ्नो जुवासम्बन्धी लतका कारण राजपाट नै गुमाउन बाध्य भए । कथाअनुसार आफ्ना समकक्षी राजाहरूसँग जुवा खेल्ने क्रममा राजा नलले आफ्नो सर्वस्व हार्नुपरेको थियो । त्यसै कारण राजा नलले लामो समयवनबास समेत बेहोर्नुपरेको थियो ।

अर्को कथा महाभारतको हो । कथाअनुसार पाण्डवहरू जुवा खेल्न भनेपछि मरिहत्ते गर्थे । पाण्डवहरूको यही कमजोरीका कारण कौरवहरूले उनीहरूलाई जुवा खेल्न आमन्त्रित गरे । जुवाको त्यो खेलमा जेठा पाण्डव युधिष्ठिरले आफ्नो श्रीसम्पत्ति, राज्य मात्र गुमाएनन् आफ्ना भाइहरू एवं पत्नी द्रौपदीलाई समेत हार्न पुगे । त्यसपछि भएको द्रौपदी चिरहरणको घटनाले नै महाभारत युद्धको बिजारोपण गरेको थियो । जुवा हारेका राजा युधिष्ठिरले त्यसपछि भाइहरू सहित बनवास र गुप्तवासमा जानुपरेको थियो । गुप्तवासका बेला राजा विराटको दरबारमा समेत राजा युधिष्ठिरले जुवाडे कंकका रूपमा बस्नु परेको थियो ।

जुवाका विषयमा हिन्दू धर्मशास्त्रमा धेरै ठाउँमा उल्लेख गरिएको छ । पासा वा चौसर भनिने खेलको उल्लेख ऋग्वेद तथा अथर्ववेदमा समेत हुन्छ । यी दुवै ग्रन्थको रचना इसापूर्व पाँच वर्षअघि भएको मानिन्छ । चौसर अथवा पासा खेलिएका प्रमाणहरू सिन्धुघाटीको सभ्यता मोहेन्जो दारो र हडप्पामा गरिएका उत्खननबाट समेत फेला परेका छन् ।

# क्यासिनो र ग्याम्बलिङका रमाइला तथ्य



क्यासिनो र ग्याम्बलिङ साथै जोडिने शब्द हुन्। यो संसारमा ग्याम्बलिङ अर्थात् करोडौं रकमको जुवा खेल्नेहरू प्रशस्तै छन्। यही क्यासिनो र ग्याम्बलिङको क्षेत्रमा विभिन्न रोचक परिदृश्य पनि देख्न तथा सुन्न पाइन्छ।

जापानका ग्याम्बलरहरू कानुनमा भएका विभिन्न कमजोरी खोज्दै जुवा खेल्छन्। क्यासिनोका लागि चर्चित मकाउमा स्थानीय मानिसहरूलाई ग्याम्बलिङ खेल्न प्रतिबन्ध छ। अमेरिकाको लास भेगास क्यासिनोका लागि संसार प्रसिद्ध छ। त्यहाँको क्यासिनो चलाउन भारतीयहरूको समेत ठूलो भूमिका छ।

## फेडएक्सको उद्धार

हालको प्रचलित कम्पनी फेडएक्स कुनै बेला डुबिसकेको थियो। यद्यपि यसका संस्थापकले ग्याम्बलिङबाटै २७ हजार डलर कमाए र आफ्नो कम्पनीलाई डुब्नबाट जोगाए। सन् १९७३ मा यसका संस्थापक फ्रेडरिक स्मिथले लास भेगासको क्यासिनोमा उक्त जुवा खेलेका थिए। उनी आफूसँग बचेको ५ हजार डलर लिएर क्यासिनो पुगेका थिए र जितेको पैसाले कम्पनीको ऋण तिरेका थिए।

## क्यासिनोमा जेल

ग्याम्बलिङ एउटा ठूलै उद्योगसमेत मानिन्छ। यसै कारण कुनै बेला अमेरिकाको नेभाडामा क्यासिनोसहितको जेल निर्माण गरिएको थियो। सन् १९३२ देखि १९६७ सम्म चलेको उक्त क्यासिनो ३५ वर्षपश्चात् बन्द गरियो।

मोनाकोमा क्यासिनो, तर खेल्दैनन् मोनाकोबासी

मोनाकोको मोन्टे कार्लो क्यासिनोलाई ग्याम्बलरहरूको स्वर्ग मानिन्छ। मोनाकोका नागरिकहरूले भने उक्त क्यासिनोमा खेल्न पाउँदैनन्। राजकुमार क्यारोलिनले उक्त प्रतिबन्ध लगाएका हुन्। क्यासिनोको आय विदेशीहरूबाट मात्र उठाउनु पर्छ भन्ने उनको मान्यता थियो। त्यसकै परिणामस्वरूप हाल मोनाकोका नागरिकले आयकर तिर्नु पर्दैन।



## स्यान्डविचको आविष्कार क्यासिनोमा

हाल प्रचलित स्यान्डविच वास्तवमा क्यासिनोमै आविष्कार भएको थियो। सन् १७६५ ताका जोन मोन्टागु नामका एक प्रख्यात ग्याम्बलर थिए। उनी खाना खानकै लागि ग्याम्बलिङ टेबल छोड्न चाहँदैनथे। त्यसैले उनले आफ्ना कामदारलाई स्लाइस ब्रेडको बीचमा केही मासुजन्य परिकार राखेर ल्याउन भने। त्यसपछि त्यस्तो परिकार तयार पनि पारियो र जोनले जुवा खेल्न पनि पाए। त्यसैका आधारमा आजको स्यान्डविचको जन्म भएको थियो।

## सबैभन्दा सानो क्यासिनो

संसारकै सबैभन्दा सानो क्यासिनोको कुनै ठेगाना भने छैन। लन्डनमा भएको ग्रसभेनर क्यासिनोलाई सबैभन्दा सानो क्यासिनो मानिन्छ र यसमा गेमिङ टेबल, डिलर, बार र टीभी राखिएको छ। यो एक प्रकारको मोबाइल क्यासिनो हो र यसमा खेल्दै सहर घुम्न सकिन्छ। यसैबाट अर्को क्यासिनोमा बिना शुल्क जान सकिन्छ।

## स्लट मेसिनमा फलफूलको चित्र

गेम खेलिने स्लट मेसिनको हिवलमा किन फलफूलको चित्र हुन्छ ? यसका पछाडि पनि रोचक तथ्य छ। सन् १८८० तिर ती स्लट मेसिनबाट फलफूलको सुगन्धसहितका चुइगम निस्कन्थे। यसबाट विभिन्न ड्रिंक्स र सिगार समेत निकाल्न सकिन्थ्यो। पछि मात्र यसबाट क्वाइन निकाल्न थालिएको हो।

## पहिलो स्लट मेसिन क्यासिनोमा थिएन

सन् १८९५ मा मेकानिक चार्ल्स फेले पहिलो स्लट मेसिन आविष्कार गरेपछि त्यसलाई क्यासिनोमा खेलिएको थिएन। उनको 'लिबर्टी बेल' मेसिन सान फ्रान्सिस्कोको अटो सपमा राखिएको थियो। कार मर्मत गराउन आउने ग्राहकहरू त्यसमा रमाउँथे। यो मेसिन निकै लोकप्रिय हुन थालेपछि क्यासिनोहरूले ग्याम्बलरहरूका लागि यसको प्रयोग गर्न थालेका हुन्।

स्लट मेसिन बन्नुभन्दा पहिले विभिन्न प्रकारका ग्याम्बलिङ मेसिनहरू बार तथा पबहरूमा देखिन्थे। यस्ता मेसिनमा पैसा तिर्ने कुनै मेकानिज्म नभएकाले बार टेन्डरहरूले सिगार र बियर जस्ता पुरस्कार खेलाडीलाई दिन्थे।

## ग्याम्बलिङको राजधानी होइन लास भेगास

धेरैले अमेरिकाको लास भेगासलाई ग्याम्बलिङको राजधानी मान्छन्, तर व्यवहारमा मकाउ वास्तविक राजधानी हो। सन् २०१२ सम्म लास भेगासको तुलनामा मकाउको क्यासिनोको आय ५ गुणा बढी थियो। मकाउमा ७५ प्रतिशत आय जुवाबाटै उठ्छ।

## लास भेगासको पहिलो क्यासिनो महिलाको

लास भेगासको पहिलो क्यासिनो मेमे स्टकर नामक महिलाको नाममा खुलेको थियो। उनी स्थानीय अखबारका सामाजिक पेजमा लेख लेख्ने प्रतिष्ठित महिला थिइन्। स्टकरका श्रीमान्सँग जोडिन नचाहेकाले उनले आफ्नै नाममा क्यासिनो खोलेकी थिइन्।

## जापानमा क्यासिनो खेल्न प्रतिबन्ध

जापानमा कानुनी रुपमा क्यासिनो खेल्न प्रतिबन्ध छ, तै पनि जापानीहरू विभिन्न नाममा क्यासिनो जस्तै खेल खेलिरहेका हुन्छन्। जापानमा 'पाचिन्को पार्लर' स्लट मेसिन जस्तै एक प्रकारको गेम हो। यसमा प्रयोग गरिने सिल्भर बललाई अल्कोहल, टोयज तथा अन्य पुरस्कार प्राप्त गर्न प्रयोग गरिन्छ।

क्यासिनोमा एटमिक ककटेल सन् १९५१ पश्चात अमेरिकाको डिपार्टमेन्ट अफ इनर्जीले लास भेगास भन्दा ६५ माइल टाढा एटम बम परीक्षण गरेको थियो। उक्त दृश्य लास भेगासका क्यासिनोहरूबाट समेत देखिएको थियो र रात नै दिनमा परिवर्तन भएको थियो भने त्यहाँको वाणिज्य विभागले यसको खुसीयालीमा एटम बम पार्टीको आयोजित गर्न आह्वान समेत गरेको थियो। उक्त आह्वानअनुरूप लासभेगासका क्यासिनो बारहरूमा 'एटमिक ककटेल' को आयोजना गरिएको थियो। त्यस क्रममा एक क्यासिनोमा त 'मिस एटमिक इनर्जी' ब्युटी प्याजेन्टसमेत सम्पन्न गरिएको थियो।

- चीनमा आविष्कार भएको भए पनि हामीले आज प्रयोग गर्ने कार्ड डेकको डिजाइन फ्रान्समा गरिएको थियो।
- अमेरिकाका पूर्व राष्ट्रपति रिचार्ड निक्सनले पोकरको सेलर वापत कमाएको पैसालाई सन् १९४६ को निर्वाचन अभियानमा प्रयोग गरेका थिए।
- लास भेगासका ८७ प्रतिशत बासिन्दा ग्याम्बलिङसँग सम्बन्धित कार्य गर्छन्।
- अमेरिकाका ३८ प्रतिशत बासिन्दाले ग्याम्बलिङका लागि लास भेगासको भ्रमण गरेका छन्।
- ल्याक ज्याक अनलाइन र क्यासिनोहरूको सर्वाधिक लोकप्रिय गेमका रूपमा प्रचलित छ।
- क्यासिनोहरूमा धेरै प्रकारका भिडियो पोकर देखिने भए पनि यी सबै क्लासिक गेममा आधारित छन्।
- अठारौं शताब्दीतिर गैरकानुनी ग्याम्बलरहरूले प्रहरी गिरफ्तारीबाट जोगिन क्र्याप डाइस खाएर निल्थे।
- सन् ७० को दशकमा क्यासिनो जाने मानिसहरूको औसत उमेर ३५ देखि ५५ वर्ष थियो। हाल यो उमेर बढेर १७ देखि ७० वर्ष पुगेको छ।
- क्यासिनोहरूमा सेलफोन प्रयोग गर्न प्रतिबन्ध छ। यद्यपि अनलाइन क्यासिनोमा भने सेलफोनको प्रयोग गर्न पाइन्छ।
- संसारको सबैभन्दा ठूलो क्यासिनो अमेरिकाको कनेक्टिकटमा छ र यसलाई फक्सउड क्यासिनो भनिन्छ।
- ब्ल्याक ज्याक कसले आविष्कार गरेको हो भन्ने विषयमा इटालियन तथा फ्रेन्चहरूबीच अझै पनि विवाद छ।
- क्यासिनोको सबैभन्दा पुरानो गेम 'रूलेट' हो।
- लास भेगासको म्याककारन इन्टरनेसनल एयरपोर्ट संसारकै आठौं व्यस्त एयरपोर्ट हो। त्यहाँ दैनिक ८ सय ५० उडान हुन्छ र २५ लाख मानिसले मासिक रूपमा लासभेगासको भ्रमण गर्छन्। ती मध्ये अधिकांश ग्याम्बलिङकै लागि त्यहाँ पुगेका हुन्छन्।
- थुप्रै सार्वजनिक आयोजनाहरूमा ग्याम्बलिङ र चिट्ठाको पैसा प्रयोग गरिन्छ। चीनको ग्रेट वाल निर्माणमा समेत यसको प्रयोग गरिएको बताइन्छ।
- अमेरिकाको म्यासाचुसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजीका विद्यार्थीहरूले सन् १९७९ देखि २००० सम्म ब्ल्याक ज्याक टिममा सहभागी भएर यसलाई कानुनी रुपमा योग्य र काउन्टिङ टेक्निकको निर्माण गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए।
- लास भेगासमा हाल सम्म सबैभन्दा बढी स्लट एक २५ वर्षीय इन्जिनियरले जितेका छन्। उनले मेगाबक्स स्लट मेसिनबाट ३ करोड ९७ लाख १० हजार ८ सय २६ डलर हात पारेका थिए।
- जिम्बाब्वेका तत्कालीन राष्ट्रपति रोबर्ट मुगाबेले सन् २००० मा २ हजार ६ सय डलरको लट्री जितेका थिए। उनी लट्री जित्ने एक मात्र आधुनिक राष्ट्र प्रमुख हुन्।

# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

## मेष

रामा्र अवसर तथा शुभ समाचारले साता अनुकूल बनाउनेछन्। अभिभावकको वचन परिवर्तनले मनमा चोट पुग्न सक्छ। संयमताका साथ निर्णय लिनु उचित हुन्छ। आर्थिक क्षेत्रमा प्रभुत्व जमाई सोचेजस्तै लाभ लिन सकिनेछ। मेहनत एवं लगनशीलताले प्रतिष्ठा दिलाउनेछ।

## वृष

लगनशीलताले विविध अवसर जुटाउनेछ। मन मिल्ने साथीको सुझावप्रति विश्वास गर्दा पछि परिएला। आफ्नो कार्य दक्षताको चौतर्फी प्रशंसा हुनेछ। चुरो कुरा पत्ता लगाई असहज परिस्थितिको सामना गर्न सकिनेछ। नीलो रंगको पहिरनले ऊर्जा प्रदान गर्दै कार्य सम्पन्न गर्न सहज बनाउनेछ।

## मिथुन

आफ्ना सिर्जनशील रचनाले प्रेमी-प्रेमिकाको मन जित्न सकिनेछ। इष्टमित्रबाट प्राप्त सुझावले आफ्नो भलो नै गर्नेछ। सामाजिक सेवाले राम्रो प्रशंसा दिलाउनेछ। नीलो रंगको पहिरनले कार्यक्षेत्रमा विशेष लाभ पुऱ्याउनेछ। राति अबेरसम्म भोजभतेरमा सहभागी हुँदा बेफाइदा हुन सक्छ।

## कर्कट

रोजगारीका नयाँ क्षेत्र पहिचान गरी लाभ लिन सकिनेछ। मित्रको सहयोगबाट हौसला प्राप्त हुनेछ। सामाजिक क्षेत्रको लगानीले विदेश भ्रमणको अवसर जुटाउन सक्छ। प्रलोभन देखाउनेहरूबाट टाढै रहँदै प्रतिष्ठा जोगाउनुहोला। साताको अन्त्यमा स्वास्थ्यको ख्याल गर्नुपर्ने छ।

## सिंह

रोजगारीको अवसर जुट्ने सम्भावना छ। कला-कौशल देखाएर फरक पहिचान स्थापित गर्न सकिनेछ। केही दिनको अन्तरमा मायालुसँग भेट हुँदा मन प्रफुल्लित हुनुका साथै ठाकठुकसमेत पर्न सक्छ। वृद्ध-वृद्धाहरूलाई फलफूल तथा वस्त्र सहयोग गर्दा आशीर्वाद पाइनेछ।

## कन्या

प्रियजनको सहयोगमा वैदेशिक यात्राको सम्भावना छ। तपाईंको पराक्रमको प्रशंसा हुनुका साथै कामको समेत मूल्यांकन हुनेछ। प्रेमी-प्रेमिकाबीच विवाद उत्पन्न हुनसक्छ। साताको अन्त्यमा बहुमूल्य उपहार प्राप्त हुने सम्भावना छ। सुनौलो रंग प्रेरणादायी सावित हुनेछ।

## तुला

गुणस्तरीय व्यवसाय सुरु गर्न साझेदार हरूबीच मत मिल्नेछ। सहयोगीहरूले नै षड्यन्त्र गर्न सक्छन्, सचेतता अपनाउनुहोला। युवायुवतीमाझ नयाँ परिचय स्थापित गर्न सकिनेछ। मनोरञ्जन तथा भोजभतेरमा सहभागी हुँदा स्वास्थ्यको ख्याल गर्नुपर्नेछ।

## वृश्चिक

तपाईंको निर्णय क्षमताले विभिन्न अवसरको ढोका खोल्नेछ। प्रतिस्पर्धामा सफलता हात पर्नेछ। आवेशमा गरिएका कार्य परिणाममुखी नहुन सक्छन्। पहेंलो रंगको प्रयोग शुभ छ। पश्चिमतर्फको यात्रा लाभदायक देखिन्छ। युवायुवतीमाझ नयाँ परिचय स्थापित गर्न सकिनेछ।

## धनु

आफन्त तथा अभिभावकको सुझावले तपाईंलाई व्यवहारिक बन्न प्रेरणा दिनेछ। सभा-सम्मेलन तथा तालिममा सहभागी हुन पाइनेछ। आफ्नो प्रतिभाले उच्च कदर प्राप्त गर्नेछ। नयाँ क्षेत्रमा लगानी गर्दा फाइदै होला। कसैप्रति छिटो विश्वास गर्ने बानीले पछि परिनेछ।

## मकर

साता आनन्दमय रहनेछ। गहिरो अध्ययनले ज्ञानको दायरा बढाउन मद्दत गर्नेछ। कार्य क्षेत्रका झिना-मसिना झन्झट भने कायम रहन सक्छन्, धैर्यताले ती झन्झटबाट उन्मुक्ति दिलाउनेछ। प्रेमी-प्रेमिकाले स-साना त्रुटि औंल्याउँदा प्रेममा तुषारो लाग्न सक्छ।

## कुम्भ

कार्य सम्पन्न गर्दा विवेक पुऱ्याए झमेलाहरू स्वतः निर्मूल हुनेछन्। प्रतिष्ठा एवं पदोन्नतिको अवसरलाई चुनौतीका रूपमा आत्मासात् गरे नयाँ उचाइमा पुगिनेछ। मन पराउनेहरूसँग कम बोल्नु नै उपयुक्त हुन्छ। खरानी रंगको पहिरनले आशीर्वाद बर्साउनेछ।

## मीन

आकर्षक पहिरनबाट अरूको मन लोभ्याउन सकिनेछ। रोकिएका काममा पुनः प्रयत्न गर्दा सफलता प्राप्त होला। पाहुनासँग रमाउँदै विशेष परिकारको आनन्द लिन पाइनेछ। लगानीले गतिलो आम्दानी हात लगाउनेछ। साताको अन्त्यमा सार्वजनिक कार्यमा सहभागी हुने अवसर जुट्नेछ।

### यो साता

**कात्तिक १९ गते**
यमपञ्चम आरम्भ
काग तिहार
धन्वन्तरी जयन्ती
धनतेरस

**कात्तिक २० गते**
कुकुर तिहार
नरक चतुर्दशी

**कात्तिक २१ गते**
लक्ष्मीपूजा

**कात्तिक २२ गते**
नेपाल सम्वत ११३९ प्रारम्भ
गोवर्द्धन पूजा
म्ह पूजा

**कात्तिक २३ गते**
भाइटीका

**अब हाम्रो पालो**

# तिहारमा किन जनावरप्रति प्रेमभाव देखाइएको हो ?



दसैंमा खसी काटेर खाइहालियो, अब तिहारमा कुकुर काटेर खान मिल्दैन, नत्र त त्यो माया भन्ने शब्द नै हराउँथ्यो।
**बुद्ध पुन्छा**

वर्षभरि कति जीवजन्तुमाथि अत्याचार गरिन्छ, त्यसको पाप नलागोस् भनेर वर्षमा एकपटक क्षमा याचना गर्न पनि त्यस्तो प्रेम भाव प्रकट गरिन्छ। मानिस साँच्चै मान्नैपर्ने स्वार्थी प्राणी हो।
**रोशन राना**

चौरासी लाख जुनी घुमेर मान्छे भा'छ रे! त्यसकारण आफू पनि कुनै जन्ममा त्यही जनावर भइन्छ भनेर आदरभाव र सद्भाव दिइएको होला।
**पोखरेल शिव**

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। उत्तर चिठी वा एसएमएस मार्फत पठाउन सकिनेछ।
१. मोबाइलबिनाको जीवन कल्पना गर्न सकिन्छ ?

अरू बेला त मानिसले टाउकोदेखि खुट्टासम्म, कानदेखि फोक्सोसम्मका थरीथरीका परिकार बनाएर खाइहाल्छन्, अनि तिहारमा चाहिँ यसो देखावटी रूपमा खान नहुने जनावरको चैं पूजा गरेजस्तो गर्छन्।
**मनिष श्रेष्ठ**

गाई, कुकुर, काग मात्र होइन, काठमाडौंका महर्जन, डंगोल आदि कृषि पेसा भएका नेवारले साउनतिर खेतमा भएका भ्यागुतालाई खाना ख्वाउँछन्। 'ब्यां जा नक्किगु' भनिने पर्व नै हुन्छ।
**हरिहर जोशी**

दसैंमा हत्या-हिंसा गरेर तिहारमा रोएजस्तो गर्छन्।
**इब्सन सुब्बा**

हाम्रो धर्म परम्परा अनि संस्कारसँग जोडिएको हुनाले।
**राजु प्राग**

दसैंमा मार हानेको जनावरको पाप नलागोस भनेर।
**बाबुश्री**

दाजुभाइ भनेका कुकुर र गोरुको प्रतीक हुन्, त्यही भएर।
**कुमार विष्ट**

यो प्रेमभाव होइन, भेदभाव हो।
**उमेशचन्द्र राई**

हर कुत्तेकी दिन आता है भन्ने हिन्दी भनाइलाई प्रस्ट पार्न होला नि !
**रोहित सित्यान**

मानिसलाई विभिन्न परिस्थितिमा जनावरले सहयोग गरेकाले।
**सूचना शर्मा**




मुक्त आकाश



अविरल थापा

# आहै ! झिलीमिली

दसैं र तिहार नेपालीका दुई ठूला चाड हुन् । झट्ट हेर्दा हिन्दूले मात्र मनाउने जस्तो लागे पनि सबैले लामो बिदा हुने भएकाले आ-आफनो तरिकाले यो समयलाई भेटघाट र घुमफिरमा बिताउँछन् । सहरमा भएकाहरू गाउँ जान्छन्, विद्यालय छुट्टी हुन्छ र मौसम पनि घमाइलो हुन्छ ।

तिहारको अझ बहुआयामिक पाटो छ । दसैं सक्किएको एक महिना नबित्दै आउने यो चाड पशुपन्छीसँग मानिसको सम्बन्ध, फूल, उज्यालो अनि दाजुभाइ-दिदीबहिनीको प्रेममा केन्द्रित छ । धार्मिक पक्ष आफ्नो ठाउँमा होला तर यसको सामाजिक एवं मनोवैज्ञानिक पाटो पनि उत्तिकै छ । काग, कुकुर, गाई तथा गोरुको पूजा गर्नुले यी पशुपन्छीको मानिसको जीवनशैलीसँगको नाता र महत्व बोध गराउँछ । सन्देशवाहकका रूपमा कागको पूजा गर्नु, घरको रेखदेख गरेको हुनाले कुकुरको पूजा गर्नु, दूध दिएर परिवारलाई पोषण प्रदान गरेकाले गाईलाई पुज्नु र पहिले केही साधन नहुँदा कृषि उत्पादनका लागि जोतिएर सहयोग गरेकोमा गोरुको पुजा गर्नुले मानिसले उनीहरूप्रति देखाएको सम्मान तथा प्रेम झल्काउँछ । त्यसैगरी सँगै जन्मी-हुर्किएका दाजुभाइ-दिदीबहिनी वर्षको एकपटक भए पनि सकेसम्म अनिवार्य भेटेर एक-अर्कालाई पुजा प्रेम र सम्मान देखाउनुले परिवारमा भ्रातृत्वको महत्व कति हुन्छ भन्ने देखिन्छ ।

तिहारसँग जोडिएको अर्को पक्ष भनेको फुल हो । शरदयाममा फुल्ने गोदावरी र मखमली साथै सयपत्री फूल तिहारका लागि विशेष प्रयोग गरिन्छन् । घर, पसल वा आफू काम गर्ने थलो तिहारका बेला फूलमालाले विशेष रुपमा सजाइन्छ, जसले सौन्दर्य बढाउनुका साथै सुगन्ध फैलाएर वातावरण नै मनमोहक बनाइदिन्छ । पसल व्यवसायमा ग्राहक आकर्षित हुन्छन् भने घर पनि सफा राखी फुलले सजाउँदा रौनक नै अर्कै हुन्छ । व्यापारीहरूलाई त कुनै पनि पर्व कमाउने अवसर नै हो । नेपालमा समेत तिहारका बेलामा करोडौंको फूलको व्यापार हुन्छ र आयातसमेत गरेर माग धान्नुपर्ने अवस्था छ । फूलको खेतीमा लाग्नसके युवाहरूलाई यसमा पनि अवसर छ भन्ने यहाँबाट पनि देखिन्छ । त्यसैगरी भाइटीकाको दिन दाजुभाइको दीर्घायुको कामना गर्दै लगाइदिने मखमली फूललाई मायाजस्तै कहिल्यै ओइल्याउँदैन भनेर प्रेमको प्रतिकका रूपमा समेत लिइन्छ ।

अचेल प्रशासनले दुर्घटना बढेको तथा ध्वनि प्रदूषण बढाएकाले पटाका पडकाउन अनि किनबेच गर्न रोक लगाएको छ । नत्रभने यसको झिलीमिली र हल्लाले गाउँसहर नै गुञ्जायमान हुन्थ्यो । तैपनि लुकिछिपी बाल्ने र पडकाउने त भैहाल्छन् । तिहारका बेला लक्ष्मीपूजाको दिन सबैले आफनो घर-पसल, आँगन उज्यालो पार्न अनेकथरी दियो, आधुनिक बिजुली बत्ती आदि बालेर जतिसक्दो चमक ल्याउन र लक्ष्मी आउने भएका कारण समृद्धि बढ्ने विश्वास गर्छन् । तिहारमा बिजुली बत्तीको व्यापार पनि करोडौंमा हुन्छ, तर देखासिकी र अरूभन्दा के कम भनेर अनावश्यक खर्च गर्नु चाहिँ राम्रो होइन ।

तिहारका बेला भारत र नेपालका सहरहरूमा विशेष झिलीमिली हुन्छ । यतिबेला बजार डुल्नुको मज्जा र तरंग बेग्लै हुन्छ । त्यसैगरी लक्ष्मीपूजा र गोरुपुजाको दिन खेलिने देउसीभैलोले समग्र समुदायमै सम्बन्ध र भाइचारा बढाउन टेवा पुऱ्याउँछ । एक-अर्काको घरमा गएर गीत गाउँदै नाचगान गर्दा वातावरण नै रमाइलो हुन्छ र त्यस क्रममा सबै आपसी वैरभाव बिर्सँदै रमाउँछन्, तर हिजोआज संस्कृति कम विकृति बढ्दै गएर यसलाई कमाउने धन्दाका रूपमा लिदै गएको हो कि जस्तो पनि देखिन्छ । सामाजिक कामका लागि देउसी-भैले आयोजित गर्नु त ठिकै हो तर यति दिनैपर्छ भनेर खेल्न जानु र धम्क्याउनु विकृति सिवाय केही होइन । त्यसैगरी तिहारमा गाउँमा विशेष गरेर रुचि भएका पुरुषहरू अनि सहरमा नारी-पुरुषसमेत जुवातासमा भुलिन्छन् । मनोरञ्जनका लागि सामान्य स्तरको खेल खेल्नु मनाशिव होला तर ठूलै रकम हारजित हुने गरी अखडा नै खडा गरेर तनावमा आउने गरी वा घरखेत नै जाने गरी यसमा लाग्नु कसैका लागि पनि राम्रो होइन । प्रहरीले निगरानी गरिरहेको त हुन्छ तर आफू स्वयं आत्मनियन्त्रित भै मनोरञ्जन गर्नु स्वास्थ्यवर्द्धक हुन्छ । अझ पहिले-पहिले त श्रीमतीलाई समेत जुवाको खालमा थापेर हारजित भएको कथा सुन्दा त्यति बेलाको मानवता र सभ्यता कस्तो थियो भनेर आश्चर्यभकित भइन्छ । यो समयमा युवाहरू अनियन्त्रित तवरले मदिरामा डुब्दा, होहल्ला र झगडामा उत्रिँदा गम्भीर प्रकारका हिंसासमेत भएका छन् । आफ्नो, परिवारको तथा समग्र समाजको स्वास्थ्य र शान्तिमा खलल पुग्ने कार्य नगर्न युवाहरू स्वयं सचेत रहन जरुरी छ । तिहारमा पकाइने ताजा सेलरोटी र अन्य मिठाईले खानपानको तौरतरिका र महत्व दर्साउँछन् । ठाउँ र मानिस अनुसारको स्वाद हुने भएकाले आपसमा बाँडेर खानु र कोसेली दिनुको मज्जा बेग्लै हुन्छ ।

यसरी तिहार एउटा चाड भए पनि यसका बहुआयाम छन् । आफ्नो हैसियतअनुसार खर्च गरौं, संयमित भएर खानपान अनि मनोरञ्जन गरौं ।

आहै झिलीमिली झिलिमिली केको झिलीमिली !

Facebook.com/abeeralthapa
Twitter@abeeralthapa

# नेपालीको नाममा
## एउटा अर्को विश्व कीर्तिमान



तस्बिर : नवराज बाल्ले

पोखराथोक पाल्पाका नारायण भट्टराई भलिवलका सामान्य खेलाडी हुन् । भलिबल खेल्नु अघि उनी बललाई औंलामा राखेर घुमाउने प्रयास गर्थे । यसरी बल घुमाउँदा उनलाई रमाइलो लाग्थ्यो । रमाइलोका लागि बललाई औंलामा राखेर घुमाउन गरिएको त्यो प्रयास कुनै दिन विश्व कीर्तिमान होला भन्ने भट्टराई आफैंले पनि सोचेका थिएनन् । त्यही रमाइलोका लागि गरिएको प्रयास १० वर्षपछि विश्व कीर्तिमानमा दर्ता भएको छ ।

हातको एउटा औंलामा बललाई राखेर लामो समय घुमाएको कीर्तिमान भट्टराईको नाममा गिनिज बुक अफ वर्ल्ड रेकर्डस्मा दर्ता भएको हो । वर्ल्ड रेकर्ड अफ गिनिज बुकले गत ८ मे (२५ वैशाख) मा भट्टराईलाई यसबापत प्रमाणपत्र हस्तान्तरण गरिसकेको छ । भट्टराईले हातको एउटा औंलामा बललाई राखेर ११ मिनेट २२ सेकेन्ड घुमाएर उक्त कीर्तिमान कायम गरेका हुन् । यस अघि त्यस्तो कीर्तिमान स्पेनका अल्कारेजको नाममा थियो । अल्करेज स्पेनिस बास्केटबल टिमका राष्ट्रिय खेलाडी हुन् । भट्टराईले अल्कारेजको १० मिनेट ३३ सेकेन्डको कीर्तिमान भंग गरेका थिए ।

१० वर्षदेखि रमाइलोका लागि बललाई औंलामा राखेर घुमाए पनि कीर्तिमानकै लागि भने १५ महिनादेखि मात्र लागि परेको भट्टराई बताउँछन् । ललितपुरको ग्वार्कोमा औषधि पसल सञ्चालन गर्दै आएका भट्टराई विश्व कीर्तिमान कायम भएपछि मेहनत गर्ने हो भने जस्तोसुकै काम पनि गर्न सकिने रहेछ भन्ने आत्मविश्वास बढेको बताउँछन् । त्यही आत्मविश्वासका कारण पहिलो कीर्तिमान राखेको छ महिना नबित्दै भट्टराई अन्य दुई विश्व कीर्तिमान कायम गर्ने क्रममा छन् । गिनिज बुकबाट अब चाँडै नै अन्य दुई विश्व कीर्तिमानको प्रमाणपत्र थाप्ने तरखरमा रहेका भट्टराई भन्छन्- एक महिना भित्र एउटा थाप्छु भने अर्को विश्व कीर्तिमानका लागि दुई महिना जति लाग्छ । भट्टराईले कायम गर्न लागेका थप दुई विश्व कीर्तिमान मध्ये पहिलो पेन्सिलमा बललाई राखेर लामो समय घुमाउने र अर्को हातको एउटा औंलामा लामो समय बिचबल (जिमबल) घुमाउने हो ।

पेन्सिलमा बल राखेर एक हातले घुमाउने यस अघिको कीर्तिमान ३ मिनेटको मात्र छ भने भट्टराईले २९ मिनेट घुमाएर कीर्तिमानको दाबी गरेका छन् । बिचबल घुमाउने कीर्तिमान पनि लामो अन्तरमा तोड्ने तयारीमा रहेको भट्टराईले बताए । त्यसमा अहिले ६ मिनेटको मात्र विश्व कीर्तिमान भएकोमा भट्टराईले १६ मिनेटसम्म घुमाएका छन् । यी दुवै कीर्तिमान हाल भारतीय नागरिकको नाममा छ ।


Multi Skill Technician Training
(Computer, Communication Electronic and Electrical)
100% Job Placement
Tihar Special Offer
Ph: 014241641, 9860089611
Mega Training Center
Bagbazar, Kathmandu



KANTIPUR INTERNATIONAL COLLEGE



Paid Internship
China, UAE, Thailand, Malaysia, India & many more ...
For Hotel Management

Admission Open
We prepare you for success
With experienced, qualified & renowned foreign degree holders professors/lecturere from Australia, Russia, USA, India & multimedia classroom. KIC envision preparing the graduates who want to get ahead in the value of lifelong learning & leadership in global business organization.

BHM — Bachelor of Hotel Management
BHCM — Bachelor of Hospitality & Catering Management
BBA — Bachelor of Business Adminstration
MBA — Master of Business Adminstration
MHHM — Master of Hotel & Hospitality Mgmt.
BID — Bachelor of Interior Design
BE Civil — Bachelor of Civil Engineering
B.Arch — Bachelor of Architecture

International Membership

Kantipur International College

COLLEGE OF MANAGEMENT
Buddhanagar, New Baneshwor
Tel: 4780564, 4783904

COLLEGE OF ENGINEERING
Tel: 5582564, 5582565
www.kantipurinternational.edu.np

नोट: जेहेन्दार तथा विश्वविद्यालय आरक्षित छात्रावृतिको व्यवस्था छ ।



कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल** ।